# कीर्तिपुर नगरपालिका जाखामा बसोबास गर्ने महिलाहरूको शैक्षिक स्थितिः एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय

समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह

समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिको

लागि पेश गरिएको

शोधपत्र


शोधकर्ता

सञ्जु खड्का

रोल नं. १२/०६३

रजिष्ट्रेशन नं. ६-१-४८-१०६५-९९

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वी नारायण बहुमुखी क्याम्पस,

पोखरा


२०७०

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र सुपरीवेक्षणमा **सन्जु खड्का**ले **कीर्तिपुर नगरपालिका जाखास्थित बसोबास गर्ने महिलाहरूको शैक्षिक स्थिति : एक समाजशास्त्रीय अध्ययन** विषयक शोधपत्र तयार गर्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

**अमृत कुमार भण्डारी**

(शोध निर्देशक)

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वी नारायण बहुमुखी क्याम्पस, पोखरा

मिति : २०७०।१२।२८

# स्विकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र/ मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र सुपरीवेक्षणमा सन्जु खड्का ले **"कीर्तिपुर नगरपालिका जाखास्थित बसोबास गर्ने महिलाहरूको शैक्षिक स्थितिः एक समाजशास्त्रीय अध्ययन"** विषयक शोधपत्र आवश्यक मूल्याङ्कनका लागि स्विकृत गर्दछौ ।

मूल्याङ्कन समिति :

..............................

अमृत कुमार भण्डारी
उप-प्राध्यापक
(शोध निर्देशक)

.................................

सहप्रा. ज्योति भट्टचन

(बाह्य परिक्षक)

...........................

शान्ता भुसाल

(विभागीय प्रमुख)

मिति : २०७०।१२।३०

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह (एम.ए.), दोस्रो वर्षको समाजशास्त्र विषयको शोधपत्र लेखन स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूर्ति गर्न यस शोधपत्र तयार गरिएको हो । यो शोधपत्र तयार गर्ने आफ्नो कार्य व्यस्तताका बाबजुद पनि महत्त्वपूर्ण समय उपलब्ध गराई शोधपत्र अध्ययन गरी विभिन्न सल्लाह सुझाव प्रदान गर्दै शोधकार्यमा प्रोत्साहन गर्नु हुने शोध निर्देशक आदरणीय गुरु अमृत कुमार भण्डारीप्रति हार्दिक आभार व्यक्त गर्दै विभागका सम्पूर्ण गुरुहरूप्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छु । यसै गरी यो शोधपत्र तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग, सल्लाह र सुझाव प्रदान गर्नु हुने सम्पूर्ण साथीहरु धन्यवादका पात्र हुनुहुन्छ ।

स्नातकोत्तर पढ्नका लागि प्रेरित गर्ने मेरो बुबा इन्द्र बहादुर खड्का र आमा मङ्गला खड्का तथा श्रीमान् सोभियत ढकाल तथा मेरा सम्पूर्ण घरपरिवार तथा लेखन कार्यमा सुझाव र सल्लाह दिनु हुने सम्पूर्ण सहयोगी महानुभावप्रति आभारी छु । अन्त्यमा यस शोधपत्रलाई सेटिङ, प्रिन्ट, बाइन्डिङ गरी सहयोग गर्ने श्रेष्ठ कम्प्युटर सर्भिसलाई धन्यवाद दिन चाहन्छु ।

मिति : २०७० चैत्र २७

सञ्जु खड्का

शोधकर्ता

# शोधसार

किर्तिपुर नगरपालिका जाखास्थित बसोबास गर्ने महिलाहरूको शैक्षिक अवस्थाको एक समाजशास्त्रीय अध्ययन नामक शिर्षक रहेको यस शोधपत्रको सामन्य उदेश्य भनेको महिलाहरूको शैक्षिक अवस्थाहरूको बारेमा अध्ययन गर्नु हो। यसका विशिष्ट उदेश्यहरूमा अध्ययन क्षेत्रका सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्थाहरू थाहा पाउनु, महिलाहरूको शैक्षिक अवस्था पत्ता लगाउनु, महिलाहरूको शैक्षिक विकासमा आइपर्ने सामाजिक तथा सांस्कृतिक बाधक तत्वहरूको पहिचान गर्नु हो ।

- अनुसन्धानका निमित्त विभिन्न अध्ययन विधिहरूको माध्यमबाट वि.स. २०७० को मंसिर-पौष महिनामा आवश्यक तथ्याङ्कहरू संकलन गरिएको थियो। कीर्तिपुर नगरपालिका वडा नं १२ लाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ। अनुसन्धान योजनाअन्तर्गत वर्णनात्मक तथा अन्वेषणात्मक ढाँचाको प्रयोग गरियो ।
- कूल ४०९ घरधुरीसंख्याको २० प्रतिशत अर्थात् ८० घरधुरी अध्ययनका लागि स्तरीकृत नमूना छनौट विधि (Stratified Sampling method)अपनाइयो। महिलाहरूको विषयमा अध्ययन गरिने विषय भएपनि घरधुरी उत्तरदाताको रूपमा पुरुषहरू पनि छन् ।
- कुल ८० घरधुरी उत्तरदाताहरूमध्ये ४८ जना अर्थात ६०.० प्रतिशत महिला र बाँकी ३२ जना अर्थात ४०.० प्रतिशत पुरुष रहेका छन्। संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरूलाई प्राथमिक तथा द्वितीय दुवै स्रोतबाट सङ्कलन गरिएको छ ।
- अनुसन्धानको निमित्त अन्तर्वार्तासूची, अवलोकन, विशेष व्यक्तिसँगको अन्तर्वार्ता जस्ता प्रविधिको उपयोग गरिएको छ।सङ्कलन गरिएका तथ्याङ्कहरूको गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण र तालिकीकरण गरि विश्लेषणगरिएको छ ।
- अध्ययन क्षेत्रभित्रका महिलाहरू शिक्षित रहेको भए तापनि परम्परागत रुढीवादी सामाजिक मानसिकतामा हुर्केका कारण आफ्नो अधिकारप्रति अनविज्ञ रहेको पाइन्छ ।

- अधिकांश महिलाहरूसँग आयआर्जनको लागि पर्याप्त शैक्षिक ज्ञान तथा सीप छैनन् भने उनीहरू आफ्नो श्रीमान् कै कमाईमा निर्भर रहनु बाध्यता हो जुन नेपाली समाजको एक प्रमुख सामाजिक विशेषताको रूपमा गढेको पाईन्छ ।
- महिलाहरूलाई हे्यको भावले हेर्ने र उनीहरूको क्षमतालाई बेवस्ता गर्ने सामाजिक प्रवृतिका कारण महिलाहरूको शैक्षिक विकासमा बाधा पुगेको छ भने उपलब्ध शैक्षिकस्तर एवं क्षमताको प्रयोगमा धेरै बाधा अवरोधहरू रहेका छन् । घरभित्र र बाहिर गर्नुपर्ने काम पुरुषको तुलनामा धेरै हुनुले पनि शिक्षाले प्रदान गर्ने अवसरहरूबाट महिलाहरू बञ्चित हुनपुगेका छन् ।
- व्यवहारिकरूपमा शिक्षित महिलाहरूसमेत सामाजिक तथा आर्थिक क्षेत्रमा सशक्त भूमिका निर्वाह गर्न नसके पनि महिलाहरूको जीवन र धारणामा शिक्षाले सकारात्मक भूमिका खेलेको छ । अधिकांशको धारणा आत्मनिर्भर बन्नुनै शिक्षाको प्रमुख उदेश्य रहेका छन् । आत्मनिर्भर बन्नु भनेको नै उपलब्ध अवसरहरूको प्रयोगमार्फत जीवनमा गुणात्मक परिवर्तन सृजना गर्नु हो ।
- महिलाहरूको शैक्षिक अवस्थामा अवरोध पुर्याउने तत्वहरूमा घरको आर्थिक अवस्था, उमेर तथा विवाह, घरेलु कार्यबोझ, लैंगिक विभेद, पारिवारिक पृष्ठभूमि, जैविक समस्या, आदि हुन् । जसको आर्थिक अवस्था एवं पारिवारिक पृष्ठभूमि कमजोर छ उनीहरूको शैक्षिक अवस्थापनि कमजोर नै देखिन्छ ।
- आर्थिक दुरास्थाको प्रभाव पुरुषको तुलनामा महिलाहरूमाथि बढी परेको पाइन्छ । छोरा र छोरीले पाउने शैक्षिक अवसर र सुविधामा समेत भेदभाव रहेका छन् । आविभावकनै महिला शिक्षाको प्रमुख निर्णयकर्ता भए पनि नातेदार तथा छिमेकीहरूले समेत छोरीको शैक्षिक मामिलामाथि खेल्नेगरेको पाइन्छ ।

- अर्कोतिर, महिलाहरूले पनि आफ्नो विवाहपछि अध्ययन कार्यलाई निरन्तरता दिएको पाइदैनन् । उच्च शिक्षामा महिलाहरूको सहभागिता न्यून रहे तापनि अन्य तहमा उत्साहजनक छ । यसले विगतको तुलनामा शिक्षामा महिलाहरूको सहभागिता बढ्दै गएको संकेत भने गर्दछ ।

धन्यवाद !

# विषय सूची


| | पृष्ठ |
|---|---|
| **अध्याय एक : परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको महत्व | ६ |
| १.५ अध्ययनको सीमा | ७ |
| १.६ अध्ययनको सँगठन | ८ |
| **अध्याय दुई : सन्दर्भ साहित्यको अध्ययन** | **९-२०** |
| २.१ सैद्धान्तिक दृष्टिकोण | ९ |
| २.२ नेपालीमहिलाहरूको शैक्षिक विकास तथा स्थिति | ११ |
| २.३ पूर्व साहित्य समिक्षा | १८ |
| **अध्याय तीन : अनुसन्धान पद्धति** | **२१-२७** |
| ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य | २१ |
| ३.२ अनुसन्धान ढाँचा | २२ |
| ३.४ समग्रता र नमूना छनौट | २२ |
| ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू | २३ |
| ३.५ तथ्याङ्क सङ्कलनको विधि | २३ |
| ३.५.१ अन्तर्वार्ताअनुसूची | २४ |
| ३.५.२ अवलोकन | २४ |
| ३.५.३ प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता | २५ |
| ३.६ तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण | २५ |

**अध्याय चार : अध्ययन क्षेत्रर उत्तरदाताहरूको सामन्य परिचय** **२६-४६**
४.१ भौगोलिक अवस्थिति २६
४.२ सामाजिक तथा सांस्कृतिक अवस्थिति २७
४.३ घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषता २८
४.३.१जातिगतअवस्था २८
४.३.२ उमेर र लैंगिक संरचना ३०
४.३.३ घरहरूको बनावट ३१
४.३.४ परिवारको किसिम ३२
४.३.५ धार्मिक स्थिति ३३
४.३.६ घरधुरी जनसंख्याको वैवाहिक स्थिति ३५
४.३.७ घरधुरी जनसंख्याको शैक्षिक अवस्था ३६
४.४ घरधुरी जनसंख्याको आर्थिक विवरण ३७
४.४.१ जग्गाजमिनको स्थिति र त्यसको स्वामित्व ३७
४.४.२ पेशागत विवरण तथा आम्दानीका मुख्य स्रोत ३९
४.४.३ पशुपालनको स्थिति ४१
४.५ उत्तरदाताको सामाजिक-आर्थिक विशेषताहरू ४२
४.५.१ उत्तरदाताको उमेर र लिंग ४३
४.५.२ उत्तरदाताको शैक्षिक अवस्था ४३
४.५.३ उत्तरदाताको पेशा ४४
४.५.४ स्थानीय सामुदायिक संघसंस्थाहरूमा उत्तरदाताको आवद्धता ४५

**अध्याय पाँच : महिलाहरूको शैक्षिक अवस्थाको विश्लेषण** **४७-५६**
५.१ अध्ययन क्षेत्रभित्र रहेका शैक्षिक पूर्वाधारहरू ४७
५.२ महिलाहरूको शैक्षिक अवस्था ४८
५.२.१ साक्षरताको स्थिति ४९
५.१.२ जातिगत आधारमा महिलाहरूको शैक्षिक स्थिति ५०
५.३ महिला शिक्षाप्रतिको उत्तरदाताको दृष्टिकोण ५२

५.४ शैक्षिक अवसर तथा सुविधाप्रतिको दृष्टिकोण ५३
५.५ महिला शिक्षाको निर्णयकर्ता ५४

**अध्याय छ : महिला शिक्षामा आइपर्ने बाधक तत्वहरू ५७-६२**
६.१ घरको आर्थिक अवस्था ५८
६.२ उमेर तथा विवाह ५९
६.३ घरेलु कार्यबोझ ५९
६.४ महिलाप्रतिको गलत सामाजिक धारणा ६०
६.५ पारिवारिक पृष्ठभूमि ६१
६.६ जैविक समस्या ६१

**अध्याय सात : सारांश तथा निष्कर्ष ६३-७०**
७.१ सारांस ६३
७.२ निष्कर्श ६९
सन्दर्भसूची

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | जातिगत आधारमा घरधुरी उत्तरदाताहरूको विवरण | २९ |
| ४.२ | उमेर र लिंगको आधारमा घरधुरी जनसंख्याको वितरण | ३० |
| ४.३ | घरहरूको प्रकार एवं बनावट | ३१ |
| ४.४ | घरधुरी उत्तरदाताहरूको पारिवारिक संरचना | ३२ |
| ४.५ | धर्मको आधारमा घरधुरी उत्तरदाताहरूको संरचना | ३४ |
| ४.६ | घरधुरी जनसंख्याको विवाहिक स्थिति (१० बर्ष भन्दा माथि) | ३५ |
| ४.७ | घरधुरी जनसंख्याको शैक्षिक अवस्था (५ बर्षभन्दा माथि) | ३६ |
| ४.८ | घरधुरी उत्तरदाताहरूको जग्गाजमिनको स्थिति | ३८ |
| ४.९ | लैगिंक आधारमा जग्गाजमिनको स्वामित्व | ३९ |
| ४.१० | घरधुरी जनसंख्याको पेशागत विवरण (१० बर्ष भन्दा माथि) | ४० |
| ४.११ | घरधुरी जनसंख्याको मुख्य आम्दानीका स्रोत | ४१ |
| ४.१२ | घरधुरी उत्तरदातासँग रहेको पशुपंक्षीको स्थिति | ४२ |
| ४.१३ | उमेर र लिंगको आधारमाउत्तरदाताको विवरण | ४३ |
| ४.१४ | लैंगिकताको आधारमा उत्तरदाताको शैक्षिक विवरण | ४४ |
| ४.१५ | लैंगिक आधारमा उत्तरदाताहरूको पेशागत विवरण | ४५ |
| ४.१६ | उत्तरदाताको स्थानीय सामुदायिक संघसंस्थागत सहभागिता | ४६ |
| ५.१ | शैक्षिक तहको आधारमा शैक्षिक पूर्वाधारको स्थिति | ४८ |
| ५.२ | उत्तरदाता महिलाहरूको साक्षरताको स्थिति | ४९ |
| ५.३ | जातजाति तथा तहगत आधारमा महिला उत्तरदाताहरूको शैक्षिक अवस्था | ५१ |
| ५.४ | महिला शिक्षा किन भन्ने कुरामा उत्तरदाताहरूको धारणा एवं बुझाई | ५२ |
| ५.५ | महिला शिक्षा किन भन्ने कुरामा उत्तरदाताहरूको धारणा एवं बुझाई | ५३ |
| ५.६ | महिलाले पाउने शिक्षाको निर्णयकर्ता | ५५ |
| ६.१ | महिलाले पाउने शिक्षाको निर्णयकर्ता | ५७ |

# चित्र सूची


| चित्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | घरधुरी उत्तरदाताहरूको पारिवारिक संरचना | ३३ |
| ४.२ | धर्मको आधारमा घरधुरी उत्तरदाताहरूको संरचना | ३४ |
| ४.३ | घरधुरी जनसंख्याको शैक्षिक अवस्था (५ बर्षभन्दा माथि) | ३७ |

## अध्याय एक
## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा सामाजिक परिवर्तनको वाहक हुनुका साथै सामाजिक मान्यताहरूको संरक्षण र सुधारको वाहक पनि हो । शिक्षा त्यस्तो सशक्त माध्यम हो, जसबाट सभ्य समाजप्रति उत्तरदायी व्यक्तिहरू तयार गर्नुको साथै उक्त समाजकोविकास तथा सुधारमा ठूलो टेवा मिल्दछ (अधिकारी, २०४६) ।

नेपाल सरकार शिक्षा मन्त्रालय "सबैका लागि शिक्षा", "जीवनपर्यन्त शिक्षा" जस्ता नारालाई वास्तविकतामा परिवर्तन गर्न र गुणात्मक वृद्धि गर्दै लैजाने उद्देश्यले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण १९९९-२००४) लागू गरेको थियो । यसले आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथमका उपलब्धीहरूको समीक्षा गरेर आगामी कार्यक्रमहरूलाई ४० जिल्लाबाट बढाई ७५ वटै जिल्लामा पुर्‍याउने लक्ष्य अनुसार क्रमशः पहिलो वर्ष ४८ जिल्ला, दोस्रो वर्ष १२ जिल्ला र तेस्रो वर्ष बाँकी १५ जिल्लामा यो कार्यक्रम संचालन गरिएको छ। समुदायमा शिक्षाप्रति जनचेतना जगाउने उद्देश्यले समदाय परिचालन कार्यक्रम र निरक्षर जनसमूहलाई साक्षर गराउने उद्देश्यले साक्षरता कार्यक्रम संचालन गरेका छन् (शिक्षा मन्त्रालय/आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, २०६०) ।

महिलाको मौलिक हक तथा मानव अधिकारको संरक्षण गरी देश विकासमा महिलाको सक्रिय सहभागिता गराउने उद्देश्यले स्थापना भएको राष्ट्रिय महिला आयोगले उक्त उद्देश्य परिपूर्तिको निमित्त महिला शिक्षाको अपरिहार्य आवश्यकतालाई स्वीकार गरी यस आयोगका आगामी कार्यक्रमको प्राथमिक क्षेत्रमा "महिला र शिक्षा" लाई पनि उल्लेख्य रूपमा समावेश गराइएको छ (राष्ट्रिय महिला आयोग, २०६८) भने अनौपचारिक शिक्षा

केन्द्रले पनि प्रौढ साक्षरता कार्यक्रम, महिला साक्षरता प्रथम, महिला साक्षरता दोस्रो, साक्षरोत्तर कार्यक्रम, वैकल्पिक विद्यालय कार्यक्रम जस्ता कार्यक्रमहरू संचालन गरी महिला शिक्षालाई योगदान दिँदै आइरहेको छ (अनौपचारिक शिक्षा केन्द्र, २०५९) ।

नेपाल सरकार शिक्षा तथा खेलकूँद मन्त्रालय, शिक्षा विभाग, अन्तर्गत महिला शिक्षा शाखाले पनि महिलाकोशैक्षिक उत्थान र विकासको निमित्त विभिन्नकार्यक्रमहरू संचालन गर्दै आइरहेको छ, जस अनुसार राष्ट्रिय छात्रवृत्ति कार्यक्रम, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम लगायत अन्य विविध कार्यक्रमहरू समावेश गरिएको छ (शिक्षा मन्त्रालय, २०६०) भने छात्राको न्यून सहभागिता र नियमिततामा सुधार ल्याउन प्रत्येक प्राथमिक विद्यालयमा न्यूनतम एकजना महिला शिक्षिकाको दरबन्दी रहने व्यवस्था शिक्षा नियमावली २०४९ को नियम १४७ मा गरिएको छ ।

महिलाको शैक्षिक अवस्थामा सुधार ल्याई नेपालको दीर्घकालीन राष्ट्रिय योजनाको अवधारणामा लैङ्गिक समानतालाई सुनिश्चित गर्न र महिला दलित, अपाङ्ग र पिछडिएका वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरूको पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्ने लक्ष्य तेह्रौयोजनामा पनि उल्लेख गरिएको छ (राष्ट्रिय योजना आयोग, २०७०) ।तेह्रौयोजनाको क्षेत्रगत अवधारणा अन्तर्गत महिला शिक्षाको सम्बन्धमा भनिएको छ । लैङ्गिक समानता र महिला सशक्तिकरणको उद्देश्य हासिल गर्ने महत्वपूर्ण माध्यम शिक्षा हो, तर शिक्षाक्षेत्रमा ठूलो लैङ्गिक दूरी रहेको छ । महिला साक्षरतामा कमी, छात्राहरूको भर्ना दरमा कमी, प्राविधिक शिक्षामा महिला सहभागितामा कमी, पढाई छोड्ने छात्राको संख्या बढी, महिलाको निमित्त खेलकुँद क्लवहरूको संख्यामा कमी, कुल शिक्षक संख्यामा २६ प्रतिशत मात्र महिला शिक्षिका रहेको जस्ता वर्तमान अवस्था रहेको छ । तसर्थ यिनको सुधार गर्न सम्बन्धितक्षेत्रहरू बीच नीतिगत र कार्यगत समन्वय बढाई लैङ्गिक अन्तर कम गर्ने नीति अवलम्वन गरिने छ । यस सन्दर्भमा महिला शिक्षा माध्यमिक स्तरसम्म अनिवार्य गर्ने, पाठ्यक्रममा लैङ्गिक दृष्टिकोण समावेश गर्ने, महिला छात्रवृत्ति तथा महिला छात्रावासको विस्तार गर्ने जस्ता कार्यक्रमहरू संचालन गरिने छ । साथै तालिम र व्यवस्थापन हस्तान्तरण गर्नु पर्दा महिलाको सहभागिता तथा लैङ्गिक

संवेदनशिलताको विषय समाहित गरिनुपर्ने, विद्यालय नपठाउनुलाईसामाजिक अपराध मान्नुपर्ने, सुत्केरीको कारण परीक्षा दिन छुटेका छात्राहरूको लागि निश्चित समयभित्र परीक्षा लिने व्यवस्था हुनुपर्ने र महिलाको निमित्त छुट्टै राष्ट्रिय खेलकुँद आयोजना गर्नुपर्ने आवश्यकता देखिन्छ ।

माथिको छलफलले के देखाउँछ भने नेपाल सरकारले महिला शिक्षाको क्षेत्रमा विभिन्न अवसरहरू प्रदान गरेको छ । शिक्षाको समूचित विकासको निमित्त नेपाल सरकारले प्रशस्तै लगानी गरेको पाइन्छ । महिला शिक्षाको निमित्त यथेष्ट रकम परिचालनमा क्रमशः वृद्धि हुनुले सकारात्मक संकेत दिएको भनेशिक्षाक्षेत्रमा सरकारले समुचित लगानी गरी शैक्षिक कार्यक्रमहरूलाई सर्वोपरि महत्वदिएको प्रष्ट हुन्छ ।

नेपालमा राज्यले तय गरेको योजना तथा नीतिहरूको प्रभाव शैक्षिक सहभागिता बढाउने सन्दर्भमा सहयोगी देखिए पनि वर्तमान समयमा महिलाहरूको शैक्षिक स्थितिको बारेमा अध्ययन हुनुपर्दछ । शैक्षिक क्षेत्रमा समग्र महिलाहरूको सहभागितामा आइपर्ने बाधक तत्वहरूको पहिचान गरिनु पर्दछ । उक्त बाधक तत्वहरूलाई न्यूनिकरण गर्न थप शैक्षिक कार्यक्रमहरूको विकास एवं सञ्चालन गरी महिलाको शैक्षिकस्तरलाई सुधार गर्न सकिन्छ । प्रस्तुत शोधकार्यले नेपाली महिलाहरूका शैक्षिक स्थितिहरूको बारेमा खोजमुलक अध्ययन गर्नेछ । शैक्षिक विकासमा महिलाहरूको सहभागितालाई बञ्चित गराउने सामाजिक तथा साँस्कृतिक चुनौतीहरूको विश्लेषण समेत गर्नेछ ।

## १.२ समस्याको कथन

नेपालजस्तो विकासोन्मुख देशमा महिलावर्ग अझै अशिक्षा र अज्ञानताको अन्धकारमा रहनाले एकातिर पारिवारिक सुख, सुविधा र सन्तुष्टिको स्थितिबाट बञ्चित छन् भने अर्कोतिर यसले देश विकासमा ठूलो अवरोध ल्याएको छ । CBS (2011)का अनुसार कुल जनसंख्याको ५१.४% महिलाको जनसंख्या भए पनि महिला साक्षरता (५७.४%) भने पुरुषको (७५.१%) तुलनामा अत्यान्तै थोरै रहेको छ । महिला शिक्षित भएमा मात्र सामाजिक सुधार हुनाका साथै राष्ट्रको उत्थान हुने हुनाले उनीहरूको पछौटेपन हटाउन

जरुरी छ। शिक्षा विना मानिसमा बौद्धिक तथा आन्तरिक गुणको विकास हुन सक्दैन। साथै अशिक्षित व्यक्तिहरूभएको देशमा कुनै पनि विकास सम्भव हुन सक्दैन। त्यसैले पुरुष सरह महिलाहरू पनि शिक्षित भई देशको प्रगतिको पथमा लम्किनु आवश्यक देखिन्छ।

नेपालमा पुरुषको तुलनामा महिलाको शैक्षिकस्तर कम हुनुमा महिलाहरू घरायसी काम र कृषिमा बढी समय बिताउने भएकोले शिक्षा र ज्ञान बटुल्ने काममा पछि परेका देखिन्छन्। अर्कातिर छोरी अर्काको घरमा जाने जातलाई किन खर्च गर्ने ? जस्ता रुढीगत संस्कार पनि जिम्मेवार तत्वको रूपमा रहेको छ। शिक्षा तथा अवसरको कमिले महिलाहरू नीति निर्माण गर्ने र निर्णायक क्षेत्रमा पुग्न सकेका छैनन्। वास्तवमा न्यून शैक्षिक अवस्थाले महिलाहरूको सीप र क्षमतालाई सीमित पार्नेमात्र नभई उनीहरूको स्वास्थ्यका साथै सार्वजनिक क्षेत्रमा हुने क्षमतापूर्ण सहभागिता, कानूनी हकको अभ्यास, संवैधानिक हक खोज्ने काममा समेत अवरोध ल्याउँछ। महिलाको शैक्षिक स्थिति उच्च भएको खण्डमा महिला र पुरुषको स्थिति लगभग उस्तै देख्न सकिन्छ। अशिक्षाको कारण महिलाहरू पुरुषमा निर्भर रहनु परेको छ। शिक्षाको अभावमा महिलाहरू आत्मनिर्भर हुन सकेका छैनन्। नेपाली महिलाहरू अशिक्षाको कारण हीनतावोधको शिकार भएका छन्। वर्तमान अवस्थासम्म पनि महिलाहरूको शैक्षिक अवस्थामा खासै सुधार हुनसकेको छैन (Shrestha, 1994)।

शिक्षामा लैङ्गिक समानता आजको आवश्यकता हो, जसको परिपूर्ति महिलालाई शैक्षिक क्षेत्रमा आवद्ध गराउन सकेमात्र हुन सक्छ। महिलाप्रतिको भेदभावजन्य व्यवहारले शैक्षिक अभिवृद्धिको विषय उपेक्षित बनेको छ। शिक्षामा सबैको पहुँच र सहभागिता नहुँदा सामाजिक साँस्कृतिक भेदभाव, आर्थिक असमनता, लैङ्गिक विभेद जस्ता विसंगतिहरूको जन्म हुनुको साथै अवसरहरूमा पहुँच नहुने अवस्थाको सृजना हुने गर्दछ। महिलालाई विकासको मूल प्रवाहको निर्णय तहमा सहभागी नगराउञ्जेल लैङ्गिक समानताले कदापि पूर्णता प्राप्त गर्न सक्दैन (बराल, २०६०)।

अशिक्षाको कारण महिलाहरू पुरुषमा निर्भर रहनु परेको छ । शिक्षाको अभावमा महिलाहरू आत्मनिर्भर हुन सकेका छैनन् । नेपाली महिलाहरू अशिक्षाको कारण हीनता वोधको शिकार भएका छन् । यस अवस्थाबाट मुक्ति पाउन र देश विकासमा महिला सहभागिता बढाउन महिला शिक्षामा जोड दिई रोजगारमूलक र व्यवसायिक शिक्षा दिनु आवश्यक छ (Shrestha, 1994) ।

तथापि, महिला शिक्षाका लागि आवश्यक योजना निर्माण तथा कार्यान्वयन गर्नु पूर्व यसका वास्तविक समस्याहरू पहिचान गर्न जरुरी हुन्छ, जुन कार्य अनुसन्धानको प्रमुख विषय हो । विभिन्नअध्ययन तथा प्रतिवेदनहरूका आधारमा यो निष्कर्ष निकाल्न सकिन्छ कि पुरुषहरूको तुलनामा महिलाहरूको शैक्षिक अवस्था कमजोर छ । सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा उनीहरूको सहभागिता कम छ । सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट यस अवस्थामा परिवर्तन ल्याउनका लागि प्रशस्तै कार्यहरूगरिएका छन् । तर अपेक्षित परिणाम हासिल हुन सकिरहेको छैन ।यस शोध कार्यले महिलाकोशैक्षिक स्थिति तथा महिला शिक्षाका बाधक तत्वहरूको पहिचान गरी वास्तविक समस्या केलाउने प्रयास गरिएको छ ।सर्वप्रथम,अध्ययन क्षेत्रभित्रका घरधुरी उत्तरदाताहरूको वस्तुस्थिति र महिलाहरूको वास्तविक शैक्षिक अवस्था के छ ?भन्नेकुराको अध्ययनविश्लेषण गरिएको छ । वास्तविक शैक्षिक अवस्थाको जानकारी बिना उत्तरदाताहरूको साक्षरताको स्थिति, शिक्षाप्रति उनीहरूको धारणा, महिला शिक्षाको विषयमा निर्णायक भूमिका र महिला शिक्षालाई प्रभाव पार्ने बाधक तत्वहरूको बारेमा निर्क्यौल गर्न सकिंदैन । त्यसैगरी, महिलाहरूमा पनि कुन उमेर समूह र जातजातिका महिलाहरूको शैक्षिक अवस्था के कस्तो छ?भन्ने तथ्य यस शोधले पत्ता लगाएको छ। धेरै अध्ययनहरूको निष्कर्षले कुन उमेर र जातजातिका महिलाहरूशैक्षिक अवसरबाट बञ्चित छन् भन्ने तथ्य औंल्याएको देखिंदैन । यसका पछाडि ती अध्ययनहरूले समग्र महिलाहरूको अवस्थालाई एकै रूपमा प्रस्तुत गर्नु हो ।महिलाहरूलाईशैक्षिक अवसरबाट बञ्चित गर्ने तत्वहरू पहिचान गर्न जरुरी छ। अन्यथा शैक्षिक अवसर सृजना गर्ने कुनै पनि योजना तथा कार्यक्रमहरू प्रभावकारी हुन सक्दैनन् ।

उपरोक्त समस्याका कथनहरूमा केन्द्रित रही यो शोधकार्य तयार गरिएको छ। किर्तिपुर नगरपालिकाको जाखा स्थित बसोबास गर्ने महिलाहरूको शैक्षिक स्थितिको एक समाजशास्त्रीय अध्ययन नामक शीर्षक राखी तयार पारिएको यो शोधमा अध्ययनसँग सम्बन्धित निम्न मूलभूत अनुसन्धान प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको थियो ।

- अध्ययनक्षेत्रको सामाजिक तथा आर्थिक वस्तुस्थिति के कस्तो अवस्थामा रहेका छन् ?
- महिलाहरूको शैक्षिकस्थिति के र कस्तो अवस्थामा रहेका छन्?
- महिलाहरूको शैक्षिकउन्नतीलाई प्रभावित पार्ने के कस्ता सामाजिक तथा सांस्कृतिक तत्वहरूजिम्मेवार रहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययनको सामन्य उदेश्य भनेको काठमाण्डौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं १२ स्थित बसोबास गर्ने महिलाहरूको शैक्षिक अवस्थाहरूको बारेमा अध्ययन गर्नु हो । यसका विशिष्ट उदेश्यहरू निम्न अनुसार रहेका छन् :

- अध्ययनक्षेत्रका महिलाहरूको शैक्षिकअवस्था विश्लेषण गर्नु, र
- महिलाहरूको शैक्षिकविकासमा आइपर्ने सामाजिक तथा सांस्कृतिक बाधक तत्वहरूको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

समाजमा रहेका धर्म र संस्कारहरूलाई महिलाहरूले पुर्ण रूपमा पालना गरेको छ। पितृसत्तात्मक मूल्य, मान्यता एवं परम्परागत सामाजिक संरचना नेपाली समाजको याथर्थता हो। वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवं परिष्कृत भइसकेको सन्दर्भमा महिलाहरूलाई हेरिने सामाजिक दृष्टिकोणमा समेत आजभोली परिवर्तन आउन थालेको देखिन्छ। यसैले आधा धर्ती ओगटेका महिला वर्गको शैक्षिक उत्थान र विकास गर्नु अपरिहार्य छ। त्यसैले पनि महिला वर्गलाई शिक्षित एवम् जागरुक बनाउनु अति आवश्यक भइसकेको अवस्थामा उनीहरूप्रति थोपरिने घरेलु काम, दुर्व्यवहार, असमान

शैक्षिक अवसर तथा त्यसको प्रभाव र महिलाहरूप्रति गरिने व्यवहारहरूको अध्ययन हुनु अत्यन्तै महत्वपूर्ण रहेको छ ।

योअध्ययनकाठमाडौँ जिल्लाकोकीर्तिपुर नगरपालिका वडा नं १२, जाखा स्थित बसोबास गर्ने महिलाहरूको शैक्षिक अवस्थाहरूको बारेमा केन्द्रीत रहेको छ । प्रस्तुत अध्ययनको क्षेत्र भौगोलिक रूपमा सानो भए पनि यसले सम्पूर्ण नेपाली ग्रामीण महिलाहरूको प्रतिनिधित्व गर्दछ । तसर्थ यो अध्ययनकोनिष्कर्षले सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट भविष्यमा बन्ने शैक्षिकनीति तथा कार्यक्रमहरूका लागि सहयोग गर्दछ । किनभने यस अध्ययनमा महिला शिक्षा रत्यसका बाधक तत्वहरूको वास्तविक पहिचान गरिएको छ । त्यसैगरी जातिगत र तहगत आधारमा महिलाहरूको शैक्षिक अवस्थाको खोज अन्वेषण पनि गरिएको हुँदा लक्षित वर्ग तोकि उपयोगी शैक्षिक कार्यक्रम निर्माण गर्नमा यो अध्ययनलेथप सहयोग गर्दछ । महिला शिक्षामा गुणात्मक परिवर्तन ल्याउन महिलाहरूको शैक्षिक विकासका लागि सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रबाट के कस्ता कुराहरूमा सम्बोधन हुनु पर्दछ भन्ने कुराहरूको बारेमा विश्लेषण समेत गरिएको हुँदा योअध्ययनमहत्वपूर्ण भएको छ ।

योअध्ययन भविष्यमा गरिने अनुसन्धानात्मक कार्यहरूका लागि समेत महत्वपूर्ण स्रोत हुन सक्दछ । स्थलगतअध्ययन मार्फत् उपयुक्त शोधविधिहरूको प्रयोग गरी अध्ययन गरिएको छ । वास्तविक सूचना एवं तथ्यांकहरू संकलन भएका कारण अन्य अनुसन्धानकर्ताहरूलाईवास्तविक तथ्यको जानकारी मिलेको छ ।

## १.५ अध्ययनको सीमा

जुनसुकै विषयबस्तुहरूमा गरिने अध्ययन तथा अनुसन्धानहरूको आ-आफ्नै सीमा तथा कमीकमजोरीहरूहुन्छन् । यही सिमाहरूको आधारमा अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य सदैव निश्चित अवधि, निश्चित ठाउँ र निश्चित उदेश्य प्रापत गर्न गरिने कार्य भएको हुदां अनुसन्धान कार्यको मूल्य, मान्यता एवं आधारणा अवश्य हुन्छन् । यस शोधपत्रमा पनि अध्ययनको लागि आवश्यक पर्ने स्रोतसाधन र समयको सिमितताको कारण केही सीमा तथा कमजोरीहरू अवश्य रहेका छन् ।

खासगरी यो अनुसन्धान समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । काठमाडौं जिल्लाकोकीर्तिपुरनगरपालिका वडा नं. १२ स्थित जाखा टोलका महिलाहरूको शैक्षिक स्थिति सम्बन्धमा मात्रै यो अध्ययन सिमित गरिएकोले यो अनुसन्धानबाट निस्कने निष्कर्ष अन्य ठाउँका महिलाहरूको शैक्षिक स्थितिसँग दाँजेर हेर्न नमिल्ने पनि हुन सक्दछ ।

## १.६ अध्ययनको सँगठन

अध्ययनबाट संकलित तथ्यांकहरूको विवरणलाई सँगठितरूपले प्रस्तुत गरिएको छ । त्यसलाई जम्मा छवटा अध्ययमा वर्गीकरण गरिएको छ। जस्तै पहिलो अध्ययमा अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य र अध्ययनको महत्वलाई लिपीबद्ध गरिएको छ। त्यसैगरी पूर्व साहित्यको पुनरावलोकनलाई दोस्रो अध्ययमा प्रस्तुत गरिएको छ भने अनुसन्धान गर्दा अध्ययन क्षेत्रमा अपनाइएका योजना तथा विधिहरूलाई तेस्रो अध्ययमा राखिएको छ ।

चौथो अध्यायमा अध्ययन क्षेत्रका परिचयर सामाजिक तथा आर्थिक विशेषताहरूलाई प्रस्तुत गरिएको छ। पाँचौ अध्ययमा भने अध्ययनको मुख्य विषयवस्तु महिलाहरूको शैक्षिक अवस्थाबारे विश्लेषण गरिएको छ। छैटौ अध्यायमा महिला शिक्षाका बाधक तत्वहरूको बारेमा उत्तरदाताहरूसँगको अन्तर्क्रियाबाट पत्ता लागेका सूचना एवं तथ्यांकहरूको बारेमा विस्तृत विश्लेषण गरिएको छ भने अन्तिम अर्थात् सातौ अध्यायमा भने अध्ययनको संक्षिप्त विवरण तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको अध्ययन

कुनै पनि विषयमा शोधकार्य गर्दा सम्बन्धित विषयसँग मिल्दाजुल्दा विषयहरूमा भएको अध्ययनहरूलाई नियाल्नु पर्दछ वा तिनीहरूबाट जानकारी लिनु आवश्यक हुन्छ । पूर्व अध्ययनहरूको पुनरावलोकनले अध्ययन कार्यलाई अगाडि बढाउनको लागि सैद्धान्तिक ज्ञान तथा मार्गनिर्देशन प्राप्त हुनुका साथै अध्ययनले के कुरा पत्ता लगाउन सक्छ भन्ने सम्बन्धमा थप जानकारी दिने गर्दछ ।

## २.१ सैद्धान्तिक दृष्टिकोण

आज विज्ञानको विकासको साथसाथै विनासका सम्भावनाहरू पनि विकसित हुँदै गईरहेको सन्दर्भमा महिलावादीहरू वढी चिन्तित देखिन्छन । विज्ञानले वातावरणमाथि पारेका नकारात्मक प्रभावको परिणामस्वरूप महिलाहरू बढी नै प्रभावित बनेको तथ्यलाई महिलावादीहरूले अगाडि सारेका छन् । समकालिन महिलावादी सिद्धान्तहरूमाः-उदार महिलावाद (Liberal Feminism) मार्क्सवादी महिलावाद (Marxist Feminism), आमूल महिलावाद (Radical Feminism), समाजवादी महिलावाद (Socialist Feminism), मनोविश्लेषक महिलावाद (Psycho Analytic Feminism) आदि प्रचलनमा रहेका छन् ।

महिलाका सम्बन्धमा Women In Development (WID), Women And Development (WAD),र Gender And Development (GAD) जस्ता अवधारणाहरू विकास भएका छन् । विकासमा महिला (WID) खासगरी अमेरीकी उदारवादी महिलाहरूले सन १९७० को दशकपछि अघि सारेको अवधारणा हो । महिलाको विद्यमान अवस्थामा सुधार ल्याउन महिलालाई विकास योजनाहरूमा सहभागी गराउनु, स्रोतहरूमाथि महिलाहरूको पहुँच बढाउनु, महिला शिक्षा र स्वास्थ्यमा जोड दिनुपर्ने कुरालाई जोड दिन्छ । विशेषगरी विकास प्रक्रियामा ग्रामीण महिलाहरूलाई एकीकृत गराउन सके महिलाहरूका समस्या धेरै

जसो सवालमा समाधान हुने निष्कर्ष यस अवधारणाले गरेको छ। त्यसैगरी महिला र विकास (WAD)को अवधारणा सन् १९७० को दशकको उत्तरार्धमा विकास भएको हो भने सामाजिक लिङ्ग र विकास (GAD) को अवधारणा सन् १९८० को दशकमा WID रWAD को कमजोरी पक्षलाई सच्याउने क्रममा फराकिलो अवधारणा आएको हो। यस अवधारणाले आधुनिकीकरणको सिद्धान्तले आत्मसाथ गरेको विकासको प्रकृया जुन माथिवाट तल जाने संयन्त्रमा आधारित थियो, त्यसको विरुद्धमा तलवाट माथि जाने संयन्त्रलाई जोड दिन्छ। विशेषगरी यो समताउन्मुख सिद्धान्तमा आधारित छ। यसले समानता र समता दुवै पक्षलाई महत्व दिदै न्ययिक समताले लैङ्गिक विभेदको अन्त्य गर्न सक्दछ भन्ने मत राख्दछ। अर्का तिर कल्यणकारी अवधारणा तथा आधारभुत आवश्यक्ता परिपुर्ति र गरिवी उन्मुख अवधारणालाई पनि जोड दिन्छ।

परम्परागत दृष्टिकोणबाट महिलाहरूलाई केवल बालबच्चा जन्माउने, हुर्काउने, खाना बनाउने अथवा घरायसी कार्यमा मात्र सिमित गरिने परिपाटी थियो। महिलामाथि हुने बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिवेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्वहरू हुन् जुन महिलाले सहदै आएको थियो। सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई Physical Sexual/Psychologicalरूपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन् गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिन्छ भने त्यो महिलामाथिको भेदभाव हो (Beijing Declaration, 1995)।

Bhasin (1993) को भनाईमा विश्वव्यापी रूपमा लैङ्गिक असमानता भएको पाइन्छ। 'Gender' भन्नासाथ सामाजिक, साँस्कृतिकरूपले निर्माण भएको अवधारणा हो र हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक-फरक निर्धारण गरिएको हुन्छ। समाजद्वारा निर्मित सामाजिक 'लिङ्ग' जन्मजात विभेद भएर आएको होइन। यो त केवल महिलाहरूलाई पुरुष अधीनस्थ गराउने र घरायसी कार्यमा मात्र सिमित गरी श्रम शोषण गरिने पितृसतात्मक सामाजिक संरचनाको सोचमात्र रहेको कुरामा उनको जोड रहेको छ।

यिनै सैद्धान्तिक कुराहरूलाई आधार मानेर विभिन्न वैचारिक र रणनैतिक पक्षका साथ महिला आन्दोलनहरू अगाडि बढेका छन् । यसै क्रममा सन् १९३० मा महिलावादीको पहिलो धार विकास भयो जहाँ अमेरिकी महिलाहरूले दासताका विरुद्धमा आवाज उठाएका थिए भने दोस्रो धार सन् १९६० को दशकमा विकास भयो । यसै समयमा विभिन्न महिलावादी सिद्धान्तको विकास भयो । यस अर्न्तगत आमूल र समाजवादी नारिवादी विश्लेषण पर्दछन् । सन १९८० को दशक पछि विकास भएको महिलावादको तेस्रो धारमा महिलाका विषयलाई सरोकार राखेर हेर्ने विद्वत् वर्गको विकास भयो । यो धार आधुनिक महिलावादी आन्दोलनसँग सरोकारित रहेको छ । यसले समाजमा बढी दमित, शोषित र मूल प्रवाहबाट बाहिरिएका समुदायका महिलाको अवस्थालाई अन्तरसम्वन्धित गरी महिला अधिकारका मुद्दालाई उठाउनु पर्ने र विश्वव्यपी रूपमा विकास भएको उत्पादन व्यवस्था वितरणको परिपाटी र त्यसले समाजमा पारेको प्रभावका सम्बन्धमा बसेर लैङ्गिक कार्यको व्याख्या र विश्लेषण गर्नुपर्छ भन्ने मत यसमा पाइन्छ । साथै समाजमा महिलामाथि हुने भेदभाव पनि फरक फरक हुने कारण वृहत् संरचना भित्र बसेर समुदायका जाति, प्रजाति, लिङ्ग, अर्थव्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक सवालको रूपमा वुझ्नु पर्दछ भन्ने धारणा रहेको छ (Ritzer, 1996)।

## २.२ नेपालीमहिलाहरूको शैक्षिक विकास तथा स्थिति

नेपाली समाजको सामाजिक संरचनालाई अध्ययन गर्ने हो भने महिलाहरूको हैसियत हरेक क्षेत्रमा पुरुषको तुलनामा न्यून रहेको छ । कूल जनसङ्ख्याको ५१.५ प्रतिशत हिस्सा ओगटेका महिलाहरू समाज र राज्यका हरेक क्षेत्रमा उनीहरूको उपस्थिति न्यून छ (CBS, 2011)। अहिले पनि नेपाली ग्रामीण समाजमा छोरी दायित्व हो, नासो हो, ऊ विवाहपछि अरुको घरमा जान्छे भन्ने मानसिकता कायम रहेको कारण उनीहरूमाथि सामाजिक अपहेलना एवं दुर्व्यवहारहरू हुने गर्दछन् । त्यसैले छोरीको पठनपाठनमा छोराको जति महत्व नदिनु पनि एक प्रकारको सामाजिक भेदभावपूर्ण व्यवहार हो । जबसम्म छोराछोरी दुवै बराबरी हुन् भन्ने मानसिकता व्यवहारमा विकास हुदैन तबसम्म महिलाहरूसामाजिक-सांस्कृतिक, आर्थिक र शैक्षिक क्षेत्रमा पछाडि परिरहने निश्चितप्राय छ ।

नारी शिक्षाप्रतिको ऐतिहासिक दृष्टिकोणलाई नियाल्ने हो भने हिन्दू धर्मशास्त्रकालमा नारीको स्थान कस्तो थियो भनेर हेर्नुपर्ने हुन्छ, किनकि हाम्रो समाजमा हिन्दु धर्मशास्त्रकै ठूलो प्रभाव रहेको छ। वैदिक संस्कृतिमा नारी चेतना वा नारी शिक्षाको स्थान अत्यन्तै उच्च थियो भन्ने कुरा वेदका मन्त्रहरू साक्षात्कार गर्ने ऋषिहरूमा नारी ऋषिकाको संख्या पनि उल्लेखनीय मात्रामा रहेबाट स्वतः स्पष्ट हुन्छ। ती महान महिला ऋषिकाहरू घोपा, आपाला, वागम्भृणी, गार्गी आदिको नाम उल्लेख्य रूपमा लिनुपर्ने हुन्छ, तापनि कालान्तरमा ठूला रुखका ऐजेरु आए झैँ वैदिक समाजमा स्त्री शिक्षाप्रति उदासिनता बढ्दै गयो र क्रमशः स्त्रीले वेद पढ्न हुन्न, स्त्री र शूद्रले वेद पढे दण्ड दिनु पर्दछ भन्ने जस्ता कतिपय कुराहरूसँगै जोडिएर आए (पोखरेल, २०६०)।

हिन्दू धर्मका धार्मिक ग्रन्थ देववाणीहरूलाई पढ्न र सुन्न शूद्र जातिलाई निषेध गरिएको छ। परम्परागत धारणामा स्त्री जातिलाई शूद्रको रूपमा हेरिने हुनाले वेद पढेको सुन्न महिलालाई निषेध गरिएको हो (पौडेल, २०५८) भन्ने विचार राखिए पनि वेदका ऋषिकाहरूको गणना गर्दा नारीहरूको संख्या ५० को हाराहारीमा पर्न आउँछ। वास्तवमा वैदिककालमा नारी नै मन्त्रदृष्टा भएपछि ती मन्त्रहरूलाई नारी जातिले पढ्न हुन्न भन्नु सरासर गलत हो। हिन्दू धर्मका प्रणेता महर्षि मनु आमाको आचार, विचार र भोजनको गर्भदेखि नै तिनीहरूका बालकमा प्रभाव पार्ने मान्यता राख्दछन्।

नेपालको इतिहासलाई पल्टाएर हेर्दा यहाँ पनि विभिन्न कालखण्डहरूमा महिलाहरूले आन्दोलन गर्दै आइरहेको पाइन्छ। राजा मानदेवकी आमाले सतीजाने परम्पराको विरुद्धमा निर्णय लिएर अप्रत्यक्ष रूपमा भए पनि महिला आन्दोलनको जग बसालेकी थिइन्। राजनीतिक रूपमा समय समयमा यस्ता आन्दोलनहरू भइरहेपनि शैक्षिक क्षेत्रमा भने नेपाली नारीहरूले धेरै समयसम्म कुनै आन्दोलन र शैक्षिक उपलव्धी हात पार्न सकेनन्। हुन त नेपालमा माथिल्लो वर्गका महिलाहरूले धेरै अगाडिदेखि नै अनौपचारिक शिक्षाको मौका पाएका थिए। तैपनि न त त्यसको औपचारिकता नै थियो न त महिला शिक्षाको पक्षमा उनीहरूले कुनै भूमिका नै निभाउन सके। सर्वप्रथम सन् १९१४ मा दूर्गादेवी

आचार्य दीक्षितले “महिला शिक्षा” नामक पुस्तक प्रकाशित गरी खुला रूपमा महिलालाई उत्साहित गरी शुरु गरेको महिला जागरणको यात्रा विविध उतार चढाव र प्रगतिहरू गर्दै यहाँसम्म आइपुगेको छ (भट्टराई, २०५२) ।

नेपालमा महिला शिक्षाको औपचारिक शुरुवात राणा प्रधानमन्त्री वीर शमशेरको पालामा भारतबाट गंगावाई आएर ठमेलमा आधारभूत प्राथमिक शिक्षाको शुरुवात गरेबाट भएको हो । वि.सं. १९८० मा प्रधानमन्त्री चन्द्र शमशेरले काठमाडौंको ढोकाटोलमा कन्या पाठशालाको स्थापना गरी महिलाहरूलाई विद्यालय शिक्षा दिन सरलता प्रदान गरेका भए पनि सर्वसाधारण महिलाको पहुँच भने हुन सकेन । नेपालमा सर्वसाधारण बालबालिका तथा महिलाहरूका लागि प्रथम कन्या स्कुल वि.सं. १९९० मा चन्द्रकान्ता मल्लले स्थपना गरेकी थिइन् । वि.सं. १९७५ मा स्थापना भएको त्रि-चन्द्र कलेजमा महिलाको लागि कुनै बन्देज नलगाइएको भए पनि वि.सं. २००४ सालमा आएर मात्र ४ जना महिलाहरू भर्ना भएको देखिन्छ भने २००४ सालमै पद्म शमशेरले पनि काठमाडौंमा कन्या विद्यालय खोलेका थिए (भट्टराई, २०५२) । २००७ सालको प्रजातन्त्र पूर्वको असहज परिस्थितिमा पनि योगमायादेवीले कविता क्षेत्रमा, मेलवा देवीले गायन क्षेत्रमा, दूर्गादेवीले शिक्षण क्षेत्रमा संलग्न भएर नारी जागरणलाई उचाई दिएका थिए ।

सन् १९५० को आगमनसँगै दोस्रो विश्वयुद्धको समापन भयो र विश्वका थुप्रै मुलुकहरूमा स्वतन्त्रता र प्रजातन्त्रको लहर देखापर्‍यो । यस समयमा अगाडि सारिएको आधुनिकीकरणको सिद्धान्त अनुसार पुनर्निर्माण, औद्योगिक विकास तथा प्राविधिक हस्तान्तरणमा बाह्य योजना र आर्थिक एवं प्राविधिक सहयोगलाई महत्व दिएको पाइन्छ । विकासको यस मान्यतामा महिलालाई लक्षित गरेर परिवार स्वास्थ्य, पोषण र कल्याणमा मात्र जोड दिइएकाले पनि यसको उद्देश्य आर्थिक उत्पादन वृद्धि गर्नेसँग सम्बन्धित थियो । त्यसैले यस समयमा विकास क्रियाकलापमा न त विकासको मूल प्रवाह नै किटान थियो न त महिला पुरुषमा छुट्टाछुट्टै लक्षित शैक्षिक कार्यक्रमहरू नै विकसित गरिएका थिए (आचार्य, २०६४) ।

सन् १९६० को दशकमा कानूनी भेदभाव तथा महिलाले गर्दै आएको क्रियाकलाप माथिको भार घटाउने र शिक्षामा देखिएको असमानताका विरुद्ध महिलाहरूले आवाज उठाएको पाइन्छ । यस प्रक्रियामा विकासमा महिला अवधारणाको व्यवहारिक रूप प्रयोग गरिएको थियो । वास्तवमा सन् १९६० को दशकमा एशिया र अफ्रिकाका महिलाहरूले शैक्षिक विभेद तथा काममा विभेद विरुद्ध कानूनी अधिकारका लागि संघर्ष शुरु गरे जसले महिला विरुद्ध भएका विभेद र दमनको विरुद्ध चेतना वृद्धि गऱ्यो । परिणामस्वरूप महिला शिक्षासम्बन्धी संस्थाहरू खुल्न थाले (आचार्य, २०६४) ।

यसै सिलसिलामा शैक्षिक क्षेत्रमा भएको लैङ्गिक विभेद र शिक्षामा महिलाको पूर्ण रूपमा सहभागिता हुन नसकेको कुरालाई दृष्टिगत गरी सन् १९९० मा थाइलैण्डको जोमटिनमा विश्व सम्मेलन सम्पन्न भएको थियो, जसले “सबैका लागि शिक्षा” भन्ने नारा तय गरेको थियो भने सन् २००० मा सेनेगलको राजधानी डाकरमा भएको विश्व सम्मेलनले पनि यसै नारालाई प्राथमिकताका साथ अगाडि ल्याउँदै सन् २०१५ सम्ममा शिक्षामा लैङ्गिक समानता हासिल गर्ने उद्देश्य राखेको पाइन्छ । उक्त दुवै सम्मेलनमा नेपालले पनि भाग लिई आफ्नो प्रतिवद्धता जाहेर गरिसकेको छ (UNESCO, 2000)।

नेपालमा प्रजातन्त्रको बहालीपश्चात् थुप्रै औपचारिक तथा अनौपचारिक शिक्षण संस्थाहरू खुलेका छन् । सन् १९५२ मा धनदेवीको सक्रियतामा आर्यस्त्री समाजको स्थापना भएको थियो । उच्च शिक्षाको निमित्त वि.सं. २०१० मा पद्मकन्या क्याम्पसको स्थापना भएको थियो । यद्यपि अन्य क्याम्पस तथा स्कूलहरूमा त्यसपूर्व नै महिलाको सहभागिता नभएको भने होइन । विभिन्न मितिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूबाट पारित प्रस्तावहरूलाई पूरा गर्ने र देशको शैक्षिक अवस्था गुणात्मक सुधार गर्दै लैजाने उद्देश्यले राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गिण राष्ट्रिय शिक्षा पद्धति योजना २०२८, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम २०४५, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ जस्ता कदमहरू शिक्षा क्षेत्रमा चालिएका छन् । त्यसैगरी राष्ट्रिय योजना आयोग अन्तर्गत २०५० मा महिला शाखाको स्थापना भइसकेको छ (अर्याल, २०५९) ।

महिला शिक्षाकै सवालमा शिक्षा विभाग अन्तर्गत महिला शिक्षा शाखाले पनि कार्य गर्दै आएको छ। अर्कोतर्फ हाल हरेक क्षेत्रमा महिलाको विकास र प्रगतिलाई मूर्त रूप दिन वि.सं.२०५८ फाल्गुण २४ गते ९२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर राष्ट्रिय महिला आयोगको पनि स्थापना भएको थियो (अर्याल, २०६३)।

प्राथमिक शिक्षाको विकास भने नयाँ शिक्षा पद्धति योजना, २०२८ लागू भएदेखि तीव्र रूपमा हुँदै आएको पाइन्छ। वि.सं. २०३२ मा प्राथमिक शिक्षा निःशुल्क र २०३५ सालदेखि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरियो, जसले गर्दा विद्यार्थी सहभागिता क्रमशः वृद्धि हुँदै गएको पाइन्छ। तर, संख्यात्मक रूपमा विद्यार्थी संख्या बढ्दै गए पनि गुणात्मक रूपमा भने खासै वृद्धि हुन सकेको छैन। महिला विकास सम्बन्धी धारणाले नेपालको योजनाबद्ध विकासको इतिहासमा छैटौं योजनादेखि मात्र स्थान पाएको हो। हुन त महिला सशक्तिकरणको अवधारणा विश्वव्यापी रूपमा १९८० को दशकदेखि शुरु भएको हो तर पनि नेपालको विकास नीतिमा यस धारणाले आधिकारिक रूपमा नवौं योजनामा मात्र स्थान पाएको हो (Bhadra at. al, 1994)।

अनौपचारिक शिक्षातर्फ हेर्ने हो भने सन् १९५१ देखि १९५६ सम्म अनौपचारिक शिक्षा केवल साक्षरता कार्यक्रममा मात्र सीमित रहेको थियो। सन् १९५६ देखि १९६५ सम्ममा प्रौढ साक्षरताका लागि केन्द्रहरू विस्तार गर्ने, ३ महिनाको साक्षरता कार्यक्रमलाई ६ महिनाको गर्ने र उत्तीर्ण हुने प्रौढहरूलाई प्रमाणपत्र वितरण गर्ने कार्यहरू भए। १९७१ देखि १९७७ मा राष्ट्रिय शिक्षा पद्धति योजना लागू भएपछि साक्षरताका लागि प्रौढ शिक्षा र कार्यमूलक प्रौढ शिक्षा गरी २ किसिमका कार्यक्रमहरू लागू गरिए जसलाई शुरुमा शिक्षा विकास तथा अनुसन्धान केन्द्रले अधिराज्यका ८ जिल्लामा लागू गरेको थियो। हाल अनौपचारिक शिक्षा केन्द्रले प्रौढ तथा बाल शिक्षाको सम्बन्धमा विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ (अनौपचारिक शिक्षा केन्द्र, २०५९)।

लैङ्गिक असमानताको उपागमले महिला र पुरुष बीचको जैविक असमानतालाई भन्दा सामाजिक रूपमा निर्माण भएको असमानतालाई प्रमुख रूपमा उठाउँछ। महिला र पुरुष बीच जैविक विविधता मात्रे नभई सामाजिक असमानता पनि छ। महिलाहरूको उत्पादनका साधनमाथि पहुँच छैन, शक्ति र अधिकारको असमान बाँडफाँडले समाजमा महिलाको स्थिति पुरुषको तुलनामा निम्न स्तरको छ। वर्ग, रङ्ग, पेशा, जातियता, धर्म, शिक्षा, राष्ट्रियता आदि विभिन्न पक्षहरूमा असमान खालको सम्बन्ध छ भन्ने कुरामा जोड दिइएको छ। यसभित्र निम्न दुई महिलावादी आलोचनालाई समावेश गर्न सकिन्छ। उदार महिलावादः उदार महिलावादले विशेष गरी १९५० पछि पश्चिम क्षेत्रमा आएको जागरणकालको मान्यतालाई उदार महिलावादले ग्रहण गर्दछ। उदारवादी महिलावादीका अनुसार हरेक मानवीय प्राणी बराबरी रूपमा बुद्धिमान हुन्छन् र उनीहरूलाई समान अवसर दिएको खण्डमा पुरुषले जस्तै महिलाले पनि समान उपलब्धि हासिल गर्न सक्छ। अर्थात् प्रत्येक व्यक्तिलाई बुद्धिमताको आधारमा समानता दिनु पर्छ। यसैगरी पुरुष र महिला दुवैलाई समान अवसर दिएमा दुवै बराबर हुन सक्छन् भनि उदार महिलावादको व्याख्या गर्छ। मार्क्सवादी महिलावादः मार्क्सवादी महिलावादको लैङ्गिक दमनको कुरा अर्थ व्यवस्थासँग जोडिएको कुरा हो। वर्ग शोषण समाप्त भएको बेलामा मात्रै लैङ्गिक दमन र शोषण पनि समाप्त भएर जान्छ। महिलाका बारेमा निर्माण गरिएकोमा सवैभन्दा संवेदनशिल विचार मार्क्सवाद नै हो। तर माकर्सवादले लैङ्गिक आन्दोलनलाई एक स्वतन्त्र आन्दोलनको रूपमा भन्दा वर्गीय आन्दोलनको एक अंगका रूपमा मात्रै लिएका छन् (Shrestha, 1994)।

Rio de Janerio मा २८ May, २०१० मा भएको शिक्षाको माध्यमबाट महिला सशक्तिकरण (women emporment through education) नामक विश्वव्यापी छलफल (Global Forum) मा महिलाको शिक्षामा पहुँच भयो भने एउटा सफल कामदारको रूपमा, स्वस्थ आमाका रूपमा तथा राजनीतिक जीवनमा पूर्ण सहभागि भई समाजलाई योगदान पुऱ्याउन सक्छन् र गरिबीबाट मुक्त पाउने उत्तम उपाय भनेको महिलाहरूलाई शिक्षितगराउनु भनि तर्क गरिएको छ। यसै सेमिनारमा UN Secretary Ban ki Moon ले “भूमिका नमूनाको उदाहरण प्रभावकारी वकालत तथा सवल नीति र नियमबाट हामलि

महिलाहरूका लागि उपयुक्त स्थान बनाउन सक्छौं र स्वतन्त्रताको जित जित्न सक्छौं" भन्नु भएको थियो। April 28, 2010 मा US Secretary Hilalry Rodham Clintonले जवसम्म महिलाहरू घर, परिवार, समुदाय, देश र विश्वमै पूर्ण सहकर्मीको रूपमा रहँदैनन् तवसम्म हामीले शान्ति, समृद्धि, स्थायित्व र सुरक्षा वृद्धि गर्न सक्दैनौं भन्ने तर्क दिनु भएको थियो। पूर्ण सहकर्मी हुनको लागि महिलाहरू स्वयं पुरषहरूका लागि उचित शिक्षाको आवश्यकता पर्छ। शिक्षा सँगसँगै महिलालाई शसक्त बनाउन मौलिक परम्परा पत्ता लगाउने र आर्थिक र सामाजिक क्षेत्रमा महिलाहरूका उच्चतम सहभागितालाई प्रोत्साहन गर्ने खालको नीतिको विकास गर्नु पर्दछ। यसरी महिलालाई पूर्ण सहकर्मी बनाउन सकिन्छ। पूर्ण सहकर्मी नभएसम्म शान्ति स्थापना हुन सक्दैन। यस सेमिनारको मुख्य उद्देश्य शिक्षाका माध्यमबाट महिला सशक्तिकरण गरि उनीहरूलाई समाजमा पूर्ण सहभागि गराउने नविनतम अभ्यासहरूमाथि महत्व दिनु थियो (Third Global Forum of the Allaince of Civilizations, 2010)।

सन् १९९७ मा UN ले महिला दशक घोषणा गरेदेखी महिला सङ्गठनहरू, सरकारी निकायहरू तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूको ध्यान र क्रियाकलाप महिलाहरूको शैक्षिक विकासमा बढीरहेको छ। उपरोक्त चासो वृद्धिमा अन्तर्निहित अवधारणा के थियो भने यदि महिलाहरूले परम्परागत रूपमा उनीहरूलाई बञ्चित गरिएका अधिकार जान्ने एवम् सीपहरू सिक्ने अवस्था आयो भने सशक्तिकरणलाई बढावा दियो। महिला शिक्षा तथा सशक्तिकरण सम्बन्धी अन्तर्राष्ट्रिय सेमिनारको आयोजना अल्पकालिन र दीर्घकालीन रूपमा महिलाहरूको अवस्था सुधारको लागि शिक्षाको सान्दर्भिकतामा केन्द्रित गरिएको थियो। शिक्षाले अल्पकालमा महिलाको अवस्थामा सुधार ल्याउँछ भने दीर्घकालमा महिलाहरूलाई मुक्ति दिलाउँछ (UNESCO, 2000) ।

विकासको प्रक्रियामा पूर्ण सहभागि हुनको लागि आवश्यक पर्ने ज्ञान, सिप, आत्मविश्वास शिक्षाबाट नै सम्भव छ। शिक्षा सवैका लागि महत्वपूर्ण छ। तर महिलाको लागि शिक्षाले विशेष रूपमा महत्व राख्दछ। यो सत्य हो, शिक्षा केवल अरु अवसरहरूका लागि प्रवेश बिन्दू भएका कारणले मात्र होइन कि महिलाको शैक्षिक उपलव्धीको प्रभाव परिवारमा

पुस्तौं पुस्तासम्म पर्दछ त्यसैले यसको विशेष महत्व छ। महिलाको शिक्षामा लगानी गर्नु भनेको नै गरिबी घटाउने प्रभावकारी उपाय हो। शिक्षाले महिलाहरूलाई आफ्नो अधिकार बुझ्न र त्यसलाई कसरी प्राप्त गर्न सकिन्छ भनेर जान्न सहयोग गर्दछ। तर पनि विकाससिल देशमा महिला साक्षरता पुरुष साक्षरताको तुलनामा कम छ (UNFPA, 2004)।

महिला र पुरुषबीचको शैक्षिक भेदभाव परिवारभित्रबाट शुरु हुन्छ। महिलालाई शैक्षिक प्रक्रियामा सामेल गराइँदैन र समाजमा प्राप्त हुने शैक्षिक गतिविधिहरू र उपलब्धिहरू माथि पुरुषहरूद्वारा एकाधिकार जमाइएको छ। कुनै पनि महिलाको सामाजिक, सांस्कृतिक, राजनीतिक एवं शैक्षिक क्रियाकलापहरूमा हुने सहभागिता उनका श्रीमान्/बाबु आमा/पुरुष नातेदारको प्रकृतिमा भर पर्छ (महिला विकास विभाग, २०५८)।

नेपाली महिलाहरूको सामाजिक, आर्थिक अवस्था जटिल छ, यसलाई एकांकी रूपमा सहजै व्याख्या गर्न सकिदैन। भौगोलिक क्षेत्र, आर्थिक अवस्था, सांस्कृतिक, तथा जातीय विभेदको विविधताले महिलाको शैक्षिक पहुँच स्तरमा पनि फरकपना आएको हुन्छ। महिलाको परिवारभित्र निश्चित भूमिका के छ र परिवारको स्थानले सामाजिक संसारमा महिलाको शैक्षिक भूमिकालाई निर्धारण गर्दछ (Luitel, 1992)।

## २.३ पूर्व साहित्य समिक्षा

सुवेदी (२०६७) ले तनहूँ जिल्लाको किहूँ गा.वि.स.मा अवस्थित सिद्धार्थ मा.वि.मा अध्ययनरत मगर छात्राहरूको शैक्षिक अवस्थाको बारेमा अध्ययन गरेका छन्। उनका अनुसार विद्यालयको दुरी टाढा, घरमा पढ्ने समयको अभाव, कृषि कार्यमा बढी संलग्नता र रुढिबादी संस्कृति, मूल्य मान्यताले मगर छात्राहरूको शैक्षिक अवस्था माथि जान नसकेको कुरा देखाएका छन्। यसका अलवा विशेष रूपमा लाहुरे प्रथा र सानै उमेरमा विवाह गर्नाले पनि शिक्षामा असर परेको कुरा समेत उनले देखाउँदै सो संस्कृति र व्यवहारलाई त्याग्नको लागि सुझाव समेत दिएका छन्।

मगर (२०६८) ले स्याङजा जिल्ला पुतली बजार-११ को मातृभूमि उच्च मा.वि.मा अध्ययनरत छात्राहरूको शैक्षिक अवस्थालाई अध्ययन गरेका छन्। उनका अनुसार मगर

समुदायमा रहेको परम्परागत रुढीबाढी, छिटो विवाह गर्ने प्रचलन, अभिभावकको शैक्षिक स्तर कमजोर, घरबाट विद्यालयको दूरी टाढा हुनाले, हाल सम्म मातृभाषामा प्राथमिक शिक्षा पाउने अधिकारलाई व्यवस्थित रूपमा लागू गर्न नसकेको कारणले पनि यस उच्च मा.वि.को छात्राहरूको शैक्षिक स्तर राम्रो नभएको कुरा देखाएका छन् ।

गुरुङ (२०६९) ले स्याङजा जिल्ला कोल्मा गा.वि.स. कोल्मामा रहेको कोल्मा उच्च मा.वि.मा अध्ययनरत छात्राहरूको शैक्षिक अवस्थालाई अध्ययन गरेकी छिन् । उनले हाम्रो समाजमा गर्भको अवस्थादेखि नै महिलाहरूप्रतिको विभेद शुरुवत हुने कुराको चर्चा गर्दै महिला छात्राहरूमा शिक्षाको क्रममा लैङ्गिकताले पारेको प्रभावलाई अध्ययनको विषय बनाएकी छिन् । यस अध्ययनबाट छात्राहरूमा लैङ्गिकताको साथै, सामाजिक, आर्थिक, सांस्कृतिक परम्परागत मूल्य-मान्यताहरूले पनि प्रभाव पारेको देखिन्छ । छात्राहरूमा एस.एल.सी सम्मको अध्ययनमा बढी मात्रामा सरकारी विद्यालयमा नै पढेका र दाजुभाइ भने केही मात्रामा भए पनि नीजी विद्यालयमा अध्ययन गरेको पाइन्छ । छात्राहरूमध्ये थोरै मात्रा जागिर गरेको पाईयो । जहाँ छात्रको तुलनामा छात्राहरू बढी मात्रामा घरायसी काममा व्यस्त रहने गरेको देखिन्छ । छात्राहरूले आफूहरूमा भएको लैङ्गिक विभेदका कारणले छोरा भएको भए अझ जीवनमा राम्रो गर्न सकिन्थ्यो पढाइलाई बढी समय दिन सकिन्थ्यो भन्ने विचार धारणा व्यक्त गरेको पाइन्छ । छात्राहरूले नारी शिक्षा आफैमा एक महत्त्वपूर्ण विषय हो भन्ने धारणा व्यक्त गरेको पाइन्छ । छात्राहरूले पनि शिक्षा लिन सके आफ्नो व्यक्तित्व विकास गर्न सक्दछन्, साथै परिवारलाई पनि शिक्षित बनाउन सक्छन् भनी निष्कर्ष समेत निकालेकी छिन् ।

क्षेत्री (२०६९)ले स्याङ्जा जिल्ला चित्रेभन्ज्याङ्ग गा.वि.स.मा रहेको मातृभुमि उ.मा.वि. अध्ययनरत दलित छात्राहरूको शैक्षिक अवस्थाको अध्ययन गरि ग्रामिण क्षेत्रमा र विशेष दलित समाजमा आर्थिक अवस्था राम्रो हुनेले आफ्ना बालबालिकालाई बजार र वोडिङ स्कुलमा पढाएको र आर्थिक अवस्था कमजोर हुनेले सरकारी विद्यालयमा पढाएको पाइयो जसले गर्दा सरकारी विद्यालय गरिबहरूको विद्यालय भएको जनाएका छन् । यस अध्ययन बाट दलित समाजका छात्राहरू शिक्षामा आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक र लैङ्गिक पक्षले प्रत्यक्ष प्रभाव पारेको उनको निर्ष्कष रहेको छ ।

सारु (२०७०) ले आफ्नो ग्रामिण परिवेशमा छात्राहरूको शैक्षिक अवस्था जनशान्ति मा.वि.खालीवन ५ पाल्पामा आधारित समाजशास्त्रीय विश्लेषण शीर्षकको शोध अध्ययनमा उक्त मा.वि मा अध्ययनरत छात्राहरूको शिक्षाको अवस्था वारे अध्ययन गरेका छन् । विशिष्ट रूपमा उनले छात्राहरूको शैक्षिक अवस्थाको मा.वि. मा अध्ययनरत छात्राहरूको शैक्षिक अवस्थाको तुलनात्मक विश्लेषण गर्दै उनीहरूको शिक्षामा प्रभाव पार्ने तत्वहरूको विश्लेषण पनि गरेका छन् । आफ्नो अध्ययन मार्फत उनले आर्थिक पक्षले शिक्षामा प्रत्यक्ष प्रभाव पारेको कुरा देखाएका छन् । धेरै परिवारमा छोराछोरी दुवै सरकारी विद्यालयमा पढेपनि शिक्षा वाहेक अन्य पक्षमा छोराछोरीमा विभेद रहेको कुरा पनि देखाएका छन् । उनले नारीहरू शिक्षामा पछाडी पर्नुका कारणहरू आर्थिक अभाव र लैङ्गिक विभेद हो भन्ने कुरा पनि देखाएका छन् ।

उपरोक्त कथनहरूलाई मध्यनजर गर्दै यस अध्ययनमा कीर्तिपुर नगरपालिका जाखास्थित बसोबास गर्ने महिलाहरूका शैक्षिक अवस्थाको विषयमा गरिने यस अध्ययनले ठोस निचोड निकाल्ने हुनाले यो शोध कार्य ज्यादै आवश्यक, उपलब्धीमूलक र महत्त्वपूर्ण हुन जान्छ । त्यस क्षेत्रका महिलाहरूको वास्तविकत चित्रण गरी भविष्यमा महिलासम्बन्धी योजना निर्माण र कार्यान्वयनमा यो अध्ययन सहयोगी बन्न सक्नेछ । यस कीर्तिपुर नगरपालिकामा भएको अध्ययनले गर्दा भविष्यमा विभिन्न भौगोलिक क्षेत्रका महिलाहरूका बारेमा पनि अध्ययन र अनुसन्धान गर्न मद्दत मिल्ने छन् । जसले गर्दा त्यहाँका महिलाहरूको समस्याहरू पहिचान गरी समाधानमा महत्त्वपूर्ण भूमिका खेल्ने छन् ।

## अध्याय तीन

# अनुसन्धान पद्धति

यस अध्ययमा महिलाहरूको शैक्षिक अवस्थाका बारेमा अध्ययन अनुसन्धानका लागि प्रयोग गरिएको अनुसन्धान विधि एवं तौरतरिकाहरूको बारेमा वर्णन गरिएको छ । अनुसन्धानका निमित्त विभिन्न अध्ययन विधिहरूको माध्यमबाट वि.स. २०७० को मंसिर-पौष महिनामा आवश्यक तथ्याङ्कहरू संकलन गरिएको थियो ।

### ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य

यो अध्ययनमा अध्ययन क्षेत्रको लागि काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं १२ स्थित 'जाखा' भन्ने स्थानलाई लिइएको छ । ऐतिहासिक, भौतिक, सामाजिक एवं पर्यटकिय दृष्टिकोणले चर्चित क्षेत्रमध्येका एक कीर्तिपुर नगरपालिका पनि हो । कीर्तिपुर नगरपालिकाका पूर्वतिरबाट वागमती नदी तथा ललितपुर उपमहानगरपालिका, पश्चिमबाट मच्छेगाउँ गाविस, उत्तरबाट तिनथाना गाविस, र दक्षिणबाट चाल्नाखेल गाविस रहेको छ । कीर्तिपुरलाई नेवारी भाषामा *'किपु'* र यहाँ बस्ने बासिन्दाहरूलाई *'किपुमित'* भनेर भन्ने गरिन्छ । यस कीर्तिपुर नरपालिकालाई १९ वटा वडामा विभाजन गरिएको छ भने काडमाण्डौं जिल्लाको निर्वाचन क्षेत्र नं. १० अन्तर्गत पर्दछ । यस नगर क्षेत्रभित्र बहुसंख्यक नेवारलगायत अल्पसंख्यकमा ब्राम्हण र क्षेत्रीलगायत अन्य जातजातिहरूको बसोबास रहेको छ ।नगरका वडा नं. १ र २ पूर्ण विकसित बजार क्षेत्रको रूपमा रहेको मान्न सकिन्छ भने बाँकी वडाहरूमा आवास क्षेत्र एवं कृषि क्रियाकलाप नै मुख्य रहेको पाइन्छ (नगर प्रोफाइल, २०६६) ।

किर्तिपुर नागरपालिकालाई नै अध्ययन क्षेत्र बनाउनुको मुख्य कारण अनुसन्धान कर्ताको निरन्तर पहुँच भइदिनु हो । अध्ययनको लागि महिलाहरूको शैक्षिक अवस्था विषयवस्तु छानिनुमा अनुसन्धानकर्ताको आफ्नै रुचिको विषय हो । त्रिभुवन विश्वविद्यालय जस्तो

गरिमामय शैक्षिक संस्था यसै किर्तिपुर नगर क्षेत्रमा रहेको छ। नगरभरी विभिन्न आधुनिक शिक्षा प्रदान गर्ने विभिन्न तहका शैक्षिक संस्थाहरू यस क्षेत्रमा प्रसस्त हुनुले यहाँ शैक्षिक वातावरण छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ। त्यसकारण पनि यहाँका महिलाहरूमा के कस्तो तवरले उनीहरूको शैक्षिक विकास भइरहेका छन् ? भन्ने जान्नु आफैमा एक अनुसनधानको विषय हुनु सक्छ। अन्त्यमा, वर्तमान परिस्थितिमा महिला शिक्षा,महिला शिक्षाप्रतिको धारणा, महिला शिक्षामा आइपर्ने बाधक तत्वहरूको बारेमा अध्ययन गर्ने रुची अनुसन्धानकर्तामा देखिनु आफैमा एकमुख्य कारणपनि हो।

### ३.२ अनुसन्धान ढाँचा

यो अनुसन्धानमहिलाको शैक्षिक अवस्थाका बारेमा जनकारी प्राप्त गर्नु र महिला शिक्षालाई प्रभावित पार्ने मुख्य जिम्मेवार तत्वहरूको गर्गुतर्फ केन्द्रीत भएका कारण वर्णनात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यांकहरूको विश्लेषण गरिएको छ। त्यसैगरी महिलाकोशैक्षिक अवस्थालाई प्रभावित गर्ने सामाजिक तथा सांस्कृतिक तत्वहरूको खोजी गर्न अन्वेषणात्मक ढाँचाको प्रयोग गरियो। यस ढाँचाअन्तर्गत शिक्षाले विभिन्न जाति, अवस्था र उमेर समूहका महिलाहरूको शैक्षिक स्थिति र शिक्षाप्रति घरधुरी उत्तरदाताहरूको धारणा जस्ता आधारभूत पक्षहरूमाथि समेत थप विश्लेषण गरिएको छ।

### ३.४ समग्रता र नमूना छनौट

काठमाण्डौं जिल्ला कीर्तिपुर नगरपालिकाका १९ वडाहरू मध्ये उद्देश्यमूलक ढंगले अनुसन्धानको निमित्त वडा नं १२ लाई छनौट गरियो। वठा नं १२ लाई नमूना क्षेत्रको रूपमा लिनुको कारण समयको सिमितता र आर्थिक सिमितताका साथै अध्ययनकर्ताको पूर्व जानकारी रहेको क्षेत्र भएकोले हो। छनौट गरिएका उक्त वडाको कूल ४०९ घरधुरी र १८९५ जनसंख्यालाई यो अध्ययनको समग्रको रूपमा लिइएको छ। जहाँ पुरुषको संख्या ९४५ र महिलाको संख्या ९५० मात्र रहेको छ। यहाँ मुख्यगरी नेवार जातिको बहुलता रहेका भए तापनि क्षेत्री, बाहुन,तामाङ, गुरुङ र सार्की जातजातिहरू पनि रहेका छन्। किर्तिपुर नगरपालिका १२ नं वडा कार्यालयले आफ्नो वडाभित्र बसोबास गर्ने सम्पूर्ण धरधुरीहरूको लिष्ट मुताविक अध्ययन क्षेत्रभित्र नेवारको १८४, क्षेत्रीको ९२, ब्राह्मणको

६३, तामाङको ४५, गुरुङको १५ र सार्कीको १० गरी कुल जम्मा ४०९ घरधुरीहरू रहेका छन् ।यिनै जातिका घरधुरीहरूमध्येबाट सबै जातिहरूको प्रतिनिधित्व हुनेगरी घरधुरी उत्तरदाताहरूको छनौट गरियो । कुल घरधुरी संख्याको २० प्रतिशत अर्थात् ८० घरधुरी अध्ययनका लागि स्तरीकृत नमुना छनौट (Stratified Sampling method)गरिएको छ । घरधुरी संख्याको आधारमा प्रत्येक जातिको जातिगत विशेषताका आधारमा विभाजित गरी प्रत्येक जातिबाट निर्धारित संख्यामा नमूना छनौट गरियो । यसरी छनौट भएका प्रत्येक घरधुरीहरूबाट एक/एकजना गरी ८० जना घरधुरी उत्तरदाताहरूसमेटिएका छन् । महिलाहरूको विषयमा अध्ययन गरिने विषय भएपनि घरधुरी उत्तरदाताको रूपमा पुरुषहरू पनि छन् । घरधुरी उत्तरदातासँग गरिने अन्तर्वार्ताका लागि कुल ८० घरधुरी उत्तरदाताहरूमध्ये ४८ जना अर्थात ६०.० प्रतिशत महिला र बाँकी ३२ जना अर्थात ४०.० प्रतिशत पुरुष उत्तरदाताहरू रहेका छन् ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यस अध्ययनमा अध्ययनको उद्देश्य अनुरूप संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरूलाई प्राथमिक तथा द्वितीय दुवै स्रोतबाट सङ्कलन गरिएको छ। जसअनुसार प्राथमिक तथ्याङ्कहरू कार्यक्षेत्र अध्ययनको क्रममा अपनाइने विविध प्रविधिहरूको उपयोग गरी सङ्कलन गरियो । अध्ययन क्षेत्रको निरीक्षण, छनौट भएका उत्तरदातासँगको अन्तर्वार्ता, अवलोकन, आदि जस्ता कार्यहरू सम्पन्न गरिएको थियो । द्वितीय तथ्याङ्कहरू भने विभिन्न प्रकाशित अप्रकाशित सामग्रीहरू, पुस्तक, रिपोर्ट, नगरपालिका तथा जिल्ला विकास समितिका प्रोफाइल एवं प्रतिवेदन, सम्बन्धित मन्त्रालय, विभाग, कार्यालयबाट प्रकाशित तथ्याङ्कहरू, विभिन्न योजना तथा कार्यक्रमहरू, राष्ट्रिय/अन्तराष्ट्रिय अनुसन्धान प्रतिवेदनहरूबाट आवश्यकता अनुसार सङ्कलन गरिएको थियो ।

### ३.५ तथ्याङ्क सङ्कलनको विधि

कार्य क्षेत्रको आधारमा प्राथमिक तथ्याङ्कसङ्कलन गर्न यस अनुसन्धानमा अध्ययनको उद्देश्य परिपूर्तिको निमित्त अन्तर्वार्तासूची, अवलोकन, विशेष व्यक्तिसँगको अन्तर्वार्ता जस्ता प्रविधिको उपयोग गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ताअनुसूची

यो प्रविधि मार्फत् तथ्याङ्कसङ्कलन गर्दा छनौट भएकाप्रत्येकघरधुरीमा गई उक्त परिवारका १५ वर्ष वा सो भन्दामाथिका कुनै घरको मूली वा घरमूली नभएको अवस्थामा घरका कुनै पनि सदस्यसँग अन्तर्वार्ता गरियो । तथ्याङ्कसङ्कलन गर्दा महिलाहरूको शैक्षिक गतिविधिमा प्रंभावित गर्ने विभिन्न तत्वहरूको सम्बन्धमा विशेष जानकारी राख्न सक्ने वा महिलाको शैक्षिक अवस्थाको सम्बन्धमा आफ्नो विचार एवं सुझाव दिन सक्ने व्यक्तिहरूसँग मात्रै अन्तर्वार्ता गरियो । अन्तर्वार्ताका लागि अनुसन्धान प्रश्नावलीहरू आवश्यकता अनुसार संरचित तथा असंरचित ढाँचामा तयार पारिएको थियो (हेर्नुहास अनुसूची-१) । यसरी तयार पारिएको प्रश्नावलीहरूमा उत्तरदाताको सामान्य परिचय, पारिवारिक विवरण र शैक्षिक अवस्था आदि सँगैमहिलाको शैक्षिक गतिविधिमा प्रभाव पार्ने बाधक तत्वहरूको पहिचान तथा परिवारमा महिलाको स्थान, हैसियत वा भूमिका बुझ्ने किसिमका खुल्ला तथा बन्द दुवै प्रकृतिका प्रश्नहरू सिलसिलेवर ढंगमा मिलाएर राखिएको थियो ।र, सन्दर्भअनुसार प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरियो ।

### ३.५.२ अवलोकन

अवलोकनका लागि अनुसूची-२ बमोजिमको चेकलिष्ट अनुसन्धानकर्ता स्वयंमले तयार पारी सोही अनुसूचीको आधारमा कार्यक्षेत्रको अवलोकन गरिएको थियो । चेकलिष्ट मार्फत् तथ्याङ्कसङ्कलन गर्दा उत्तरदाताको घर परिवारमा स्पष्ट देखिने सूचनाहरू, पारिवारिक क्रियाकलाप, लवाई खवाई, घरको वनावट, उत्तरदाताको व्यवहार, छोरीलाई गरिने व्यवहार, घरको शैक्षिक क्रियाकलाप, हाऊभाऊ, उत्तरदिने शैली, उत्तर दिंदा बखतको उत्तरदाताको अनुहार जस्ता कुराहरूको आधारमा उत्तरको सत्यता, परिवारमा काम गर्ने शैली, पारिवारिक वातावरण, उत्तरदाताको मनोविज्ञान आदि कुराहरूको अवलोकन गरि सूचना एवं तथ्यांकहरू संकलन गरिएको थियो । त्यसैगरी अध्ययन क्षेत्र वरपर रहेका स्कूल, कलेज, विभिन्न शैक्षिक संघसंस्थाहरूको उपस्थिति एवं सञ्चालन र विद्यालयमा केटीहरूको उपस्थिति आदिलाई समेत अवलोकन गरिएको थियो ।

### ३.५.३ प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता

अध्ययनको क्रममा महिलाहरूको सामाजिक, आर्थिक तथा शैक्षिक स्थितिका बारेमा वडा प्रतिनिधि तथा जानकार व्यक्तिहरू जस्तैः महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय बुद्धिजिवि एवं समाजसेवी, गैह्रसरकारी प्रतिनिधि, राजनीतिक दलका नेता तथा कार्यकर्ता, बिद्यालयका शिक्षक/शिक्षिका, आदिलाई मुख्य सूचनादाताको रूपमा लिएर उनीहरूसंग आफ्नो टोलछिमेक वा शैक्षिक संस्थाहरूमा भएका महिलाहरूको शैक्षिक सहभागिता, स्तर, बाधक तत्व, चुनौती तथा अवसरहरूका बारेमा समेत जानकारी लिइएको थियो। प्रमुख जानकार व्यक्तिहरूसँग अन्तर्वार्ता गर्न अनुसूची-३ बमोजिमको चेकलिष्टको सहायता लिइएको थियो।

## ३.६ तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण

सङ्कलनगरिएका गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकताअनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ। प्राप्त हुन आएका विभिन्न प्रकृतिका तथ्याङ्कहरूलाईनिश्चित गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण गरी तथ्याङ्क विश्लेषण तथा व्याख्या गरियो। प्राप्ततथ्याङ्कलाई आवश्यकताअनुसार टेबुल बनाई सांख्यिकीय विधि प्रयोग गरी प्रतिशतमा खुलाई तुलना योग्य बनाइ प्रस्तुत गरिएको छ। प्राप्त हुन आएका गुणात्मक तथ्याङ्कहरूलाई तथ्यगत प्राथमिकताका आधारमा स्तर निर्धारण गरि सूचीकृत गरियो। तथ्याङ्क विश्लेषणको क्रममा आवश्यकता अनुसार अनुसन्धानबाट प्राप्त अनुभव क्षेत्र कार्यको क्रममा गरिएका मुल्यांकन तथा अवलोकनहरू, अनुसन्धानका क्रममा प्राप्त सुझावहरू र अनुसन्धान विषयसँग सम्बन्धितअन्यतथ्याङ्कहरूलाई समेत समावेश गरिएको थियो। साथै अध्ययनको विषयसँग सम्बन्धित विभिन्न विषयवस्तुहरूलाई आवश्यकतानुसार औंल्याई तिनीहरूको विश्लेषण गरी प्रस्तुत गरिएको छ।

# अध्याय चार

# अध्ययन क्षेत्रर उत्तरदाताहरूको सामन्य परिचय

प्रस्तुत अध्ययलाई चार खण्डमा विभाजन गरिएको छ। पहिलो खण्ड अन्तर्गत अध्ययन क्षेत्रका भौगोलिक अवस्थिति र दोस्रो खण्डमा सामाजिक तथा सांसकृतिक अवस्थितिलाई विश्लेषण गरिएको छ। त्यसैगरी, तेस्रो खण्डमा अध्ययन क्षेत्रका घरधुरी उत्तरदाताहरूको सामाजिक तथा आर्थिक अवस्था र चौथो खण्डमा उत्तरदाताको सामाजिक, आर्थिक तथा शैक्षिक पक्षहरूलाई क्रमैसँग विश्लेषण गरिएको छ।

## ४.१ भौगोलिक अवस्थिति

हाम्रो देश नेपालको ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ वटा जिल्लामध्ये विभिन्न मनोरम प्राकृतिक वातावरणले भरिपूर्ण महाभारत पर्वत (त्रिकोणधारी) चुरे पर्वत श्रृङ्खलाको बीचमा पर्ने ऐतिहासिक, भौतिक, सामाजिक एवं पर्यटकिय क्षेत्रका दृष्टिले चर्चित स्थान मध्येको एक कीर्तिपुर नगरपालिका हो। यो वागमती अञ्चलको सबैभन्दा आकर्षक र उत्पादक स्थान पनि हो। यस स्थान चारैतिरबाट मनोरम पहाडहरूले घेरिएको छ। यस अध्ययन क्षेत्रको कूल क्षेत्रफल करिब १४ वर्ग कि.मी. रहेको छ। यसको उत्तरी अक्षांश २७°१०' देखि २७°४२' र पूर्वी देशान्तर ८५°१०' देखि ८५°३३' मिनेटमा अवस्थित रहेको छ। कीर्तिपुर नगरपालिकाका पूर्वतिरबाट वागमती नदी तथा ललितपुर उपमहानगरपालिका, पश्चिमबाट मच्छेगाउँ गाविस, उत्तरबाट तिनथाना गाविस, र दक्षिणबाट चाल्नाखेल गाविस रहेको छ। यस कीर्तिपुर नरपालिकालाई १९ वटा वडामा विभाजन गरिएको छ भने काडमाण्डौं जिल्लाको निर्वाचन क्षेत्र नं. १० अन्तर्गत पर्दछ। नगरका वडा नं. १२ विकासोन्मुखकृषि, आवास तथा बजार क्षेत्रको रूपमा रहेको छ (नगर प्रोफाइल, २०६६)।

त्यस्तै भौगोलिक विविधताबाट यो अध्ययन क्षेत्र पनि अछूतो रहेको छैन । यो क्षेत्रमा समशितोष्ण प्रकारको हावापानी पाइन्छ भने केही तल्लो क्षेत्रमा बढी गर्मी हुन्छ र महाभारत लेकको छेउमा अलि उच्च भू-भाग र यहाँ भएको प्रशस्त बोटविरूवाहरू, खोलानालाहरूका कारणले गर्दा राम्रो हावापानी पाइन्छ । यहाँको औसत तापक्रम अधिकतम लगभग ३३ डिग्री सेल्सीयस (जेष्ठ महिना) र न्यूनतम तापक्रम ० डिग्री सेल्सीयस (पौष महिना) सम्म रहेको छ । यहाँको औसत वर्षा १४२.१७ मि.मि. रहेको छ ( नगर प्रोफाइल, २०६६) ।

## ४.२ सामाजिक तथा सांस्कृतिक अवस्थिति

सामाजिक तथा सांस्कृतिक आधारमा यो नगरपालिकामा बढी विविधता रहेका छन् । जातजातिगत आधारमा यहाँको भेषभुषा, खानपान तथा रहनसहनका बीच धेरै नै अन्तर रहेको पाइन्छ । अध्ययन क्षेत्रमा बस्ने सबै जातिहरूमध्ये नेवार जातिको बसोबास बढी देखिन्छ । जनघनत्व एवं आन्तरिक बसाइँसराईको चाप पनि बढ्दो छ । यो चाप बसाइँसराई गरी जाने भन्दा आउनेहरू खासगरी छिमेकी पहाडी जिल्लाहरूबाट बढी देखिन्छन् । यस वडा नं १२ मा धादिङ, गोर्खा, पाल्पा, गुल्मी, र चितवन क्षेत्रबाट बसाइँसराई गरी आउनेहरू बढी रहेका छन् । जसमध्ये नेवार, मगर, बाहुन, क्षेत्री, राई, गुरुङ, सार्की, दमाई, धोली, कामी लगायतका जातजातिहरू रहेका छन् ।

शैक्षिक क्षेत्रको विकासक्रममा ऐतिहासिक तरिकाले सर्वप्रथम स्थापना भएको शिक्षण संस्था त्रिभुवन विश्वविद्यालय यस क्षेत्रमा रहेको र निजी तथा सरकारी स्तरबाट संचालन भएका थुप्रै कलेन, विद्यालयहरू रहेका छन् । यसका अतिरिक्त, यस क्षेत्रका शिक्षाको विकासको लागि विभिन्न औपचारिक र अनौपचारिक विषेश शिक्षण कक्षाहरू युनिसेफलगायत अन्य गैरसरकारी संस्थाहरूले संचालन गरिरहेका छन् । यसले गर्दा गरिब, जनजाति, महिला र दलितहरूलाई शैक्षिक क्षेत्रमा केही हदसम्म सहभागिता गराउन सकिएको पनि छन् । संवेदनशिल अपाङ्गता अर्थात् दृष्टिविहीनहरूको लागि पनि स्कूल र उच्च मा.वि.को व्यवस्था गरिएको छ ।

अध्ययन क्षेत्रका स्वास्थ्य स्थितिलाई उल्लेख गर्नुपर्दा यस क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूका लागि एकवटा कीर्तिपुर अस्पताल, एकवटा स्वास्थ्य केन्द्र, ८ वटा उपस्वास्थ्य चौकी, ३० वटा जति नीजि क्लिनिक र तालिम प्राप्त ११३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू रहेका छन् ।

यस कीर्तिपुर नगरपालिका एक बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक तथा धार्मिक विविधतामा एकता भएको अति सुन्दर मनोरम क्षेत्र हो । यहाँ प्राचीनकालदेखि नै विभिन्न जातजातिहरूले आ-आफ्नो धर्म, पेसा, भाषा, मूल्य, मान्यता, परम्परा र संस्कारहरू मनाउदै आएका छन् । यी विविधताको कारणले गर्दा पनि यहाँका हरेक क्षेत्रमा विभिन्नता पाइन्छ । जस्तो नेपाल सानो मुलुकमा विभिन्न भाषाभाषीहरूको संगम स्थल भए जस्तै यहाँका नगरबासीहरूमा पनि विभिन्न चाडपर्व, संस्कार, जात्रा, उत्सवहरू मनाउन सबै जातजातिहरूको सहभागिता र आ-आफ्नै प्रकारको भिन्नाभिन्नै संस्कृति रहे पनि एकअर्कामा टाढा रहेका छैनन् । यस अध्ययन क्षेत्रमा विविध धर्ममा विश्वास गर्नेहरू भए तापनि अत्याधिक सङ्ख्यामा हिन्दू र बौद्ध धर्म मान्नेहरूको बसोबास बढी रहेका पाइन्छन् । सबै जातजातिहरूले आआफ्नो धर्मसंस्कार अनुरूपकै चाडबाड एवं रीतिरिवाज मान्ने प्रचलन यहाँ पाउन सकिन्छ भने उकले अर्को जातिको संसकारलाई समेत सम्मान गर्ने गरेका छन् ।

### ४.३ घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषता

घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरूमा जातजातिगत विशेषता, घरहरूको बनावट, परिवारको किसिम, धार्मिक तथा सांस्कृतिक आस्था, उमेर तथा लिंग, वैवाहिक स्थिति, शैक्षिकस्तर तथा आर्थिक पक्षहरू रहेका छन् ।

#### ४.३.१जातिगतअवस्था

अध्ययन क्षेत्रको रूपमा रहेका किर्तिपुर नगरपालिकाको जाखास्थित् विभिन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ । बसोबासका हिसावले नेवार जातिलाई यहाँको मुख्य रैथाने जातिको रूपमा चिनिन्छ । त्यसैगरी कार्की, बस्नेत, थापा, आदि उपथर भएका

क्षेत्री तथा भट्टराई, भुषाल, गोपाली, घिमिरे, आदि उपथर भएका ब्राह्मणहरू समेत यस क्षेत्रमा सदियौं देखि रहंदै आएका देखिन्छन् । केही तामाङ र सम्पूर्ण गुरुङ जातिका घरधुरीहरू भने भर्खरै बसाई सराई गरी आएका हुन् । अनुसन्धान क्रममा सबै जातजातिहरूको प्रतिनिधित्व हुनेगरी घरधुरी उत्तरदाताहरूको छनौट गरिएको थियो । जातिगत आधारमा घरधुरी उत्तरदाताहरूको विवरणलाई निम्न तालिका ४.१ मा देखाइएको छ ।

**तालिका ४.१: जातजातिगत आधारमा घरधुरी उत्तरदाताहरूको विवरण**

| परिवारको प्रकार एवं किसिम | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| नेवार | ३६ | ४५.० |
| छेत्री | १८ | २२.५ |
| ब्राह्मण | १२ | १५.० |
| तामाङ | ९ | ११.२५ |
| गुरुङ | ३ | ३.७५ |
| सार्की | २ | २.५ |
| जम्मा | ८० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.१ अनुसार अध्ययन क्षेत्रमा जम्मा ६ वटा प्रमुख जातजातिको मात्रै बसोबास रहेको छ । तीमध्ये नेवार समुदायको घरधुरी संख्या अन्य जातिको भन्दा धेरैभएका कारण उनीहरूको प्रतिनिधित्व पनि बढी छ । कुल ८० घरधुरीको४५.० प्रतिशत नेवार जातिका घरधुरीहरू उत्तरदाताका रूपमा रहेका छन् । त्यस्तै, दोस्रोमा, क्षेत्री (२२.५%) जाति रहेका छ भने ब्राह्मण जाति (१५.०%) तेस्रो नम्बरको संख्यामा छन् । अन्यमा भने क्रमैसँग तामाङ (११.२५%), गुरुङ (३.७५%) र सार्की (२.५%) जातिका घरधुरीहरू रहेका छन् । नमूना छनौटमा परेका उपरोक्त जातजातिका घरधुरी संख्या कै बराबरको घरधुरीहरूबाट अन्तर्वार्ताका लागि एक/एकजना उत्तरदाता समेत छनौट गरियो ।

### ४.३.२ उमेर र लैंगिक संरचना

कुनै पनि तोकिएको निश्चित सिमाभित्र आवद्ध विवरण वा संख्यालाई जनसंख्या भनिन्छ। अध्ययन क्षेत्रका नमूना छनौटमा परेका घरधुरी जनसंख्याको कुरा गर्दा यहाँ जनसंख्याको संरचनालाई उमेरगत आधारमा आठ खण्डमा (०-५ बर्ष, ६-१० बर्ष, ११-१५ बर्ष, १६-२४ बर्ष, २५-४५ बर्ष, ४६-६० बर्ष, ६१-७० बर्ष र ७० बर्षभन्दा माथि) विभाजन गरी अध्ययन गरिएको छ। जसलाई तालिका ४.२ मा देखाइएको छ।

**तालिका ४.२: उमेर र लिंगको आधारमा घरधुरी जनसंख्याको वितरण**

| उमेर | लिंग | | जम्मा (%) |
|---|---|---|---|
| | पुरुष | महिला | |
| ०-५ | २३ | १७ | ४० (८.२४) |
| ६-१० | ३२ | ३१ | ६३ (१२.९८) |
| ११-१५ | २२ | २८ | ५० (१०.३०) |
| १६-२४ | ३० | ३९ | ६९ (१४.२२) |
| २५-४५ | ५२ | ६७ | ११९ (२४.५३) |
| ४६-६० | ३४ | ४५ | ७९ (१६.२८) |
| ६१-७० | २९ | २० | ४९ (१०.१०) |
| ७० भन्दा माथि | १० | ६ | १६ (३.२९) |
| जम्मा | २३२ | २५३ | ४८५ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०७०

तालिका ४.२ अनुसार अध्ययन क्षेत्रभित्र रहेका ८० घरधुरीमा २३२ पुरुष र २५३ महिला गरी कुल जनसंख्या ४८५ रहेको छ। उक्त जनसंख्यामध्ये सबैभन्दा बढी २५-४५ बर्ष उमेर समूहमा छन्। उक्त उमेर समूहका पुरुष र महिला गरी जम्मा जनसंख्या २४.५३ प्रतिशत रहेको छ। आर्थिक एवं सामाजिक हिसावले यो उमेर समूहका जनसंख्यालाई महत्वपूर्ण मानिन्छ। त्यसैगरी, सबैभन्दा कम ७० वर्ष वा सो भन्दामाथिका उमेर समूहमा महिला तथा पुरुषको संख्या ३.२९ प्रतिशत मात्र रहेको देखिन्छ। अर्कोतिर, ०-५

बर्षसम्मका ससाना बालबच्चाहरूको घरधुरी जनसंख्या पनि ८.२४ प्रतिशत रहेको पाइयो ।

### ४.३.३ घरहरूको बनावट

कुनैपनि क्षेत्रको भौगोलिक, आर्थिक तथा सामाजिक बनावटका आधारमा त्यस क्षेत्रका बासिन्दाहरूको प्रत्यक्ष स्वरूप झल्कने गर्दछ। कीर्तिपुर नगरपालिका वडा नं १२ जाखा टोलका घरपरिवारहरूको बनावट हेर्दा ५/१० घरधुरीबाहेक प्रायः सबैको घरको अवस्था राम्रो नै रहेको छ। ईटा, ढुंगा, काठ,फलाम, सिमेन्ट, टीन, आदिको समिश्रणबाट यहाँका घरहरू बनेका छन्। अधिकांशले घर अलग्गै वस्तुभाउँका गोठहरू समेत बनाएको देखिन्छ। बाँस, काठ र टीन तथा खरले छाइएका साधारण घरलाई छाप्रो मानिएको छ। ईटा, ढुंगा, माटो, काठ तथा टीनले बनेको घरलाई कच्ची घर, र ईटा, काठ, सिमेन्ट र फलाम प्रयोग गरी बनेका घरहरूलाई पक्की घर भनिएको छ। घरको किसिमलाई तालिका ४.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.३: घरहरूको प्रकार एवं बनावट**

| घरको स्वरूप एवं प्रकार | घरधुरी संख्या | जम्मा प्रतिशत |
|---|---|---|
| काठ, बाँस र टीनले बनेको छाप्रो | १० | १२.५ |
| कच्ची घर (दुई तलासम्म भएको) | १५ | १८.७५ |
| पक्की घर (दुई तलाको) | ३५ | ४३.७५ |
| पक्की घर (तीन तले वा सो भन्दा माथिको) | २० | २५.० |
| जम्मा | ८० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.३लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका कुल ८० घरधुरीमध्ये १२.५ प्रतिशत घरहरू छाप्राले बनेका छन्। त्यसैगरी १८.७५ प्रतिशत घरईटा, ढुङ्गामाटा, काठ तथा टीनले छाएका कच्ची घरहरू रहेको पाइयो भने पक्की घर दुईतलाको ४३.७५

प्रतिशत र पक्की घर तीन तला वा सो भन्दामाथिको २५.० प्रतिशत छन्। यसले के देखाउछ भने घरहरूको बनावट अनुसार अधिकांश घरधुरी उत्तरदाताहरू आर्थिक तथा सामाजिक हिसावले खासै कमजोर रहेको भने देखिदैन।

### ४.३.४ परिवारको किसिम

कुनै पनि व्यक्ति जन्मेपछि उसको पहिलो सम्पर्क परिवारसँग हुन्छ। व्यक्तिको रेखदेख लालनपालन पनि परिवारमा नै हुन्छ। उसलाई कस्तो बनाउने भन्ने कुरामा परिवारकै महत्वपूर्ण भूमिका रहेको हुन्छ। त्यसै कारणले गर्दा अन्य समुदायमा जस्तै अध्ययन क्षेत्रकाउत्तरदाताहरूको पनि परिवार एक संस्थाको रूपमा रहेको छ। घरको जेठो पाकोले घरमुलीको रूपमा निर्णय गर्ने गरेका पाइन्छन् भने परिवार सुखी होस् भन्ने चाहना पनि राख्दछन्। प्राय हरेक घरपरिवारमा छोरीलाई इज्जतको भावनाले हेरिएको पाइन्छ। एकै परिवारमा हजुरबा, हजुरआमा, बाबु/आमा, दाजु/भाइ, काका/काकी, भाउजु, नन्द, फुपु, भदा/भदै, आदि सँगै बसेको संयुक्त परिवार भेटिन्छ भने केही घरहरूमा आमा, बुबा र उनीहरूका अविवाहित छोरा र छोरीमात्रै बसेको पाइन्छ। जाखा टोलमा बसोबास गर्नेहरूको पारिवारिक बनोट के कस्तो छ भन्ने कुरालाई तालिका ४.४ ले स्पष्ट पारेको छ।

**तालिका ४.४: घरधुरी उत्तरदाताहरूको पारिवारिक संरचना**


| परिवारको प्रकार एवं किसिम | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| एकल | ३२ | ४०.० |
| संयुक्त | ४८ | ६०.० |
| जम्मा | ८० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

तालिका ४.४ मा भएअनुसार एकल वा सानो पारिवारिक ढाँचामा रहेको जम्मा परिवार संख्या ३२ (४०.०%) रहेको छ। त्यसैगरी, मध्यम खालको परिवार जहाँ ५ देखि १२ जनाको संख्यामा अर्थात संयुक्त परिवारिक ढाँचामा सबैभन्दा बढी ४८ (६०.०%) घरधुरीहरू रहेका छन्। संयुक्त परिवारमा बढीजसो नेवार घरधुरीहरू छन्।संयुक्त

परिवारिक ढाँचामा रहनुको कारण उनीहरू आफ्नो अविभावकहरूप्रति सदैव सँगै रहन चाहनु हो भन्ने अर्कोतिर आयआर्जजनको कमी र खेतीयोग्य जमीनको खण्डीकरण नहोस भन्ने चाहानाले नै सगोलमा बस्नुपरेको कुरा उत्तरदाताहरूले बताए ।

**चित्र ४.१**




**घरधुरी उत्तरदाताहरूको पारिवारिक संरचना**

### ४.३.५ धार्मिक स्थिति

अध्ययन क्षेत्रभित्र बसोबास गर्ने जातजातिहरू धर्म तथा संस्कृतिमा निकै विश्वास गर्दछन् । समय समयमा आउने चाडपर्वहरू जस्तै दशैं, तिहार, लोसार, माघे संक्रान्ति, फागु, बैशाखे पूर्णिमा, साउने सक्तान्ति, आदि निकै हर्षोल्लासका साथ मनाउँने गरेका छन् । नेवार समुदायले आफ्नो जातिले मान्ने चाडबाड, रीतिथिति आदिलाई पूर्ण रूपले मनाउने गरेको पाइन्छ । छिमेकमा रहेका अन्य जातजातिलाई समेत आआफनो संस्कारजन्य कार्यहरूमा निम्तो गर्ने र भोज खुवाउने चलन प्राय: सबै घरपरिवारहरूमा भेटिन्छ । जातजाति अनुसार आआफ्नो धर्म सस्कृति अंगालेको भए तापनि परम्परागत धर्ममा विश्वास राख्नेको संख्या धेरै देखिन्छ ।


**तालिका ४.५: धर्मको आधारमा घरधुरी उत्तरदाताहरूको संरचना**

| धर्म | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ५५ | ६८.७५ |
| बौद्ध | २० | २५.० |
| क्रिश्चियन | ५ | ६.२५ |
| जम्मा | ८० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

अध्ययन क्षेत्रका घरधुरीमध्ये अधिकांश (६८.७५%) ले हिन्दू धर्मलाई आफ्नो धर्मको रूपमा मान्ने गरेका छन्। हिन्दू धर्म मान्नेहरूमा शतप्रतिशत क्षेत्री र ब्राह्मण घरधुरीहरू छन् भने केही नेवार घरधुरीहरू समेत रहेको पाइयो। बौद्ध धर्ममा विश्वास गर्नेहरू २५.० प्रतिशत रहेका पाइयो जुन् तामाङ, गुरुङ र केही नेवार घरधुरीहरू रहेकाछन्। केही नेवार र सार्की जातिका घरधुरीहरूले हाल क्रिश्चियन धर्म पनि आफ्नो मूल धर्म भएको बताए जुन कुल घरधुरी संख्याको ६.२५ प्रतिशत रहेको भेटियो (तालिका ४.५)।

**चित्र ४.२**




**धर्मको आधारमा घरधुरी उत्तरदाताहरूको संरचना**

### ४.३.६ घरधुरी जनसंख्याको वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्था हो जुन मानिसले आफ्नो वंश, परम्परा र समाजलाई निरन्तरता दिन उमेर पुगेकाहरूले आफै गर्ने वा अविभावकहरूले गरिदिने गर्दछन् । विवाहले महिलाहरूको हैसियत र भूमिकामा परिवर्तन ल्याई उनीहरूलाई कर्तव्य र जिम्मेवारको बोध गराउँछ । विवाहले नै एउटा छोरीलाई बुहारी, भाउजु, आमा, श्रीमती तथा सासुको रूपमा परिणत गर्दछ । त्यसैले विवाहलाई एक महत्त्वपूर्ण सामाजिक संस्कार मानिन्छ । अध्ययन क्षेत्रका घरधुरी उत्तरदाताहरूका जनसंख्याको वैवाहिक स्थितिलाई हेर्ने हो भने तालिका ४.६ अनुसारको स्थिति त्यहाँ  देखिन्छ ।

**तालिका ४.६: घरधुरी जनसंख्याको विवाहिक स्थिति (१० बर्ष भन्दा माथि)**

| **वैवाहिक स्थिति** | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | १८६ | ४८.६९ |
| अविवाहति | १६५ | ४३.१९ |
| विधवा/विदुर | २२ | ५.७५ |
| पारपाचुके गरेको | ९ | २.३५ |
| जम्मा | ३८२ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

तालिका ४.६ अनुसार कुल ८० घरधुरीका ४८५ जनसंख्यामध्ये ३८२ जना १० बर्षभन्दा बढी उमेर समूहका छन् । बाँकी १०३ जना नाबालकको रूपमा भएका कारण उनीहरूलाई वैवाहिक सम्बन्धका बारेमा सोधिएन । उमेर पुगेका उत्तरदाताहरूको वैवाहिक स्थितिलाई हेर्दा अधिकांश (४८.६९%) विवाहित हुनेहरू छन् । त्यस्तै अविवाहित हुनेहरू पनि ठुलै संख्यामा (४३.१९%) रहेको देखिन्छन् । विधवा/विदुर रहेकाहरू ५.७५ प्रतिशत छन् भने विवाह भएर पनि श्रीमान/श्रीमतीबीच मनमुटाव भई अलग्गै वा सम्बन्ध विच्छेद गरेर बसेकाहरू २.३५ प्रतिशत रहेको भेटियो । सम्बन्ध विच्छेद गर्नेहरूमा आधाभन्दा बढीले

सम्बन्ध विच्छेद गर्दा कानुनी प्रक्रिया अपनाई छुटिएको बताए भने बाँकीले त्यसो नगरेको पाइयो ।

### ४.३.७ घरधुरी जनसंख्याको शैक्षिक अवस्था

कीर्तिपुर नगरपालिका वडा नं १२ जाखास्थित बसोबास गर्ने घरधुरी उत्तरदाताहरूको शैक्षिक स्थितिको अध्ययन गर्दा प्रायःजसो शिक्षित नै देखिन्छन् । शैक्षिक स्थितिको सन्दर्भमा ६ वर्ष वा सो भन्दा माथिकालाई मात्र साक्षर भए नभएको अथवा उनीहरूको शैक्षिक तहबारे सोधिएको थियो । अध्ययन क्षेत्रका घरधुरी जनसंख्याको शैक्षिक अवस्थालाई निम्न तालिका ४.७ बाट स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.७ : घरधुरी जनसंख्याको शैक्षिक अवस्था (५ बर्षभन्दा माथि)**


| शैक्षिक स्थिति एवं तह | पुरुष | महिला | जम्मा (%) |
|---|---|---|---|
| निरक्षर | ५ | १२ | १७ (३.८२) |
| साक्षर मात्रै | २० | ४४ | ६४ (१४.३८) |
| प्राथमिक तह | ३७ | ४९ | ८६ (१९.३२) |
| निम्न माध्यमिक तह | ३१ | ३७ | ६८ (१५.२८) |
| माध्यमिक वा एस.एल.सी | ४० | ३५ | ७५ (१६.७५) |
| उच्च माध्यमिक तह | ५६ | ४५ | १०१ (२२.६९) |
| स्नात्तक वा सो भन्दा माथि | २० | १४ | ३४ (७.६४) |
| जम्मा | २०९ | २३६ | ४४५ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथि उल्लेखित तालिका ४.७ अनुसार ५ बर्ष भन्दामाथिका उमेर समूहमा रहेका २०९ पुरुष र २३६ महिला गरी जम्मा ४४५ जना जनसंख्या देखिन्छ । जस्मध्ये सबैभन्दा थोरै ३.८२ प्रतिशत घरधुरी जनसंख्या निरक्षर रहेका पाइयो भने सबैभन्दा धेरै २२.६९ प्रतिशत जनसंख्या उच्च माध्यमिक तहको शिक्षा प्राप्त गर्नेहरू रहेका छन् । स्नात्तक तह वा सोभन्दा माथिको शैक्षिक उपाधि प्राप्त गर्नेहरूमा महिला तथा पुरुष दुवैगरी ७.६४

प्रतिशत रहेको देखिन्छ । यसबाट के देखिन्छ भने अध्ययन क्षेत्रका बासिन्दाहरूको शैक्षिक स्थिति त्यत्ति नराम्रो देखिदैन । नेपालको राष्ट्रिय जनगणना, २०६८अनुसार नेपालको कुल साक्षरता दर ६५.९% रहेको भए तापनि अध्ययन क्षेत्रका कुल साक्षरता दर भने ९६.१७% रहेको देखिन्छ ।

**चित्र ४.३**




**घरधुरी जनसंख्याको शैक्षिक अवस्था (५ बर्षभन्दा माथि)**

## ४.४ घरधुरी जनसंख्याको आर्थिक विवरण

यस उपशिर्षकमा अध्ययन क्षेत्रका घरधुरीहरूको आर्थिक अवस्थालाई विश्लेषण गरिएको छ । आर्थिक पक्षसँग सम्बन्धित तत्वहरू जस्तै जग्गाजमीनको स्थिति, जग्गाको स्वामित्व, पेशा, आम्दानीका मुख्य स्रोत, पशुपालन आदिलाई विस्तृत चर्चा गरिएको छ ।

### ४.४.१ जग्गाजमिनको स्थिति र त्यसको स्वामित्व

ग्रामीण नेपाली समाजका अधिकांश मानिसहरू कृषि व्यवसायमा नै निर्भर रहने गर्दछन् । अध्ययन क्षेत्रका उत्तरदाताहरूले पनि कृषि, व्यापार, नोकरी, आदि काम गरी आफ्नो जीवन निर्वाह गर्दछन् । शत्प्रतिशत घरधुरीहरूसँग बस्नको लागि केही टुक्रा भए पनि आफ्नै

जग्गाजमिनहरूरहेको पाइन्छ। उनीहरूको स्वामित्वमा रहेका जग्गाहरूको किसिम हेर्दा पाखो बारी र पानी लाग्ने खेत दुबै रहेका पाइयो। थोरै परिवारसँग मात्रै बर्ष दिनभरी खान पुग्ने पर्याप्त जग्गाजमीन रहेको देखिन्छ। घरधुरी उत्तरदाताहरूको स्वामित्वमा रहेको जग्गाजमीनको मात्रालाई तलको तालिका ४.८ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.८: घरधुरी उत्तरदाताहरूको जग्गाजमिनको स्थिति**

| जग्गाको परिमाण | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|
| १ रोपनीसम्म | १२ | १५.० |
| २-३ रोपनी | २५ | ३१.२५ |
| ४-५ रोपनी | २८ | ३५.० |
| ६ रोपनी भन्दा बढी | १५ | १८.७५ |
| जम्मा | ८० | १००.० |

स्रोत: स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.८ अनुसार घरधुरी उत्तरदातासँग रहेको कुल जग्गाजमिनको स्थितिलाई मोटमोटी रूपमा उल्लेख गरिएको छ। अध्ययन अवलोकनबाट पनि अधिकांश घरधुरी जनसंख्याहरू कृषि पेशामा निर्भर रहेको देखिएका कारण उनीहरूसँग कृषिको लागि के कति जमिन रहेको छ भन्ने कुरा थाहा पाउन आवश्यक थियो। यहाँका घरधुरी जनसंख्याहरूले बाह्रै महिना घर नजीकैको आफ्नो जग्गामा तरकारी खेती गर्ने, धान/मकै/गहुँ तथा आलु लगाउने गरेको पाइन्छ भने गाईभैंसी तथा कुखुरा समेत पाल्ने गरेको देखिन्छ। त्यसकारण पनि घरधुरी उत्तरदाताहरूसँग भएको जग्गाजमीनको स्थिति हेर्दा ३५.० प्रतिशत घरधुरीसँग ४ देखि ५ रोपनीसम्म खेतीयोग्य जमिन रहेको पाइयो। त्यसैगरी, ३१.२५ प्रतिशतसँग २ देखि ३ रोपनीसम्म जमीन रहेको देखिन्छ। ६ रोपनी वा सो भन्दाबढी जग्गाजमीन हुनेहरू भने १८.७५ प्रतिशत छन् भने १ रोपनीसम्म जग्गाजमीन भएकाहरू १५.० प्रतिशत रहेको पाइयो।

**तालिका ४.९: लैगिंक आधारमा जग्गाजमिनको स्वामित्व**

| स्वामित्व | जम्मा घरधूरी | प्रतिशत |
|---|---|---|
| पुरुष | ५३ | ६६.२५ |
| महिला | १५ | १८.७५ |
| दुबैको | १२ | १५.० |
| जम्मा | ८० | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

त्यसैगरी, अध्ययन क्षेत्रका जातजातिभित्र जग्गाजमीनमाथि कसको स्वामित्व रहेको छ भन्ने कुरालाई समेत हेरिएको थियो । घरधुरी उत्तरदातासँग रहेको कुल जग्गाजमिनको स्वामित्व हेर्दा सबैभन्दा बढी (६६.२५%) पुरुषसँग रहेको भेटियो (तालिका ४.९) । १८.७५ प्रतिशत घरधुरीमा भने महिलाको एकल स्वामित्वमा जग्गाजमीन रहेको पाइयो । केवल १५.० प्रतिशत घरधुरीमा महिला तथा पुरुष दुबैको नाममा जग्गाको स्वामित्व देखियो । यसबाट यो प्रष्ट हुन्छ की महिलाहरूले पनि घरको सम्पत्तिमा आफ्नो हैसियत कायम गरेका छन् ।

### ४.४.२ पेशागत विवरण तथा आम्दानीका मुख्य स्रोत

गाँस, बास र कपासको परिपूर्तिको लागि अर्थात बाँच्ने र बचाउने प्रक्रियामा हरेक ब्यक्तिहरूले कुनै न कुनै पेशा अवश्य गर्नेगरेको हुन्छ । अध्ययन क्षेत्रका घरधुरीहरूले आफ्नो पुर्खौली पेशा खेतीपाती भएको कुरा बताएका छन् । उनीहरूले आफ्नो पुर्खेउली पेशासँगै अन्य पेशालाई समेत अंगालेको भेटिन्छ । आयस्रोतका लागि उनीहरूले खेतीपाती तथा ज्यालामजदुरी गर्ने, नोकरी गर्ने, व्यापार गर्ने, वैदेशिक रोजगारमा जाने, आदि जस्ता कार्यहरू गर्नेगरेको पाइन्छ । तालिका ४.१० मा घरधुरी जनसंख्याको पेशागत विवरणलाई उल्लेख गरिएको छ ।

**तालिका ४.१०: घरधुरी जनसंख्याको पेशागत विवरण (१० बर्ष भन्दा माथि)**

| मुख्य पेशा | लिंग | | जम्मा (%) |
|---|---|---|---|
| | पुरुष | महिला | |
| कृषि | १५ | ३५ | ५० (१३.०८) |
| अध्ययन | ५६ | ६४ | १२० (३१.४१) |
| नोकरी | ३२ | २० | ५२ (१३.६१) |
| व्यापार | १० | ९ | १९ (४.९७) |
| ज्याला मजदुरी | १६ | १२ | २८ (७.३२) |
| घरायसी काम गर्ने | १२ | ४१ | ५३ (१३.८७) |
| वैदेशिक रोजगार | २४ | १२ | ३६ (९.४२) |
| राजनीति वा समाजसेवा | १० | ६ | १६ (४.१८) |
| अशक्त | २ | ६ | ८ (२.०९) |
| जम्मा | १७७ | २०५ | ३८२ (१००.०) |

स्रोत: स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.१० अनुसार अधिकांशले अध्ययन कार्यलाई आफ्नो मुख्य पेशा मानेको देखिन्छ जुन् कुल घरधुरी जनसंख्याको ३१.४१ प्रतिशत छ।अध्ययनलाई पेशा मान्नेहरू उमेर पुगेका स्कूले केटाकेटीहरू मात्रै हुन्। कृषिलाई पेशा बताउनेहरू १३.०८ प्रतिशत मात्र रहेको छ। त्यसैगरी, नोकरी गर्नेमा १३.६१ प्रतिशत, घरायसी काम भन्नेहरू १३.८७ प्रतिशत, वैदेशिक रोजगार ९.४२ प्रतिशत, ज्यालामजदुरी गर्नेहरू ७.३२ प्रतिशत र व्यापार गर्नेहरू ४.९७ प्रतिशत रहेका छन्। बाँकीले समाजसेवा (४.१८%) गर्नेगरेको पाइयो भने २.०९ प्रतिशत अशक्त (बुढाबुढीहरू) देखिन्छन्।

**तालिका ४.११: घरधुरी जनसंख्याको मुख्य आम्दानीका स्रोत**

| **आम्दानीका मुख्य स्रोत** | **जम्मा घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| नोकरी | ३० | ३७.५ |
| व्यापार | १८ | २२.५ |
| खेतीपाती | १२ | १५.० |
| ज्याला मजदुरी | ८ | १०.० |
| वैदेशिक रोजगार | ६ | ७.५ |
| पशुपंक्षी पालन | ६ | ७.५ |
| जम्मा | ८० | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

अध्ययन क्षेत्रकाघरधुरीहरूको मुख्य आम्दानीका स्रोतहरू भने विविध प्रकारको रहेको छ ( तालिका ४.११) । उनीहरूले आफ्नो घर चलाउन एउटै मात्र आम्दानीका स्रोतमा भर नपरी विभिन्न पेशा वा व्यवसायलाई सँगसँगै गर्नेगरेको छ । तैपनि उनीहरूलाई एउटामात्र मुख्य आम्दानीका स्रोतका बारेमा सोधिएको थियो । नमूना छनौटमा परेका ३० घरधुरीका मुख्य आम्दानीका स्रोत भनेको नोकरी रहेको देखियो । त्यस्तै १८ घरधुरीको मुख्य आम्दानी भनेको व्यापार व्यावसायबाट हुने आम्दानी रहेको छ भने बाँकीको खेतीपाती (१५.०%), ज्यालामजदुरी (१०.०%), वैदेशिक रोजगार (७.५%) र पशुपंक्षी पालन (७.५%) छन् ।

### ४.४.३ पशुपालनको स्थिति

अध्ययन क्षेत्रभित्र पशुपालनलाई कृषिको परिपुरक कार्यको रूपमा लिइएको देखिन्छ । खेतबारीका लागि मलको व्यवस्थापन गर्न र दूधको प्रयोग उवं बिक्री गर्न गाई तथा भैंसी पाल्ने गरेको पाइयो । त्यस्तै, खसी, बोका, हाँस, कुखुरा, आदिलाई मासु र बेचबिखनको लागि व्यवसायिक तरिकाले समेत पाल्ने गरेका छन् । घरैमा रहेको पशुपालन हेरचाह गर्ने कार्यमा महिलाहरूको संलग्नता बढी देखियो भने बजार गई दूध बेच्ने र पंक्षीजन्य वस्तुहरूको ओसारपोसार गर्ने कार्यमा भने पुरुषहरू अगाडि रहेका भेटिन्छन् । जमीनको

खनजोत तथा बालीनाली गोडमेल जस्ता कामहरूमा महिला पुरुष दुवैको योगदान उत्तिकै रहेको उत्तरदाताहरू बताउछन् ।

**तालिका ४.१२: घरधुरी उत्तरदातासँग रहेको पशुपंक्षीको स्थिति**

| पशुको विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| हाँस/कुखुरा | ५८४ | ७९.७८ |
| बाखा | ९२ | १२.५६ |
| गाई | ३० | ४.०९ |
| भैंसी | २६ | ३.५५ |
| जम्मा | ७३२ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

अध्ययनको क्रममा ८० घरधुरीमध्ये ३० घरधुरीलेमात्रपशुपंक्षीहरू पालेको भेटियो भने बाँकी घरहरूमा भेटिएन । सरसर्ती हेर्दा सबैभन्दा बढी क्रमश कुखुरा, बाखा, गाई र भैंसी गरी कुल ७३२ वटा पशुपंक्षीहरू पालेको भेटियो (तालिका ४.१२) । बजार गई उत्पादित अन्नबाली, फलफुल र तरकारीको विक्रीबाट प्राप्त भएका रकमले उनीहरू बाखाको पाठा/पाठी, खसी/बोका, हाँस, कुखुरा, भैसी, आदि, जस्ता जनावर तथा पशुपंक्षीहरू आफ्नो घरपरिवारका लागि खरीद गर्ने गर्दछन् भने केही महिला तथा केटाकेटीहहरूले दाइजो तथा पेवाको रूपमा समेत पशुपंक्षीहरू आफ्नो घर तथा मावलीबाट प्राप्त गर्ने गरेको भेटियो ।गोरु र राँगा भने कुनै पनि घरधुरीले पालेको देखिदैन । काठमाण्डौं उपत्याकामा गोरु तथा रागा जोत्न नपाइने पुरानो धार्मिक प्रचलन हुनु र खेतीका लागि जग्गामीन थोरै हुनुले पनि गोरु र रागा पाल्ने नगरेको जानकारहरू बताउछन् ।

### ४.५ उत्तरदाताको सामाजिक-आर्थिक विशेषताहरू

यस खण्डमा घरधुरीबाट लिएका उत्तरदाताहरूको उमेर, लिंग, शैक्षिक स्थिति, पेशा र उनीहरूको स्थानीय समूहप्रति रहेको संलग्नतालाई मात्र प्रस्तुत गरिएको छ ।

### ४.५.१ उत्तरदाताको उमेर र लिंग

अध्ययनको क्रममा अध्ययन क्षेत्रका घरधुरीहरूबाट महिला तथा पुरुष दुवै उत्तरदातालाई लिएको थियो । कुल ८० घरधुरीका ८० जना उत्तरदाताहरूमध्ये ४८ (६०.०%) जना महिला र ३२ (४०.०%) जना पुरुष उत्तरदाताहरूअन्तर्वार्ताका रूपमा रहेका छन् ।

**तालिका ४.१३ : उमेर र लिंगको आधारमाउत्तरदाताको विवरण**

| उमेर समूह | महिला | पुरुष | जम्मा (%) |
|---|---|---|---|
| १९ बर्ष भन्दा कम | ४ | ३ | ७ (८.७५) |
| २०-५९ बर्ष | ३५ | २७ | ६२ (७७.५) |
| ६० भन्दा बढी | ९ | २ | ११ (१३.७५) |
| जम्मा | ४८ | ३२ | ८० (१००.०) |

स्रोत : स्थलगत अध्ययन, २०७०

उत्तरदाताका रूपमा छनौटमा भएकाहरूको उमेरगत अवस्था हेर्ने हो भने १९ वर्ष भन्दा कम उमेर समूहका ७ जना अर्थात ८.७५ प्रतिशत रहेको छ भने २०-५९ वर्ष उमेर समूहका ६२ जना अर्थात ७७.५ प्रतिशत रहेका छन् (तालिका ४.१३) । त्यसैगरी, ६० वर्ष वा सो भन्दा बढी उमेर समूहका उत्तरदाताहरू ११जना अर्थात १३.७५ प्रतिशत रहेका छन् । यसबाट के देखिन्छ भने उत्तरदाताहरू सबैभन्दा धेरै २०-५९ बर्ष उमेर समूहका हुनु भनेको अनुसन्धानको लागि सही सूचना संकलन गर्न भरपर्दो उत्तरदाता प्राप्त हुनु हो ।

### ४.५.२ उत्तरदाताको शैक्षिक अवस्था

महिला उत्तरदाताको शैक्षिक अवस्था भने पुरुषको तुलनामा केही कमी रहेको छ । विगतको तुलनामा हाल शिक्षाप्रति समाजको झुकाव सकारात्मक रहे पनि महिलाहरू भने शिक्षाको अवसरबाट अझै बञ्चित हुनुपरेको स्थिति छ । उत्तरदाताहरूको शैक्षिक स्थिति स्नातक तहसम्मको रहेको छ । समग्रमा अनौपचारिक शिक्षा हासिल गरेका महिला उत्तरदाताको संख्या केही बढी रहेका छन । तालिका ४.१४ मा उत्तरदाताहरूको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४ : लैंगिकताको आधारमा उत्तरदाताको शैक्षिक विवरण**

| शैक्षिक स्तर | महिला | पुरुष | प्रतिशत |
|---|---|---|---|
| निरक्षर | ३ | - | ३ (३.७५) |
| साक्षर | ७ | २ | ९ (११.२५) |
| प्राथमिक तह | ६ | ४ | १० (१२.५) |
| निम्न माध्यमिक तह | ९ | ५ | १४ (१७.५) |
| माध्यमिक तह | १२ | ८ | २० (२५.०) |
| उच्च माध्यमिक तह | ८ | ११ | १९ (२३.७५) |
| स्नातक | ३ | २ | ५ (६.२५) |
| जम्मा | ४८ | ३२ | ८० (१००.०) |

स्रोत : स्थलगत अध्ययन, २०७०

उत्तरदाताहरूको शैक्षिक अवस्थालाई प्रस्ट्याउने प्रयास गरिदा कुल ८० उत्तरदाताहरूमध्ये निरक्षर हुनेमा महिला मात्रै रहेका छन् जुन् ३.७५ प्रतिशत रहेको छ (तालिका ४.१४)। त्यसैगरी, साक्षरमा ११.२५ प्रतिशत, प्राथमिक तहको पढाई पुरा गर्नेहरू १२.५ प्रतिशत, निम्न माध्यमिक तहको १७.५ प्रतिशत र माध्यमिक तहका २५.० प्रतिशत उत्तरदाताहरू छन्। उच्च माध्यमिक तहको शिक्षा पुरा गरेको उत्तरदाताहरू भने २३.७५ प्रतिशत रहेको छ भने स्नात्तक वा सो भन्दा माथिका उत्तरदाताहरू ६.२५ प्रतिशत रहेको छ।

### ४.५.३ उत्तरदाताको पेशा

अध्ययनका लागि उत्तरदाताको रूपमा रहेका अधिकांश (२२.५%) को मुख्य पेसा कृषि र घरायसी कार्य रहेको छ जुन बराबर देखिन्छ। त्यसपछिका अध्ययन गर्नेहरू १५.० प्रतिशत छन् भने विभिन्न संघसस्था वा निकायहरूमा नोकरी गर्नेहरू १२.५ प्रतिशत, व्यापार व्यवसाय गर्नेहरू ११.२५ प्रतिशत र ज्यालामजदुरीमा १०.० प्रतिशत छन्।त्यस्तै, ६.२५ प्रतिशतसामाजिक सेवालाई आफ्नो पेशा मान्ने उत्तरदाता छन् जो स्थानीय स्तरमा राजनीति गर्नेहरू हुन् (तालिका ४.१५)।

**तालिका ४.१५ : लैंगिक आधारमा उत्तरदाताहरूको पेशागत विवरण**

| मुख्य पेशा | महिला | पुरुष | प्रतिशत |
|---|---|---|---|
| कृषि | ११ | ७ | १८ (२२.५) |
| घरायसी | १३ | ५ | १८ (२२.५) |
| अध्ययन | ५ | ७ | १२ (१५.०) |
| नोकरी | ७ | ३ | १० (१२.५) |
| व्यापार | ६ | ३ | ९ (११.२५) |
| ज्याला मजदुरी | ४ | ४ | ८ (१०.०) |
| सामाजिक सेवा | २ | ३ | ५ (६.२५) |
| जम्मा | ४८ | ३२ | ८० (१००.०) |

स्रोत : स्थलगत अध्ययन, २०७०

### ४.५.४ स्थानीय सामुदायिक संघसंस्थाहरूमा उत्तरदाताको आवद्धता

अध्ययन क्षेत्रका प्रत्येक जातजातिका उत्तरदाताहरू कुनै न कुनै सामाजिक समूहमा आबद्ध रहेको पाइन्छ। स्थानीयस्तरमा समाज सेवाका लागि विभिन्न प्रकारका समूह वा सामुदायिक संघसंस्थाहरू सञ्चालनमा रहेका छन्। खानेपानी समूह, गुठी, महिला बचत तथा ऋण समूह, टोल सुधार समिति, आदि यहाँका प्रमुख सामुदायिक समूह वा संघसंस्थाहरू हुन्।

**तालिका ४.१६: उत्तरदाताको स्थानीय सामुदायिक संघसंस्थागत सहभागिता**

| सामुदायिक संस्था | महिला | पुरुष | प्रतिशत |
|---|---|---|---|
| खानेपानी | २ | ३ | ५ (६.२५) |
| स्थानीय गुठी | ५ | १२ | १७ (२१.२५) |
| आमा समूह (समाजसेवा) | १० | - | १० (१२.५) |
| बचत तथा ऋण समूह | २६ | - | २६ (३२.५) |
| विद्यालय व्यवस्थापन | १ | ४ | ५ (६.२५) |
| राजनैतिक क्रियाकलाप | १ | ५ | ६ (७.५) |
| टोल सुधार | ३ | ८ | ११ (१३.७५) |
| जम्मा | ४८ | ३२ | ८० (१००.०) |

स्रोत : स्थलगत अध्ययन, २०७०

खासगरी अध्ययन क्षेत्रका आमा समूह र बचत तथा ऋण समूहमा महिला उत्तरदाताहरूको मात्रै सहभागिता रहेको भेटियो भने स्थानीय गुठी, विद्यालय व्यवस्थापन, राजनैतिक दलगत क्रियाकलाप र टोल सुधार समितिहरूमा भने पुरुषहरूको तुलनामा उनीहरूको सहभागिता थोरै छ (तालिका ४.१६)।

अध्ययन क्षेत्रका शतप्रतिशत (१००.०%) घरधुरी उत्तरदाताहरूले संञ्चारका लागि रेडिया, टि.भी. र मोबाइलहरूको प्रयोग गरेको भेटियो। भौतिक वस्तुको रूपमा आधुनिक टेलिभिजन, कमप्युटर तथा यातायातका साधनहरू पनि केही उत्तरदाताहरूले आफूसँग राखेको बताए। त्यस्तै, अध्ययन क्षेत्रका १००.० प्रतिशत घरधुरीहरूले शौचालयको प्रयोग गर्ने गरेका छन्। ईन्धनको रूपमा शतप्रतिशत घरधुरी उत्तरदाताहरूले ग्याँसको प्रयोग गर्नेगरेको पाइन्छ भने केही घरधुरीहरूले दाउरा तथा मट्टीतेलको पनि प्रयोग गरी खाना बनाउनेगरेको भेटियो। आधाभन्दा बढी घरधुरीहरूले आफ्नै नीजि धाराको पानी खाने गरेका छन् भने बाँकीले सार्वजानिक स्थानमा रहेका धाराको पानी प्रयोग गर्ने गर्दछन्।

# अध्याय पाँच
# महिलाहरूको शैक्षिक अवस्थाको विश्लेषण

यस अध्यायअन्तर्गत अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था तथा महिला शिक्षामा आइपर्ने बाधक तत्वहरूको बारेमा मुख्य शीर्षक राखी उत्तरदाताहरूको भनाईलाई शुक्ष्म तरिकाले विश्लेषण गरिएको छ । खासगरी अध्ययन क्षेत्रभित्र रहेका शैक्षिक पूर्वाधारहरूको स्थिति, महिाल उत्तरदाताहरूको साक्षरता तथा जातिगत आधारमा उनीहरूको शैक्षिक अवस्था, महिला शिक्षाप्रति उत्तरदाताहरूको धारणा, शिक्षामा अवसर तथा सुविधाप्रतिको, महिला शिक्षाको निर्णयकर्ता, महिला शिक्षाका बाधक तत्वहरू आदि जस्ता उपशीर्षक राखी क्रमैसँग प्रस्तुत गरिएको छ ।

## ५.१ अध्ययन क्षेत्रभित्र रहेका शैक्षिक पूर्वाधारहरू

कुनैपनि क्षेत्रमा बसोबास गर्ने मानिसहरूको शैक्षिक स्थिति थाहा पाउन उक्त क्षेत्रमा के कति मात्रामा शैक्षिक पूर्वाधारहरूको विकास छ भन्ने कुरालाई हेर्नुपर्दछ । जनताको शैक्षिक विकास गर्नु राज्यको प्रमुख दायित्व हो । शैक्षिक विकासका लागि सरकारले सर्वप्रथम शैक्षिक पूर्वाधारहरूका निर्माणमा जोड दिनु पर्दछ । जनसमुदायको माग र आफूसँग भएको स्रोतसाधनहरूका आधारमा शैक्षिक पूर्वाधारहरूको विकास गरिनु पर्दछ । हाल नीजि क्षेत्रहरूबाट सञ्चालित थुप्रै शैक्षिक संस्थाहरूले पनि आफ्नो क्षमताअनुसार शिक्षामा विकास गरेका छन् । सरसर्ती हेर्दा अध्ययन क्षेत्रभित्र रहेका शैक्षिक पूर्वाधारहरूको स्थिति भने निम्न तालिका ५.१ अनुसार रहेको पाइन्छ ।

**तालिका ५.१:शैक्षिक तहको आधारमा शैक्षिक पूर्वाधारको स्थिति**

| **शैक्षिक पूर्वाधार** | **शैक्षिक तह** | | | **जम्मा (%)** |
|---|---|---|---|---|
| | **प्रा.वि.** | **निम्न मा.वि.** | **मा.वि.** | |
| सरकारी सामुदायिक विद्यालय | - | १ | - | १ (११.११) |
| नीजि आवासिय विद्यालय | ६ | १ | १ | ८ ( ८८.८८) |
| जम्मा | ६ | २ | १ | ९ (१००.०) |

स्रोत : स्थलगत अध्ययन, २०७०

माथिको तालिकाबाट अध्ययन क्षेत्रभित्र १ वटा सरकारी र ८ वटा नीजि गरी कुल ९ वटा शैक्षिक संस्थाहरू रहेको पाइयो। तीमध्ये एउटा निम्न माध्यमिक तहको सामुदायिक सरकारी विद्यालय रहेका छन्।नीजिस्तरबाट सञ्चालित ६ वटा प्राथमिक तहका विद्यालय, १ वटा निम्न माध्यमिक तहका विद्यालय र १ वटा माध्यमिक तहका विद्यालयहरू छन्।उच्च माध्यमिक तहका विद्यालय वा सो भन्दा माथिका कुनैपनि विद्यालय वा क्याम्पसहरू उक्त क्षेत्रमा छैनन्। माध्यमिक तहको अध्ययन पुरा भएपछि नजीकैको कीतिपुर बजारस्थित रहेका उच्च माध्यमिक तहका विद्यालय एवं क्याम्पसहरूमा विद्यार्थीहरू जाने गरेका छन्। यसबाट के देखिन्छ भने नीजिस्तरबाट सञ्चालित विद्यालयहरूले उक्त क्षेत्रमा शैक्षिक योगदान बढी रहेको प्रष्टै छ।

## ५.२ महिलाहरूको शैक्षिक अवस्था

अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था के कस्तो रहेको छ भन्ने कुरा थाहा पाउनु यस अध्ययनको एक प्रमुख उदेश्य हो। घरधुरी उत्तरदाताहरू छनौट गर्दा कुल ८० जनाउत्तरदाताहरूमध्ये ४८ जना महिला उत्तरदाताहरू थिए।ती महिला उत्तरदाताहरूको शैक्षिक अवस्थालाई विभिन्न उपशिर्षकमा राखी विश्लेषण गरिएको छ।

### ५.२.१ साक्षरताको स्थिति

विगतको तुलनामा हाल शिक्षाप्रति समाजको झुकाव सकारात्मक रहे पनि महिलाहरू शिक्षाबाट अझै बञ्चित हुनुपरेको स्थिति जहाँसुकै छ। महिला शिक्षित भए परिवार शिक्षित हुन्छ, परिवार शिक्षित रहे समाज र समाज शिक्षित रहे देश शिक्षित रहन्छ भन्ने कथन रहे पनि त्यस्तो अवस्था पाउन सकिदैन। पहिलो कुरा त महिलाहरूलाई साक्षर बनाउन सकिएको छैन। विभिन्न शैक्षिक तहसम्म शिक्षा दिलाई महिलाहरूको शैक्षिक अवस्था सुधार्न धेरै लगानी गर्नुपर्ने हुन्छ। अध्ययन क्रममा घरधुरी उत्तरदाताको रूपमा छनौट भएका महिला उत्तरदाताको संख्या पुरुषको तुलनामा केही बढी रहेका छन्। तिनीहरूको साक्षरताको स्थितिलाई तलको तालिका ५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.२: उत्तरदाता महिलाहरूको साक्षरताको स्थिति**

| **साक्षरताको स्थिति** | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|
| निरक्षर | ३ | ६.२५ |
| साक्षर | ४५ | ९३.७५ |
| जम्मा | ४८ | १००.० |
| **शैक्षिक सहभागिताको किसिम** | | |
| औपचारिक | २८ | ६२.२२ |
| अनौपचारिक | १७ | ३७.७७ |
| जम्मा | ४५ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

उत्तरदाता महिलाहरूको साक्षरताको स्थिति हेर्दा कुल ४८ जना उत्तरदाताहरूमध्ये निरक्षर हुनेमा ३ जनामात्र अर्थात् ६.२५ प्रतिशत रहेको छ (तालिका ५.२)। त्यसैगरी, साक्षरमा ९३.७५ प्रतिशत रहेका छन्। नेपालको कुल साक्षरता दर ६५.९ प्रतिशत हो जसमध्ये पुरुषको ७५.१ प्रतिशत र महिलाको ५७.४ प्रतिशत रहेको छ (CBS, 2011). अध्ययन क्षेत्रका महिला उत्तरदाताहरूको साक्षरता दर अत्यन्तै बढी देखिन्छ जुन अस्वाभाविक पनि

लाग्न सक्छ। नेपालको शैक्षिक विकास भौगोलिक क्षेत्रअनुसार एकैनासको नहुनुले परिणाममा फरक आउछ।

त्यसैगरी, साक्षर महिला उत्तरदाताहरूको शैक्षिक सहभागिता के कस्तो थियो?भन्ने कुरालाई पनि विश्लेषण गरिएको थियो। साक्षर हुनेहरूमध्ये २८ (६२.२२%) जनाले शैक्षिक संघसंस्थाहरूबाटै औपचारिक शिक्षा हासिल गरी साक्षर भएको बताए (तालिका ५.२)। बाँकी १७ (३७.७७%) जनाले भने विभिन्न संघसस्थाहरूले सञ्चालन गरेको प्रौढ शिक्षा, आफ्नै छोराछोरी, आदिको माध्यमबाट अनौपचारिक शिक्षा लिई आफू साक्षर बनेको स्पष्ट पारेका छन्।

### ५.१.२ जातिगत आधारमा महिलाहरूको शैक्षिक स्थिति

अध्ययन क्षेत्रका महिला उत्तरदाताहरूको शैक्षिक स्थिति के कस्तो छ भन्ने कुरालाई जातजातिगत आधारमा समेत थप विश्लेषण गर्नु सान्दर्भिक हुन्छ। समाजमा रहेका सबै जातजातिको शैक्षिकस्तर एकैनासको पनि हुदैन। कुनै जातजातिका रुचि, व्यवहार, संस्कार, आदि जस्ता कुराहरूले उक्त जातजातिको शैक्षिक उन्नतिलाई मापन गर्दछ। समाजका केही जातजातिहरूको शैक्षिकस्तर राम्रो हुन्छ भने केहीको कमजोर हुन्छ। यसो हुनुमा राम्रो शैक्षिकस्तर हुने घरपरिवारहरूले शिक्षालाई राम्रोसँग बुझेको हुन्छ भने कसैले यसको महत्व एवं उपयोगितालाई नबुझनाले हुने गर्दछ। शैक्षिक विकासका लागि शैक्षिक पूर्वाधारहरूको विकास, पहुँचर सामाजिक तथा सांस्कृतिक मुल्य एवं मान्यताहरूले समेत प्रभाव पार्दछ। अध्ययन क्षेत्रका महिला उत्तरदाताहरूको शैक्षिक स्थिति पनि जातिगत रूपमा समान छैनन्। उक्त तथ्यलाई तालिका ५.३ ले स्पष्ट पारेको छ।

**तालिका ५.३: जातजाति तथा तहगत आधारमा महिला उत्तरदाताहरूको शैक्षिक अवस्था**

| **शैक्षिक तह** | **जातजाति** | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| | **नेवार** | **क्षेत्री** | **ब्राह्मण** | **तामाङ** | **गुरुङ** | **सार्की** | |
| निरक्षर | ३ | - | - | - | - | - | ३ |
| साक्षर | २ | १ | २ | १ | - | १ | ७ |
| प्राथमिक तह | २ | १ | - | ३ | - | - | ६ |
| निम्न माध्यमिक तह | ७ | १ | - | - | १ | - | ९ |
| माध्यमिक तह | ३ | ६ | ३ | - | - | - | १२ |
| उच्च माध्यमिक तह | ३ | ३ | २ | - | - | - | ८ |
| स्नातक | १ | १ | १ | - | - | - | ३ |
| जम्मा | २१ | १३ | ८ | ४ | १ | १ | ४८ |

स्रोत : स्थलगत अध्ययन, २०७०

तालिका ५.३ लाई हेर्दा नेवार समुदायका कुल २१ उत्तरदाताहरूमध्ये ३ जना निरक्षर रहेका छन् । ती ३ जना निरक्षर नेवार महिला ४५ बर्षमाथिका हुन् । अन्य जातजातिका महिलाहरू भने निरक्षर नभएको पाइयो । त्यस्तै साक्षर मात्र हुनेहरूमा नेवार, क्षेत्री, ब्राह्मण, तामाङ र सार्की जातिका गरी ७ जना माहिला उत्तरदाताहरू रहेका छन् । प्राथमिक तहका शिक्षा पुरा गरेका ६ जना उत्तरदाताहरू रहेका छन् भने निम्न माध्यमिक तहका ९ जना, माध्यमिक तहका १२, उच्च माध्यमिक तहका ८ जना र स्नात्तक तहका ३ जना छन् । नेवार, क्षेत्री र ब्राह्मण जातिका एक/एकजना उत्तरदाताहरूले मात्र स्नात्तक तहसम्मको पढाई पुरा गरेका देखिन्छ । यसबाट के देखिन्छ भने माध्यमिक तहको शिक्षा पुरा गरेपछि महिलाहरूको शैक्षिक बृद्धिदर खस्केको छ । माध्यमिक वा एस.एल.सी. सम्मको पढाई गरेपछि महिलाहरूको विवाह हुने वा गरिदिने प्रचलनले महिलाहरूलाई थप अध्ययन गर्ने वातावरण घरमा नबन्नु नै शैक्षिक बृद्धिदर खस्कनु एक प्रमुख कारण भएको जानकारहरूले बताए ।

## ५.३ महिला शिक्षाप्रतिको उत्तरदाताको दृष्टिकोण

मानिसले आफ्नो धारणा, मान्यता एवं सोचाईको आधारमा आफ्नो व्यवहारको प्रदर्शन गर्दछ। कतिपय अवस्थामा महिलाहरूको स्वयंम महिला शिक्षाप्रतिको दृष्टिकोणले नै याथर्थमा उसको व्यवहारलाई निर्देशित गरिराखेको हुन्छ। महिला शिक्षाको निमित्त शिक्षित महिलाहरूले नारीप्रतिको परम्परागत दृष्टिकोणमा सकारात्मक परिवर्तित धारणा ल्याउन सकेन भने शिक्षा व्यवहारिक भएको मान्न सकिन्न। नेपाली समाजमा महिलाले पढन किन आवश्यक छ ? भन्ने कुराको जवाफ हरेकका आआफ्नै किसिमका हुन्छन्। त्यसैले अध्ययनक्रममा महिलालाई शिक्षा किन ? भनेर उत्तरदाताहरूको धारणा जान्न खोजिएको थियो। सम्भवत उनीहरूको दृष्टिकोण एवं बुझाई धेरै रहेको भए तापनि एउटामात्र मुख्य कारणलाई खोजिएको थियो। जुन कुरालाई तालिका ५.४ मा सबिस्तार प्रस्तुत गरिएको छ।

**तालिका ५.४: महिला शिक्षा किन भन्ने कुरामा उत्तरदाताहरूको धारणा एवं बुझाई**

| धारणा एवं बुझाई | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| आत्म निर्भर बन्न | ३० | ३७.५ |
| ज्ञान आर्जन गर्न | २० | २५.० |
| परिवार शिक्षित बनाउन | १६ | २०.० |
| पैसा कमाउन | १० | १२.५ |
| विवाह गर्न | ४ | ५.० |
| जम्मा | ८० | २५.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिका ५.४ अनुसार आत्मनिर्भर बन्न महिलाले पढ्नुपर्ने ३७.५ प्रतिशत उत्तरदाताहरूको भनाई रहेको छ। त्यसैगरी, ज्ञान आर्जन गर्नमा २५.० प्रतिशत उत्तरदाताहरू रहेका छन् भने २०.० प्रतिशतले परिवार शिक्षित बनाउन, १२.५ प्रतिशतले पैशा कमाउन र ५.० प्रतिशतले विवाहका लागि योग्य हुन भन्ने धारणा बनाएको छ। यसरी धारणा बनाउनेहरूको पारिपारिक पृष्ठिभूमि हेर्दा क्षेत्री तथा ब्राह्मण पुरुष

उत्तरदाताहरूले विवाहका लागि योग्य बर पाउन महिला शिक्षामा जोड दिने कुरा गरेका छन् । केही नेवार समूदायका महिलाहरूले भने पैशा कमाई उनीहरूकै घरपरिवारको व्यवस्थापन गर्न महिला शिक्षाका लागि लगानी गर्नुपरेको धारणा राखेका छन् । यसबाट के देखिन्छ भने महिला शिक्षाप्रति उत्तरदाताहरूको बुझाई एकैनासको छैन । पारिवारिक पृष्ठभूमि, सामाजिक मूल्य, मान्यता, आदि अनुसार महिलाहरूलाई प्रशिक्षित गराउने र सोहीबमोजिम उपयोग गरिने परिपाटी कामयै रहेको देखिन्छ ।

## ५.४ शैक्षिक अवसर तथा सुविधाप्रतिको दृष्टिकोण

महिला र पुरुषबीच भेदभाव गर्न नपाइने कुरामा जति ऐन, नीति, नियम, आदि बने पनि लैंगिक समानतामा भेदभाव रही आएको छ । शैक्षिक क्षेत्रमा झन् यस्तो भेदभाव हुने गर्दछ । शैक्षिक क्षेत्रमा महिला र पुरुषमा समानता प्रदान गर्न शिक्षामा समान अवसर दिएर मात्र हुदैन सुविधा समेत समान हुनुपर्दछ । तर नेपाली समाजमा न त महिला र पुरुषलाई शिक्षामा समान अवसर दिइन्छ न त समान सुविधा नै । त्यसैले अध्ययनको क्रममा अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई शिक्षामा समान अवसर र सुविधा दिनुपर्छ वा पर्दैन भन्ने प्रश्न गरी उनीहरूको धारणा पनि लिएको थियो जसलाई तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५: शिक्षामा समान अवसर र सूविधा दिने/नदिने आधारमा उत्तरदाताको धारणा**

| सूचक | अवसर | | सूविधा | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दुवैलाई बराबर | ५५ | ६८.७५ | ५० | ६२.५ |
| पुरुषलाई बढी | १० | १२.५ | १० | १२.५ |
| महिलालाई बढी | १५ | १८.७५ | २० | २५.० |
| जम्मा | ८० | १००.० | ८० | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिका ५.५ अनुसार ६८.७५ प्रतिशत उत्तरदाताले महिला र पुरुष दुबैलाई शिक्षामा समान अवसर दिनुपर्ने धारणा राखेका छन्। त्यस्तै, १२.५ प्रतिशत उत्तरदाताहरूले पुरुषलाई बढी अवसर दिनुपर्दछ भन्ने धारणा राखे। उनीहरूका अनुसार महिलाहरू घरायसी काममा नै व्यस्त हुने र शिक्षाको कुनै प्रयोग नगर्ने हुदा समान अवसर दिन नहुने कुरामा आफ्नो मत जाहेर गरे। बाँकी १८.७५ प्रतिशतले भने महिलालाई बढी अवसर दिनुपर्ने धारणासम्म राखेको पाइन्छ। उनीहरूका अनुसार पुरुषका तुलनामा महिलाले आर्जन गरेका शिक्षा परिवार र समाजलाई उपयोगी हुने हुनाले महिलालाई बढी अवसर दिनुपर्ने ठान्दछन्।

पुरुष र महिला दुबैलाई किताब, कापी, कलम, झोला, पोशाकलगायतका सम्पूर्ण शैक्षिक सामग्रीका साथै अध्ययन संस्थाको स्तरियताजस्ता सूविधाका कुराहरूमा समान धारणा राख्नेहरू ६२.५ प्रतिशत उत्तरदाता छन् (तालिका ५.५)। पुरुषलाई बढी सुविधा दिनुपर्ने धाराणा राख्ने उत्तरदाताहरू १२.५ प्रतिशत छन् भने २५.० प्रतिशत महिलामा छ। पुरुषलाई बढी सुविधा दिनुपर्ने धारणा राखनेहरू साक्षर देखि स्नातक तहसम्मका उत्तरदाताहरू हुन्। महिलालाई लगानी गरे पनि माइतीमा कुनै फाइदा नपुर्याउने हुदा यस्तो निरर्थक लगानी गर्नु उचित नहुने उनीहरूको धारणा छ। अध्ययन क्षेत्रको अवलोकनबाट पनि छोरालाई महँगो बोर्डिङ स्कूलमा र छोरीलाई सरकारी स्कूलमा पढाउने, छोरालाई ट्यूसन समेत पढाउने तर छोरीलाई भने नपढाउने, आदि सुविधाका कुराहरूमा भेदभाव रहेको पाइयो।

### ५.५ महिला शिक्षाको निर्णयकर्ता

महिलाहरू जतिसुकै शिक्षित हुन् वा अशिक्षित जेहुन् उनीहरूको निर्णय गर्ने अधिकार वा क्षमता आफूमा छैनन् भने उसको शिक्षा र धारणाको कुनै अर्थ हुदैन। छोरीहरूको शैक्षिक निर्णय गर्ने अधिकार स्वंयम अविभावकहरूको नीजि विषय भए पनि व्यवहारमा त्यस्तो भएको पाइदैन। मुख्यगरी महिलालाई के, कति र कस्तो शिक्षा दिनुपर्छ भन्ने कुरामा नातेदार देखि छरछिमेकीहरूले समेत चासो राख्ने र परिआएमा हस्तक्षेप नै गर्नेगरेको गाउँघरमा प्रशस्त भेटिन्छ। अध्ययनक्रममा महिलालाई पनि शिक्षा दिनुपर्छ वा पर्दैन भन्ने

कुरामा प्रमुख निर्णयकर्ता को हुने गर्दछ ? भन्ने प्रश्न समेत उत्तरदाताहरूसँग गरिएको थियो । महिलाशिक्षाको प्रमुख निर्णयकर्ताहरूलाई तालिका ५.६ मा उल्लेख गरिएको छ ।

**तालिका ५.६: महिलाले पाउने शिक्षाको निर्णयकर्ता**

| प्रमुख निर्णयकर्ता | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| अविभावक | ५० | ६२.५ |
| नातेदार | २० | २५.० |
| छिमेकी | ६ | ७.५ |
| परिवारका अन्य सदस्य | ४ | ५.० |
| जम्मा | ८० | २५.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिका ५.६ अनुसार अविभावक (बाबुआमा) को निर्णय नै महिला शिक्षाको लागि सर्वोपरी हुने गरेका छन् जुन कुल उत्तरदाताको ६२.५ प्रतिशत रहेको छ । यो स्वभाविक पनि हो किनभने अविभावकले नै आफ्ना छोराछोरीलाई भविश्यमा के बनाउने हो सोही अनुरूपको शैक्षिक लगानी गरेको हुन्छ । अविभावकको अनुमति विना महिला एक्लैले शिक्षा प्राप्त गर्नु कठीन छ । आफ्नो घरका नजीकका नातेदारहरूको पनि महिलालाई शिक्षा दिने/नदिने अथवा कस्तो प्रकारको र कतिसम्मको शिक्षा दिने भन्नेमा ठूलै भूमिका रहने कुरामा २५.० प्रतिशत उत्तरदाताहरू छन् । त्यस्तै,छिमेकीको निर्णय हुन्छ भन्नेहरू ७.५ प्रतिशत र परिवारकै दाजुभाई, दिदीबहिनीआदिको निर्णय हुन्छ भन्नेहरू ५.० प्रतिशत मात्र रहेका छन् ।

यस अध्यायमा महिलाहरूको शैक्षिक अवस्थाका बारेमा प्राप्त भएका तथ्यांकहरूको विश्लेषण गर्दा उक्त क्षेत्रभित्रको शैक्षिक पूर्वाधारहरूको अवस्था सामन्य देखिन्छ । अध्ययन क्षेत्रका महिलाहरूको साक्षरता दर भने समग्र नेपाली महिलाहरूको साक्षरता दर भन्दा बढी रहेको पाइयो । नेवार समुदायका केही उत्तरदाता बाहेक प्राय सबै जातजातिका उत्तरदाताहरू साक्षर रहेका छन् । आत्मनिर्भर बन्न, ज्ञान आर्जन गर्न, परिवार शिक्षित

बनाउन, पैशा कमाउन र विवाहका लागि योग्य हुन महिलालाई शिक्षाको आवश्यकता पर्ने धारणा उत्तरदाताहरूमा पाइयो ।

त्यस्तै महिला र पुरुष दुबैलाई शिक्षामा समान अवसर र शैक्षिक सुविधा दिनुपर्ने धारणा अधिकांशको छ। छोरीको शैक्षिक निर्णय गर्ने अधिकार स्वंयम अविभावकहरूको नीजि विषय भए पनि व्यवहारमा त्यस्तो भएको भने पाइएन। अविभावक (बाबुआमा) को निर्णय नै महिला शिक्षाको लागि सर्वोपरी हुने गरेका बताए जुन स्वभाविक पनि हो ।

# अध्याय छ

## महिला शिक्षामा आइपर्ने बाधक तत्वहरू

नेपाली समाजमा पुरुष र महिलाबीच समान शैक्षिक अवस्था विद्यमान रहन नसक्नुको मुख्य कारण शिक्षामा  गरिने लैंगिक विभेद नै हो । समाजमा यस्ता किसिमका विभेदहरू सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, जैविक, आदि तत्वहरूको आडमा हुने गरेको छ, जसले महिला शिक्षालाई प्रभावित पार्दछ । महिलाहरूको शिक्षामा सहभागिता र त्यसको निरन्तरतासम्म यी तत्वहरूले प्रभाव पारिरहेका हुन्छन् । यी तत्वहरूले शुरुमा महिलाहरूलाई शिक्षामा रोक लगाउने गर्दथे भने अहिले तहगत शैक्षिक विकास गर्ने क्रममा अवरोध सिर्जना गरेका छन् । महिला तथा पुरुष दुवैको उच्च शिक्षासम्म नै समान पहुँच कायम राख्ने जस्ता महत्वपूर्ण विषयमाथि यी तत्वहरूको प्रभाव र नियन्त्रण दुवै रहेको छ । महिला शिक्षाका लागि कुनै एउटामात्रै कारक तत्व भने जिम्मेवार नरहेको देखिन्छ । महिलाहरूको शिक्षामा हरेक किसिमका विभिन्न बाधक तत्वहरू एकैसाथ देखा परेका छन् ।

**तालिका ६.१: उत्तरदाताहरूको अनुसार महिला शिक्षाका बाधक तत्वहरू**

| **बाधक तत्व** | **जम्मा (संख्या-८०)** | **प्रतिशत** |
|---|---|---|
| घरको आर्थिक अवस्था | ५५ | ६८.७५ |
| उमेर तथा विवाह | ४८ | ६०.० |
| घरेलु कार्यबोझ | ४५ | ५६.२५ |
| महिलाप्रतिको गलत सामाजिक धाराणा | ३० | ३७.५ |
| पारिवारिक पृष्ठभूमि | २५ | ३१.२५ |
| जैविक समस्या | २० | २५.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

त्यसैले अनुसन्धानका क्रममा गरिएका विभिन्न खोजमुलक प्रयासहरूको परिणामस्वरूप महिला शिक्षालाई प्रभावित पार्ने केही प्रमुख जिम्मेवार तत्वहरूको पहिचान हुन आएको छ। यसरी प्राप्त हुन आएका विद्यमान कारक तत्वहरूलाई उत्तरदाताहरूले दिएका प्राथमिकता तथा महत्वका आधारमा स्तर निर्धारण र सूचीकृत गर्दै प्रतिशत निर्धारण गरिएको थियो जुन तालिका ६.१ अनुसार रहेको छ। उपरोक्त तत्वहरूलाई क्रमैसँग प्रस्तुत गरिएको छ।

## ६.१ घरको आर्थिक अवस्था

महिला शिक्षालाई प्रभाव पार्ने एक प्रमुख तत्व घरको आर्थिक अवस्था रहेका छन्। कुल ८० जना उत्तरदाताहरूमध्ये ६८.७५ प्रतिशतको भनाईबाट पनि यो स्पष्ट हुन्छ (तालिका ६.१)। घरको आर्थिक अवस्थाको आधारमा नै महिलाहरूको शैक्षिक सहभागिता एवं विकास हुने कुरामा स्वंयम उत्तरदाता र जानकारहरूको भनाई रहेको छ। केटाकेटी अवस्था देखि नै छोरा र छोरीमा शैक्षिक विभेद हुन्छन्। छोरालाई विद्यालयमा भर्ना गरी नियमित पठाउनु र राम्रो शैक्षिक संस्थामा चर्को शुल्क तिरेर भए पनि पठनपाठन गराइरहनु हरेक घरपरिवारको पहिलो सोचाई हुने गर्दछ। छोरालाई भने बोर्डिङ स्कुल पठाउने र छोरीहरूलाई भने घरको कामधन्दा गरेपछि मात्रै सामान्य खाले स्कूलहरूमा पढाउन पठाइने परीपाटी जुनसुकै वर्गका घरपरिवारमा रहेको चलन भएको कुरा उत्तरदाताहरू बताउछन्। यसबाट के कुरा बुझिन्छ भने छोरीमा लगानी गर्ने बानीको विकास हाम्रो समाजमा रहेको पाइदैन। घरको आर्थिक अवस्थाकै आधारमा छोराछोरीको शैक्षिक लगानी गर्ने परिपाटीले महिलाहरूको शैक्षिक विकास हुन नसकेको हो। सानै उमेरमा छोरीले राम्ररी पढ्न नपाउदा उनीहरूको शैक्षिक विकास छोरा सरह हुने कुरै भएन। त्यसैले महिला शिक्षामा अवरोध गर्ने एक प्रमुख कारण घरको आर्थिक अवस्था रहेका पाइन्छ।

## ६.२ उमेर तथा विवाह

उमेर तथा विवाह महिला शिक्षालाई प्रभावित पार्ने अर्को प्रमुख तत्वको रूपमा रहेको छ। सामन्यतय १५/१६ बर्षमा नै महिलाहरूको विवाह गरिदिने र विवाहित महिलालाई नपढाउने परिपाटी अध्ययन क्षेत्रका घरपरिवारहरूमा पाइन्छ। यस्ता व्यवहारले महिलाहरूको शैक्षिकस्तरलाई नराम्रो गरी प्रभावित गर्नेगरेको छ। यहाँका समाजमा महिला शिक्षालाई विवाहको लागि योग्यताको आधारमा समेत लिने गरेका छन्। उत्तरदाताको रूपमा छनौट भएका महिलाहरूमा कसैले पनि विवाहपछि थप अध्ययन थालेको पाइएनन्। जानकार व्यक्तिहरूको भनाई अनुसार 'बुहारीले नपढे पनि हुन्छ' भन्ने मान्यता समाजमा रहेको छन्। बुहारीहरू आफै पनि घरको काममा व्यस्त रहनु परेको र बालबच्चा हुर्काउने जिम्मेवारी थपिएकाले पढ्ने फूर्सद उनीहरूमा हुदैनन्। बालबच्चा हुर्काउनकम्तीमा ८/९ बर्ष समय लाग्ने गर्दछ। त्यसपछिको समय विवाहित महिलाहरूको लागि स्कूल/कलेज जाने उमेर असुहाउदिलो हुने र शैक्षिक तहगत ग्याप पनि बढ्ने गर्नाले महिलाहरू आफै पनि शिक्षामा त्यत्ति रुचि राख्दैनन्। जसले गर्दा शैक्षिक क्षेत्रमा उनीहरू पछाडि रहन्छन्।त्यसकारणले उमेर र विवाह महिलाहरूको शिक्षाका लागि एक प्रमुख बाधक तत्वको रूपमा रहेका छ जसमा ६०.० प्रतिशत उत्तरदातारु सहमत छन् (तालिका ६.१)।

## ६.३ घरेलु कार्यबोझ

अध्ययन क्षेत्रका महिलाहरूको शिक्षामा प्रभाव पार्ने तेस्रो प्रमुख तत्वको रूपमा घरेलु कार्यबोझ हो। अधिकांश मानिसहरू कृषिमा निर्भर हुनु यहाँको बाध्यता हो। कृषि कार्यको लागि घरपरिवारका सबै सदस्यहरू खट्ने गर्दछन्। तैपनि महिलाहरूको योगदान पुरुषका तुलनामा बढी हुने गर्दछ। पुरुषहरूले घरबाहिरको कामलाई बढी प्राथमिकता दिन्छन् भने महिलाहरूले घर बाहिर र भित्रका दुबै कार्यहरू सम्पन्न गर्नुपरेको छ। महिलाहरूले गर्ने घरेलु कार्यहरूको अवलोकन गर्दा घरको सरसफाई तथा लिपपोत, पानी भर्ने, खाजाखाना बनाउने, भाँडावर्तनको सफाई, केटाकेटी स्कूल पठाउने, लुगा धुने, अन्न केलाइ कुटानी/पिसानी गर्ने, दिउसोको खाजा तथा बेलुकीको खाना तयार गर्ने, पुन सरसफाई, ओछ्यान मिलाउने, आदि जस्ता कामहरू दिनहुँ जसो गरिरहनु पर्दछ। त्यस्तै घरबाहिरका

कामहरूमा खेती, मेलापात, व्यापार, नोकरी, वस्तुभाउँको हेरचाह, किनमेल, आदि जस्ता थुप्रै कार्यहरू नियमित जसो गर्नुपरेका छन् । यी यावत् कामहरूसँगै अध्ययन गर्नु भनेको महिलाको लागि महाभारत भएको कुरा जानकारहरू बताउछन् ।दैनिकजसो ९/१०घण्टा घरेलु कार्यमा बिताइरहनु पर्दा महिलाहरू थकीत हुन्छन् र पढ्न सक्दैनन् । घरेलु कार्यबोझकै कारण कतिपय महिलाहरू थप घरेलु हिंसा पिडित हुनुपरेको कुरामा जानकारहरू सहमत छन् । त्यसैले ५६.२५ प्रतिशत उत्तरदाताहरू महिला शिक्षामा बाधक हुने तत्व घरेलु कार्यबोझ हो भनेर भनदछन् (तालिका ६.१) ।

## ६.४ महिलाप्रतिको गलत सामाजिक धारणा

लैंगिक विभेदका कारण हरेक क्षेत्रमा पुरुषको तुलनामा महिलाहरूको अवस्था कमजोर रहेको परिवेशमा शिक्षा पनि त्यसको अपवाद हुन सक्दैन । समाजमा महिला शिक्षाप्रतिको नकारात्मक सोचाई, चाडो विवाह, बुहारीले उपेक्षित जीवन विताउनुपर्ने जस्ता लैंगिक विभेदले महिला शिक्षामा नराम्रो असर गरेका छन् । महिला शिक्षालाई प्रभावित गर्ने हरेक तत्वमाथि यसको प्रभाव रहेको हुन्छ भने महिलाप्रति समाजले सृजना गरेका गलत धारणाले गर्दा समाजका सदस्यहरूको रूपमा रहेको उत्तरदाताहरूलाई पनि प्रभाव नपार्ने कुरा नै भएन । संस्थागत रूपमा पितृसत्ताले वर्चस्व कायम गरेको यहाँको समाजमा कुनै काम पुरुषले गरे राम्रो मानिन्छ भने त्यही काम महिलाले गरे असजिलो महसुस गरिन्छ । अनुसन्धानका क्रममा पुरुष र महिलाप्रति समान दृष्टिकोण राख्ने उत्तरदाताहरूको व्यवहारलाई अवलोकन गर्दा पनि उक्त विचारको विपरित रहेको अवस्था देखियो । त्यसैले स्वंयम उत्तरदाता महिलाहरू समेत महिलाप्रतिको उपेक्षित धारणा नै पालेर बसेको देखिएको छ । महिलाहरू नै महिला शिक्षाप्रति सकारात्मक बन्न नसकेको स्थितिमा महिलाको शैक्षिक स्थिति कसरी सुध्रन सक्छ र ? भन्ने प्रश्न जानकारहरूको छ । त्यसकारण पनि कुल ८० उत्तरदाताहरूमध्ये ३७.५ प्रतिशत उत्तरदाताहरूले महिला शिक्षाको बाधक समाजमा महिलाप्रतिको गलत धारणा हो भनेर भन्नु स्वाभाविक देखिन्छ ( तालिका ६.१) ।

## ६.५ पारिवारिक पृष्ठभूमि

तालिका ६.१ अनुसार ३१.२५ प्रतिशत उत्तरदाताहरूले महिलाको शैक्षिक अवस्थालाई प्रभाव पार्ने विभिन्न तत्वहरूमध्ये पारिवारिक पृष्ठभूमि पनि एक हो भनेर भनेका छन् । मानिस कुनै न कुनै परिवारको एक सदस्य भएको नाताले उसको बानी, व्यवहार, चालचलन, क्रियाकलाप आदि जस्ता कुराहरूले उ बसेको परिवारमा प्रत्यक्ष प्रभाव परेको हुन्छ । वास्तवमा'जग बलियो भए घर बलियो बन्छ' भनेझै परिवारको विभिन्न मुल्य, मान्यता, प्रथा, आकार तथा उनीहरूको शैक्षिक अवस्थाकै जगमा महिला शिक्षा उभिएको हुन्छ भन्ने कुरा जानकार व्यक्तिहरूको छ। त्यसैले परिवारको आकार तथा शैक्षिक वातावरणले महिला शिक्षालाई प्रभाव पार्ने गर्दछन् । बाबुआमा वा दाजुदिदी शिक्षित भएमा भाइबहिनी र सासू/ससूरा वा श्रीमान/श्रीमती शिक्षित भएमा बुहारीको पनि शैक्षिक अवस्था सबल बन्न सक्छन् भन्ने कुरा उत्तरदाताको छ। कुनैपनि घरको घरमूली नै कमजोर रहेका अवस्थामा उसले पढाईको कुनै अर्थ नै देख्दैनन् । त्यसैकारणले गर्दा महिला शिक्षाको उन्नतिमा स्वंयम उनीहरूको पारिवारिक पृष्ठभूमि पनि एक प्रमुख कारक तत्व हो ।

## ६.६ जैविक समस्या

त्यसैगरी महिला शिक्षाको अर्को प्रमुख जिम्मेवार तत्व स्वंयम महिलाहरूकै जैविक समस्या हो भन्ने कुरामा २५.० प्रतिशत उत्तरदाताहरूको भनाई रह्यो (तालिका ६.१) । विशेषगरी महिलाहरूमा यौवनावस्था पश्चात देखिने परिवर्तनले उनीहरूको शैक्षिक गतिविधि र प्रगतिलाई नराम्रोसँग प्रभाव पारेको हुन्छ । जैविक परिवर्तनले महिलाहरूमा शारीरिक असक्तता, भावना र सोचाइमा परिवर्तन ल्याउछ । जसको फलस्वरूप उनीहरूको जीवनमा शिक्षाप्रतिको निरन्तरतामा निकै ठूलो हलचल पैदा गर्छ । पुरुष सहपाठीहरूको यौनजन्य दुर्व्यहार एवं हैरानीले समेत किसोरी अवस्थामा शिक्षाप्रति उनीहरूको चहनालाई निस्तेज पार्दछ र महिलाहरूको शैक्षिक विकास कमजोर हुन पुगेको जानकार व्यक्तिहरूको भनाई छ ।

उपरोक्त तथ्यहरूलाई मनन् गर्दा महिलाको लागि शिक्षा अति नै आवश्यक देखिन्छ। महिला शिक्षित भए घरपरिवार शिक्षित हुन्छ, घरपरिवार शिक्षित भए समाज शिक्षित हुन्छ र समाज शिक्षित भए देश सभ्य बन्छ भन्ने कुरा सर्वविदितै छ। महिलाको लागि शिक्षा भन्ने विषयमा विभिन्न योजना तथा कार्यक्रमहरू लागू नभएका पनि होइनन् तैपनि उनीहरूलाई शिक्षा दिलाउन केही प्रमुख बाधा अड्चनहरू रहेको देखियो। यस अध्ययनमा ती बाधाक तत्वहरूमा मुख्यगरी घरको आर्थिक अवस्था, उमेर तथा विवाह, घरेलु कार्यबोझ, महिलाप्रतिको गलत सामाजिक धारणा, उनीहरूको पारिवारिक पृष्ठभूमि र जैविक समस्या रहेको पाइयो।

# अध्याय सात
# सारांश तथा निष्कर्ष

यस अध्यायमा अनुसन्धानबाट प्राप्त भएका सम्पूर्ण तथ्यांक एवं सूचनाहरूको विश्लेषणलाई सारांशमा प्रस्तुत गरिएको छ। अध्ययनको सारांशको आधारमा त्यसको निचोडलाई समेत सँगै प्रस्तुत गरिएको छ।

## ७.१ सारांस

किर्तिपुर नगरपालिका जाखास्थित बसोबास गर्ने महिलाहरूको शैक्षिक अवस्थाको एक समाजशास्त्रीय अध्ययन नामक शिर्षक रहेको यस शोधपत्रको सामन्य उदेश्य भनेको महिलाहरूको शैक्षिक अवस्थाहरूको बारेमा अध्ययन गर्नु हो। यसका विशिष्ट उदेश्यहरूमा अध्ययन क्षेत्रका सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्थाहरू थाहा पाउनु, महिलाहरूको शैक्षिक अवस्था पत्ता लगाउनु, महिलाहरूको शैक्षिक विकासमा आइपर्ने सामाजिक तथा सांस्कृतिक बाधक तत्वहरूको पहिचान गर्नु हो।

अनुसन्धानका निमित्त विभिन्न अध्ययन विधिहरूको माध्यमबाट वि.स. २०७० को मंसिर-पौष महिनामा आवश्यक तथ्याङ्कहरू संकलन गरिएको थियो।कीर्तिपुर नगरपालिका वडा नं १२ लाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ। उक्त क्षेत्रछनौट गर्नुको मुख्य कारण अनुसन्धानकर्ताको निरन्तर पहुँच भइदिनु हो। महिलाहरूको शैक्षिक अवस्था विषयवस्तु छानिनुमा अनुसन्धानकर्ताको आफ्नै रुचिको विषय हो। अनुसन्धान योजनाअन्तर्गत वर्णनात्मक तथा अन्वेषणात्मक ढाँचाको प्रयोग गरियो। कूल ४०९ घरधुरीसंख्याको २० प्रतिशत अर्थात् ८० घरधुरी अध्ययनका लागि स्तरीकृत नमूना छनौट विधि (Stratified Sampling method)अपनाइयो। यसरी छनौट भएका प्रत्येक घरधुरीहरूबाट एक/एकजना गरी ८० जना घरधुरी उत्तरदाताहरू समेटिएका छन्। महिलाहरूको विषयमा अध्ययन गरिने विषय भएपनि घरधुरी उत्तरदाताको रूपमा पुरुषहरू पनि छन्। कुल ८० घरधुरी

उत्तरदाताहरूमध्ये ४८ जना अर्थात ६०.० प्रतिशत महिला र बाँकी ३२ जना अर्थात ४०.० प्रतिशत पुरुष रहेका छन् । संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरूलाई प्राथमिक तथा द्वितीय दुवै स्रोतबाट सङ्कलन गरिएको छ । अनुसन्धानको निमित्त अन्तर्वार्तासूची, अवलोकन, विशेष व्यक्तिसँगको अन्तर्वार्ता जस्ता प्रविधिको उपयोग गरिएको छ ।सङ्कलन गरिएका तथ्याङ्कहरूको गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण र तालिकीकरण गरि विश्लेषणगरिएको छ ।

अध्ययन क्षेत्रभित्र रहेका विभिन्न जातजातिको बनोट हेर्दा कुल ८० घरधुरी संख्याको ४५.० प्रतिशत नेवार, २२.५ प्रतिशत क्षेत्री,१५.० प्रतिशत ब्राह्मण, ११.२५ प्रतिशत तामाङ, ३.७५ प्रतिशत गुरुङ र २.५ प्रतिशत सार्की (२.५%) जाति रहेका छन् ।कुल घरधुरी जनसंख्यामा २३२ पुरुष र २५३ महिला गरी जम्मा ४८५ रहेकोमा सबैभन्दा बढी २५-४५ बर्ष उमेर समूहका जनसंख्या २४.५३ प्रतिशत छन्भने ७० वर्ष वा सो भन्दामाथिका सबैभन्दा थोरैअर्थात् ३.२९ प्रतिशत घरधुरी जनसंख्या रहेको छ ।

कुल घरधुरीमध्ये १२.५ प्रतिशत घरहरू छाप्राले बनेका छन् । त्यसैगरी, १८.७५ प्रतिशत कच्ची घरहरू रहेको पाइयो भने पक्की घर दुईतलाको ४३.७५ प्रतिशत र पक्की घर तीन तला वा सो भन्दामाथिको २५.० प्रतिशत छन् । एकल वा सानो पारिवारिक ढाँचामा जम्मा ३२ (४०.०%) घरधुरी रहेको पाइयो भने सबैभन्दा बढी ४८ (६०.०%) घरधुरीहरू संयुक्त परिवारिक ढाँचामा छन् । ६८.७५ प्रतिशत घरधुरीहरूले हिन्दू धर्म मान्छन् भने बाँकी बौद्ध धर्ममा विश्वास गर्नेहरू (२५.०%)छन्।

कुल घरधुरी जनसंख्यामध्ये ३८२ जना १० बर्षभन्दा बढी उमेरका छन् । उनीहरूको वैवाहिक स्थितिलाई हेर्दा अधिकांश (४८.६९%) विवाहित हुनेहरू छन् । अविवाहित हुनेहरूमा ४३.१९ प्रतिशत, विधवा/विदुर ५.७५ प्रतिशत र सम्बन्ध विच्छेद गरेर बसेकाहरू २.३५ प्रतिशत रहेको भेटियो । त्यस्तै, ५ बर्ष भन्दामाथिका उमेर समूहमा २०९ पुरुष र २३६ महिला गरी जम्मा ४४५ घरधुरी जनसंख्या छन् । उनीहरूको शैक्षिक अवस्था हेर्दा ३.८२ प्रतिशत निरक्षर रहेका पाइयो भने बाँकी ९६.१७ प्रतिशत साक्षर छन् ।

जग्गाजमीनको स्थिति हेर्दा ३५.० प्रतिशत घरधुरीसँग ४ देखि ५ रोपनीसम्म खेतीयोग्य जमिन रहेको पाइयो भने ३१.२५ प्रतिशतसँग २ देखि ३ रोपनी, ६ रोपनी वा सो भन्दाबढी जग्गाजमीन हुनेहरू १८.७५ प्रतिशत र १ रोपनीसम्म भएकाहरू १५.० प्रतिशत रहेको पाइयो। जग्गाजमिनको स्वामित्व हेर्दा ६६.२५ प्रतिशत पुरुषसँग रहेको भेटियो भने १८.७५ प्रतिशत महिलाको र १५.० प्रतिशत महिला तथा पुरुष दुबैको नाममा रहेकोदेखिन्छन्। यसबाट महिलाहरूले पनि घरको सम्पत्तिमा आफ्नो हैसियत कायम गरेका देखिन्छ। घरधुरी जनसंख्याको ३१.४१ प्रतिशतको पेशा अध्ययन भएको पाइयो जुन स्कूले केटाकेटीहरू मात्रै हुन्। पेशागतरूपमा कृषिलाई पेशा भएकाहरू १३.०८ प्रतिशत, नोकरी १३.६१ प्रतिशत, घरायसी काम १३.८७ प्रतिशत, वैदेशिक रोजगार ९.४२ प्रतिशत, ज्यालामजदुरी ७.३२ प्रतिशत, व्यापार ४.९७ प्रतिशत, समाजसेवा ४.१८ प्रतिशत, र २.०९ प्रतिशत भने अशक्त छन्।उनीहरूको मुख्य आम्दानीका स्रोत हेर्दा ३० घरधुरीका नोकरी रहेको पाइयो भने १८ घरधुरीको व्यापार छन्। बाँकीको खेतीपाती (१५.०%), ज्यालामजदुरी (१०.०%), वैदेशिक रोजगार (७.५%) र पशुपंक्षी पालन (७.५%) रहेका छन्।

कुल उत्तरदाताहरूमध्ये ४८ (६०.०%) जना महिला र ३२ (४०.०%) जना पुरुष रहेका छन्। उत्तरदाताका उमेरगत अवस्था भने १९ वर्षभन्दा कम उमेरका ७ जना, २०-५९ वर्षका ६२ जना र ६० वर्ष वा सो भन्दा बढीका ११ जना छन्। उत्तरदाताहरू सबैभन्दा धेरै २०-५९ बर्षका हुनु भनेको अनुसन्धानको लागि सही सूचना संकलन गर्न भरपर्दो उत्तरदाता प्राप्त हुनु हो। उत्तरदाताहरूको शैक्षिक अवस्थालाई प्रस्ट्याउने प्रयास गरिदा निरक्षर हुनेमा महिलामात्रै रहेका छन् जुन् ३.७५ प्रतिशत छ। त्यसैगरी, साक्षरमा ११.२५ प्रतिशत, प्राथमिक तहका १२.५ प्रतिशत, निम्न माध्यमिक तहको १७.५ प्रतिशत र माध्यमिक तहका २५.० प्रतिशत, उच्च माध्यमिक तहको २३.७५ प्रतिशत र स्नात्तक वा सो भन्दामाथिका उत्तरदाताहरू ६.२५ प्रतिशत रहेको छ।

अधिकांश (२२.५%) उत्तरदाताको मुख्य पेसा कृषि र घरायसी कार्य छन् जुन बराबर देखिन्छ। त्यसपछिका अध्ययन गर्नेहरू १५.० प्रतिशत, नोकरी १२.५ प्रतिशत, व्यापार

११.२५ प्रतिशत र ज्यालामजदुरी १०.० प्रतिशत र ६.२५ प्रतिशत सामाजिक सेवा छन् जो स्थानीयस्तरमा राजनीति गर्छन । खानेपानी समूह, गुठी, महिला बचत तथा ऋण समूह, टोल सुधार समिति, आदि यहाँका प्रमुख सामुदायिक समूह वा संघसंस्थाहरू हुन् । आमा समूह र बचत तथा ऋण समूहमा महिला उत्तरदाताको मात्रै सहभागिता रहेको भेटियो भने स्थानीय गुठी, विद्यालय व्यवस्थापन, राजनैतिक दलगत क्रियाकलाप र टोल सुधार समितिहरूमा भने पुरुषहरूको तुलनामा उनीहरूको सहभागिता थोरै छ ।

शतप्रतिशत (१००.०%) घरधुरी उत्तरदाताहरूले संञ्चारका लागि रेडिया, टि.भी. र मोबाइलहरूको प्रयोग गरेको भेटियो  भने शतप्रतिशत घरधुरीहरूले शौचालयको प्रयोग गर्नेगरेका छन् । ईन्धनको रूपमा शतप्रतिशत घरधुरी उत्तरदाताहरूले ग्याँसको प्रयोग गर्नेगरेको पाइन्छ । आधाभन्दा बढी घरधुरीहरूले नीजि धाराको पानी खाने गर्दछन् भने बाँकीले सार्वजानिक धाराको पानी प्रयोग गर्दछन् ।

अध्ययन क्षेत्रभित्रनिम्न माध्यमिक तहको १ वटा सरकारी र ८ वटा नीजि गरी कुल ९ वटा शैक्षिक संस्थाहरू रहेका छन् । नीजिस्तरबाट सञ्चालित भएकामा ६ वटा प्राथमिक, १ वटा निम्न माध्यमिक र १ वटा माध्यमिक तहका विद्यालयहरू छन् ।उच्च माध्यमिक तह भन्दामाथिका कुनैपनिशैक्षिक संस्थाहरू उक्त क्षेत्रमा छैनन् ।

मुख्यरूपमामहिलाहरूको शैक्षिक अवस्था के कस्तो छ भन्ने थाहा पाउनु यस अध्ययनको प्रमुख उदेश्य हो । कुल ४८ जना महिला उत्तरदाताहरूमध्ये ३ जना अर्थात्  ६.२५ प्रतिशत निरक्षर छन्भने साक्षरमा ९३.७५ प्रतिशत महिलाहरू रहेका छन् । नेपालीमहिलाको साक्षरता दर (५७.४%) भन्दा अध्ययन क्षेत्रका महिलाको साक्षरता दर बढी देखिन्छ । शैक्षिक विकास भौगोलिक क्षेत्रअनुसार एकैनासको नहुनुले ठाउँअनुसार परिणाममा फरक आउछन् । ती साक्षर हुनेमध्ये २८ (६२.२२%) जनाले औपचारिक शिक्षा हासिल गरी साक्षर भएको पाइयो भने १७ (३७.७७%) जनाले भने अनौपचारिक शिक्षाको माध्यमबाट आफूहरूसाक्षर बनेको स्पष्ट पारेका छन् ।

महिला उत्तरदाताको शैक्षिक स्थितिलाई जातजातिगत आधारमा हेर्दा ४५ बर्ष भन्दामाथिका ३ जना नेवार समुदायका मात्रै उत्तरदाता निरक्षर रहेका छन्। त्यस्तै साक्षरमात्र भएका ७ जना छन् भने प्राथमिक तहका ६ जना, निम्न माध्यमिक तहका ९ जना, माध्यमिक तहका १२, उच्च माध्यमिक तहका ८ जना र स्नात्तक तहका ३ जना उत्तरदाताहरू छन्। नेवार, क्षेत्री र ब्राह्मण जातिका एक/एकजना उत्तरदाताले मात्र स्नात्तक तहसम्मको पढाई पुरागरेका पाइयो ।

महिलालाई शिक्षा किन ? भन्ने कुरामा उत्तरदाताहरूको विभिन्न दृष्टिकोण एवं बुझाई रहेको भए तापनि आत्मनिर्भर बन्न महिलाले पढ्नुपर्ने कुरामा ३७.५ प्रतिशत उत्तरदाताको धारणा छ। त्यसैगरी, ज्ञान आर्जन गर्न २५.० प्रतिशत, २०.० प्रतिशतले परिवार शिक्षित बनाउन, १२.५ प्रतिशतले पैशा कमाउन र ५.० प्रतिशतले विवाहका लागि योग्य हुन भन्ने धारणा राखेको पाइयो। क्षेत्री तथा ब्राह्मणभित्रका पुरुष उत्तरदाताले विवाहकै लागि योग्य बनाउन महिला शिक्षामा जोड दिने कुरा गरे भने केही नेवार समूदायका उत्तरदाताले पैशाकोलागि भन्ने धारणा राखेका छन्।

६८.७५ प्रतिशत उत्तरदाताले महिला र पुरुष दुबैलाई शिक्षामा समान अवसर दिनुपर्ने धारणा राखेका छन्। बाँकी १२.५ प्रतिशतको भनाईमा पुरुषलाई र १८.७५ प्रतिशतले महिलालाई बढी अवसर दिनुपर्दछ भनेका छन्। समान शैक्षिक सूविधा दिनुपर्छ भन्नेमा ६२.५ प्रतिशत छन् भने पुरुषलाई बढी भन्नेमा १२.५ प्रतिशत र महिलालाई बढी सूविधा भन्नेहरूमा २५.० प्रतिशत मात्र छन्।

छोरीको शैक्षिक निर्णय गर्ने अधिकार स्वंयम अविभावकहरूको नीजि विषय भए पनि व्यवहारमा त्यस्तो भएको पाइदैन। ६२.५ प्रतिशत उत्तरदाताले अविभावक (बाबुआमा) को निर्णय नै महिला शिक्षाको लागि सर्वोपरी हुने गरेका बताए जुन स्वभाविक हो। त्यस्तै नातेदारको २५.० प्रतिशत, छिमेकीको ७.५ प्रतिशत र परिवारकोअन्य सदस्यको ५.० प्रतिशत भूमिका रहेका पाइयो ।

महिला शिक्षाका लागि कुनै एउटामात्र कारक तत्व भने जिम्मेवार नरहेको देखिन्छ। अनुसन्धानका क्रममा गरिएका विभिन्न खोजमुलक प्रयासहरूको परिणामस्वरूप महिला शिक्षालाई प्रभावित पार्ने केही प्रमुख तत्वहरूको पहिचान हुनआएको छ। यसरी प्राप्त भएका विद्यमान कारक तत्वहरूलाई उत्तरदाताहरूले दिएका प्राथमिकता तथा महत्वका आधारमा स्तर निर्धारण र सूचीकृत गर्दै प्रतिशत निर्धारण गरिएको थियो। कुल ८० उत्तरदाताहरूमध्येबाट ६८.७५ प्रतिशतले घरको आर्थिक अवस्था नै महिला शिक्षालाई प्रभाव पार्ने प्रमुख तत्व रहेको बताए। घरको आर्थिक अवस्थाकै आधारमा महिलाहरूको शैक्षिक सहभागिता एवं विकास हुने कुरामा स्वंयम उत्तरदाता र जानकारहरूको भनाई छ।

त्यस्तै उमेर तथा विवाह (६०.०%) महिला शिक्षालाई प्रभावित पार्ने प्रमुख दोस्रो तत्व रहेको छ। सामन्यतय १५/१६ बर्षमा महिलालाई विवाह गरिदिने र विवाहपछि नपढाउने परिपाटीले महिलाहरूको शैक्षिकस्तरलाई नराम्रो गरी प्रभावित गर्नेगरेको छ।

महिलाहरूको शिक्षामा प्रभाव पार्ने तेस्रो प्रमुख तत्व घरेलु कार्यबोझ (५६.२५%) हो। दैनिकजसो ९/१० घण्टा घरेलु कार्यमा व्यस्त रहनुपर्दा उनीहरू थकीत हुन्छन् र पढ्न सक्दैनन्। घरको सरसफाई तथा लिपपोत, पानी भर्ने, खाजाखाना बनाउने, भाँडावर्तनको सफाई, केटाकेटी स्कूल पठाउने, लुगा धुने, अन्न केलाइ कुटानी/पिसानी गर्ने, दिउसोको खाजा तथा बेलुकीको खाना तयारी, सरसफाई, ओछ्यान मिलाउने, आदि जस्ता कामहरू दिनहुँ महिला एक्लै गरिरहनु परेको छ। त्यस्तै घरबाहिर खेती, मेलापात, व्यापार, नोकरी, वस्तुभाउँको हेरचाह, किनमेल, आदि थुप्रै कार्यहरू नियमित जसो गर्नुपर्दा घरेलु कार्यबोझबाधक बनेका छन्।

समाजमा महिलाप्रति बसेको गलत धारणा (३७.५%) अर्थात लैंगिक विभेद महिला शिक्षाको अर्को कारक तत्वको रूपमा रहेको छ। संस्थागतरूपमा पितृसत्ताले वर्चस्व कायम गरेको नेपाली समाजमा अध्ययन क्षेत्रका महिलाहरू समेत महिलाप्रतिको उपेक्षित धारणा पालेर बसेको भेटिन्छ।

३१.२५ प्रतिशत उत्तरदाताको भनाईमा पारिवारिक पृष्ठभूमि पनि एक कारक तत्व रहेको पाइन्छ। जग बलियो भए घर बलियो बन्छ भनेझैं परिवारको मुल्य, मान्यता, प्रथा, आकार तथा उनीहरूको क्षमताको जगमा महिला शिक्षा उभिएको छ। त्यसकारण परिवारको आकार तथा शैक्षिक वातावरणले महिला शिक्षालाई प्रभाव पार्ने गरेको छ। त्यस्तै, २५.० प्रतिशतले भने स्वंयम महिलाहरूमा रहेको जैविक समस्यालाई महिला शिक्षाका बाधक तत्वका रूपमा लिएका छन्। विशेषगरी महिलाहरूमा यौवनावस्था पश्चात देखिने परिवर्तनले उनीहरूको शैक्षिक गतिविधि र प्रगतिलाई नराम्रोसँग प्रभावित पार्नेगरेको महिलाहरू नै बताउछन्।

## ७.२ निष्कर्श

अध्ययन क्षेत्रभित्रका महिलाहरू शिक्षित रहेको भए तापनि परम्परागत रुढीवादी सामाजिक मानसिकतामा हुर्केका कारण आफ्नो अधिकारप्रति अनविज्ञ रहेको पाइन्छ। अधिकांश महिलाहरूसँग आयआर्जनको लागि पर्याप्त शैक्षिक ज्ञान तथा सीप छैनन् भने उनीहरू आफ्नो श्रीमान् कै कमाईमा निर्भर रहनु बाध्यता हो जुन नेपाली समाजको एक प्रमुख सामाजिक विशेषताको रूपमा गढेको पाईन्छ।

महिलाहरूलाई हेयको भावले हेर्ने र उनीहरूको क्षमतालाई बेवस्ता गर्ने सामाजिक प्रवृतिका कारण महिलाहरूको शैक्षिक विकासमा बाधा पुगेको छ भने उपलब्ध शैक्षिकस्तर एवं क्षमताको प्रयोगमा धेरै बाधा अवरोधहरू रहेका छन्। घरभित्र र बाहिर गर्नुपर्ने काम पुरुषको तुलनामा धेरै हुनुले पनि शिक्षाले प्रदान गर्ने अवसरहरूबाट महिलाहरू बञ्चित हुनपुगेका छन्। व्यवहारिकरूपमा शिक्षित महिलाहरूसमेत सामाजिक तथा आर्थिक क्षेत्रमा सशक्त भूमिका निर्वाह गर्न नसके पनि महिलाहरूको जीवन र धारणामा शिक्षाले सकारात्मक भूमिका खेलेको छ। अधिकांशको धारणा आत्मनिर्भर बन्नुनै शिक्षाको प्रमुख उदेश्य रहेका छन्। आत्मनिर्भर बन्नु भनेको नै उपलब्ध अवसरहरूको प्रयोगमार्फत जीवनमा गुणात्मक परिवर्तन सृजना गर्नु हो।

महिलाहरूको शैक्षिक अवस्थामा अवरोध पुर्याउने तत्वहरूमा घरको आर्थिक अवस्था, उमेर तथा विवाह, घरेलु कार्यबोझ, लैंगिक विभेद, पारिवारिक पृष्ठभूमि, जैविक समस्या, आदि हुन् । जसको आर्थिक अवस्था एवं पारिवारिक पृष्ठभूमि कमजोर छ उनीहरूको शैक्षिक अवस्थापनि कमजोर नै देखिन्छ । आर्थिक दुरास्थाको प्रभाव पुरुषको तुलनामा महिलाहरूमाथि बढी परेको पाइन्छ । छोरा र छोरीले पाउने शैक्षिक अवसर र सुविधामा समेत भेदभाव रहेका छन् । आविभावकनै महिला शिक्षाको प्रमुख निर्णयकर्ता भए पनि नातेदार तथा छिमेकीहरूले समेत छोरीको शैक्षिक मामिलामाथि खेल्नेगरेको पाइन्छ । अर्कोतिर, महिलाहरूले पनि आफ्नो विवाहपछि अध्ययन कार्यलाई निरन्तरता दिएको पाइदैनन् । उच्च शिक्षामा महिलाहरूको सहभागिता न्यून रहे तापनि अन्य तहमा उत्साहजनक छ । यसले विगतको तुलनामा शिक्षामा महिलाहरूको सहभागिता बढ्दै गएको संकेत भने गर्दछ ।

## सन्दर्भसूची


अर्याल, भोजेन्द्र (२०५९), *लैंगिक अध्ययन,* काठमाडौंः समाजशास्त्र प्रकाशन ।

आचार्य, बलराम (२०६४), *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

अधिकारी, हेमाङ्गराज, र हर्षनारायण धौभडेल (२०४६), 'विकासको निम्ति शिक्षा', काठमाण्डौं : शिक्षा विकास तथा अनुसनधान केन्द्र ।

अनौपचारिक शिक्षा केन्द्र (२०५९), *एक झलक,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

किर्तिपुर नगरपालिका (२०६६), *किर्तिपुर नगरपालिका काठमाण्डौंको नगर प्रोफाइल,* किर्तिपुरःकिर्तिपुर नगरपालिकाको कार्यालय ।

पोखरेल, ऋषिराम (२०६०), 'वैदिक संस्कृतिमा महिला शिक्षा', *महिला शिक्षा वार्षिक प्रकाशन,* वर्ष ४, अंक ४, भक्तपुर : शिक्षा विभाग ।

पौडेल, तुलसीराम (२०५८), *लैंगिक अध्ययनको रूपरेखा,* प्रदर्शनीमार्ग, काठमाडौं : निमा पुस्तक प्रकाशन ।

बराल, तारा (२०६०), 'शिक्षामा लैंगिक समानता कति सम्भव ?', *महिला शिक्षा वार्षिक प्रकाशन,* बर्ष ४, अंक ४, भक्तपुर : शिक्षा विभाग ।

भट्टराई, ज्ञानेश्वर (२०५२), *शिक्षा सेवा दिग्दर्शन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

मगर, राना मनी (२०६८). *मगर समुदायमा छात्राहरूको शैक्षिक अवस्था;* मातृभूमि उच्च मा.वि.,स्याङजा-११, अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्यापस पोखरा ।

गुरुङ, ममिला (२०६९). *छात्राहरूको शिक्षामा लैङ्गिकताले पारेको प्रभाव,* ***कोल्मा*** उच्च मा.वि.,स्याङजा, अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्यापस पोखरा ।

महिला विकास विभाग (२०५८), "महिला विकास शाखा", वार्षिक प्रगति विवरण पुस्तिका, काठमाडौं ।

राष्ट्रिय योजना आयोग (२०७०), *तेह्रौं योजनाको आधार पत्र (२०७०/७१-०७२/७३),* सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय महिला आयोग (२०६८), 'बार्षिक प्रतिवेदन २०६८', काठमाण्डौं : राष्ट्रिय महिला आयोग ।

शिक्षा मन्त्रालय (२०६०), 'आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमः कार्यान्वयन योजना', नेपाल सरकार, केशरमहल, काठमाण्डौं ।

सारु, खेम (२०७०), 'आफ्नो ग्रामिण परिवेशमा छात्राहरूको शैक्षिक अवस्था : जनशान्ति मा.वि.खालीवन ५ पाल्पामा आधारित समाजशास्त्रीय विश्लेषण' अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्यापस पोखरा ।

सुवेदी, गोपालकृष्ण (२०६७), 'तनहूँको किहूँको सिद्धार्थ मा.वि.मा अध्ययनरत मगर छात्राहरूको शैक्षिक अवस्था', अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्यापस पोखरा ।

क्षेत्री, नेत्र वहादुर (२०६९). *दलित समुदायमा**छात्राहरूको शैक्षिक अवस्था, मातृभूम** उच्च मा.वि.,स्याङ्जा,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्यापस पोखरा ।

Beijing Declaration (1995), *Beijing Declaration and Platform for Action*: Fourth world Conference on Women, September, 1995, Beijing

Bhadra, C.S. Thapa and M. Warms (1994). *Mainstreaming Gender Consideration and National Development planning. Kathmandu*: NPC/UNIFEM

Bhasin, Kamala (1993), *Understanding Gender*: Kali for Women, New Delhi

CBS (2011), Summary Report, National Population and Housing Census 2011, Government of Nepal, National Planning Commission Secretariat, CBS, Kathmandu

Luitel, Samira (1992), '*Women and Development'*, Published by B.P. Luitel, Kathmandu, Nepal

Ritzer, George (1996), *Modern Sociological Theory*, New Delhi, McGraw Hill Company New Delhi

Shrestha, Shanta Laxmi (1994), *Gender Sensitive planning what, why and who in Nepal*, Women Awareness Center, Kathmandu, Nepal

UNESCO (2000), *'Women's education & empowerment: Pathways towards Autonom'*, The international seminar ofUNESCO on 1995 at Hamburg, Germany.

UNFPA (2004), 'Women empowerment throught education', www.unfpa.org/gender/epowerment2.htm.

## अनुसूची-१
## महिलाहरूको शैक्षिक स्थिति नामक अध्ययनको लागि
## तयार गरिएको घरधुरी सर्वेक्षण प्रश्नावली, २०७०

**(खण्ड- क)**

**महिला उत्तरदाताहरूको व्यक्तिगत एवं पारिवारिक विवरणः**

अन्तरवार्ता मिति :

घरधुरी सि.नं : टोल : वडा :

१. उत्तरदाताको नाम/थर :

जात/जातीयता : उमेर :

प्रमुख व्यवसाय/पेसा : धर्म :

साक्षरता : शैक्षिक तह :

परिवारको प्रकार :

२. उत्तरदाताको पारिवारिक पृष्ठभूमि :

| क.स | परिवारका सदस्यहरूको नाम | उमेर | लिङ्ग | पेसा | वैवाहिक स्थिति | शिक्षा | सम्बन्ध |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| | | | | | | | |

३. उत्तरदाताको घरको किसिम?

क) कच्ची　　ख) पक्की　　ग) अर्ध पक्की

४. जग्गा जमीनको स्थिति?

क) खेत .........(रोपनी)　　ख) बारी ..........(रोपनी)

५. आम्दानीको मुख्य स्रोत :

क) कृषि　　ख) नोकरी　　ग) व्यापार

घ) बैदेशिक रोजगार　　ङ) अन्य............

६. के तपाइको घरमा निम्न भौतिक बस्तुहरूको उपलब्धता छ ?

क) टि.भी.　　ख) मोवाइल/टेलिफोन

ग) कमप्युटर　　घ) रेडियो

ङ) यातायातको साधन　　च) शौचालय

७. तपाइको घरले पिउने पानीको स्रोत कुन हो ?

क) नीजि धारा　　ख) सार्वजनिक धारा

ग) खोलाको पानी　　घ) कुवा/इनार

ङ) अन्य ...

८. के तपाई आफ्नो गाउँ वा टोलमा भएका तलका कुनै पनि सामुदायिक संघसंस्था एवं उपभोक्ता समितिहरूसँग आवद्ध हुनुभएको छ ?

क) खानेपानी　　ख) सामुदायिक वन

ग) बचत तथा ऋण समूह　　घ) आमा समूह (समाज सेवा)

ङ) विद्यालय व्यवस्थापन समिति　　च) धार्मिक समूह

छ) राजनैतिक दल　　ज) अन्य ..................

**(खण्ड-ख)**

**महिलाहरूको शैक्षिक स्थितिसम्बन्धी प्रश्नावली**

१. के तपाईका घर नजीक कुनै शैक्षिक संस्थाहरू रहेका छन् ?

क) छ　　ख) छैन

२. यदि छ भने ति शैक्षिक संस्थाहरूको सूची बनाइदिनोस न ?

..................................

३. के तपाईको परिवारका छोराछोरी पनि त्यस शैक्षिक संस्थामा शिक्षा लिन जान्छन् ?

क) जान्छन्　　　　　ख) जादैनन्

४. के तपाई आफलू पनि त्यहाँ कहिल्यै पढ्न जानु भयो ?

क) गए　　　　　ख) गइएन

५. यदि तपाई साक्षर हुनुहुन्छ भने कुन किसिमको शैक्षिक सहभागिताबाट साक्षर हुनुभयो ?

क) औपचारिक　　　　　ख) अनौपचारिक

६. तपाईको आफ्नो विचारमा महिलालाई शिक्षा किन भन्ने कुरामा के कसरी बुझ्दै आउनु भएको छ ?

क) आत्म निर्भर बन्न　　　　　ख) ज्ञान आर्जन गर्न

ग) परिवार शिक्षित बनाउन　घ) पैसा कमाउन

ङ) अन्य.......

७. तपाईको विचारमा पुरुष र महिलालाई शैक्षिक अवसर र सुविधा प्रदान गर्दा के कसरी गर्नु पर्दछ ?

क) अवसरः १) समान　　　　२) पुरुषलाई बढी　　३)　　महिलालाई बढी

ख) सुविधाः १) पुरुषलाई बढि　　२) महिलालाई बढि　　३) बराबर

८. शिक्षामा तपाईको घरपरिवार वा समाजमा महिला र पुरषबीच के भेदभाव पनि हुनेगरेको छ ? यदि छ भने के कसरी हुने गर्दछ ?

..............................................................................

९. तपाईको विचारमा महिलाले विवाह पछाडि पनि शिक्षालाई निरन्तरता दिन उपयुक्त हुन्छ वा हुदैन ?

क) हुन्छ　　　　　ख) हुदैन

१०. यदि हुन्छ भने किन?

...........................................................................

११. यदि हुदैन भने किन ?

...........................................................................

१२. तपाईको विचारमा महिलाहरू पनि शिक्षित हुन आवश्यक छ वा छैन ?

क) छ ख) छैन

१३. यदि छ भने किन ? र छैन भने किन ?

.....................................................................

१४. महिलालाई शिक्षित बनाउने कार्यमा वा शैक्षिक अवसर दिने कुरामा कसको भूमिका बढी हुन्छ ?

क) अविभावक ख) नातेदार

ग) छिमेकी घ) परिवारका अन्य सदस्य

ङ) अन्य............

१५. तपाईको विचारमा महिला शिक्षाका मुख्य बाधक तत्वहरू कुन कुन हुन् ? (बहुउत्तर)

क) घरको आर्थिक अवस्था ख) उमेर तथा विवाह

ग) घरेलु कार्यबोझ घ) महिलाप्रति समाजको दृष्टिकोण

ङ) पारिवारिक पृष्ठभूमि च) अन्य .........

१६. महिला शिक्षाको सम्बन्धमा तपाईको अरु केहि भन्नु छ कि ?

..................................................

## अनुसूची-२

## <u>अवलोकनको लागि तयार पारिएको चेकलिष्ट</u>

- वडा/टोल/बस्तीहरूको भौगोलिक स्थिति ? र घरहरूको स्थिति ?

  ...........................................

- महिलाहरूको लवाई, खानपान, भाषा ?

  .......................................................

- महिलाहरूले गर्ने दैनिक कामहरू, व्यवापार व्यवसाय ?

  .........................................

- सरदार काम गर्ने समय ?

  .......................................

- विहान उठ्ने समय र उठेदेखि बेलुकी सुत्ने समयसम्म गर्ने कामहरू ?

  .......................................

- कामहरू परिवारका सदस्यहरूको सहयोगको अवस्था ?

  ..................................

- बालबालिका, किसोरी, युवा तथा प्रौढ अवस्थाका महिलाहरूले गरेका घरेलु कामहरू ?

  ...................................

- कुनै चाडपर्व, मेला, उपभोक्ता संघसस्था, आदिमा महिलाहरूको सहभागिताको स्थिति ?

  .........................................

- सथानीयस्तरमा रहेका शैक्षिक संस्थाहरूको संख्या, स्तर, क्षमता, केटीहरूको सहभागिता

  ..............................................

- स्थानीय विद्यालय, राजनीतक छलफल, रोजगार केन्द्र, संघसंस्था आदिमा महिलाहरूमा उपस्थिति ?

## अनुसूची-३

## जानकार व्यक्तिको लागि तयार पारिएको चेकलिष्ट प्रश्नावलीहरू

जानकार व्यक्तिको नाम र थर :

पेशाः ठेगानाः

- यस वार्डमा मुख्यगरी कुन कुन जातजातिका बसोबास रहेको छ ?
- उनीहरूको धर्म, सामाजिक संस्कार एवं गतिविधि के कस्तो रहेका छन् । महिला घरपरिवारको आम्दानीको मुख्य स्रोतहरू के के रहेका छन् ?
- खासगरी महिलाहरूले उनीहरूको घरपरिवारमा के कस्ता कार्यहरू गर्ने गरेको देख्नुभएको छ ? उनीहरूले के कति समय काममा बिताउछन् ?
- के उनीहरूको कार्यमा अन्य घरपरिवारका सदस्यहरू खासगरी पुरुषको पनि सहयोग मिल्ने गरेको छ ? यदि छ भने उनीहरूले के कस्तो प्रकारका सहयोग गर्ने गरेको छ ?
- यस क्षेत्रका महिलाहरूको समग्र शैक्षिक स्थितिको मुल्यांकन गरिदिनु हुन्छ की ?
- तपाईको विचारमा के महिलाहरूको शैक्षिक उन्नतिमा आइपर्ने बाधक तत्वहरू के के हुन् ?
- के यस क्षेत्रमा महिलाहरूको लागि छुटै कुनै शैक्षिक संस्थाहरूको विकास भएको छ ? छ भने के कस्ता छन् र छैनन् भने किन विकास नगरेको होला ?
- तपाईहरूको गाउँ छिमेकमा महिलालाई सामाजिक रूपमा शिक्षित बनाउन कुनै पहल भएको छ ? यदि छ भने कसबाट र कसरी गर्ने गरेको छ ?
- तपाईको विचारमा महिलाहरू शिक्षित भएमा के कस्ता परिवर्तनहरू आउन सक्छन् ?

धन्यवाद


जाखा: बचत तथा ऋण सहकारी संस्था लि.
स्थापना : २०६६
की.न.पा. १२, पाँगा जाखा:


जाखा क्लब
JAKHA
2067
JAKHA CLUB